सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ फागुन २०७९, बुधबार (8 March 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३१८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

५५ महिनामा ११ सय महिलाको हत्या

हत्या गरिएकामध्ये १३४ बालिका, प्रहरी तथ्यांक भन्छ- महिलाविरुद्ध अपराधका घटना दैनिक ५० भन्दा धेरै



टेकराज थामी/नयाँ पत्रिका

बर्दियाको ठाकुरबाबा नगरपालिका- १ भुरीगाउँकी २४ वर्षीया सन्चुरिया थारू गत १६ फागुनको साँझ पेट दुखेको औषधि लिन निस्किएकी थिइन्। राति अबेरसम्म घर नफर्किएपछि खोजी गर्ने क्रममा उनको मृत शरीर नजिकैको कञ्चनपुर-नेउला सडक किनारमा भेटियो। हत्या भएको आशंकामा प्रहरीले घटनाको प्रारम्भिक अनुसन्धानपछि ठाकुरबाबा- ४ मैनावारका ४५ वर्षीय जन्जिरे थारूलाई पक्राउ गरेको छ। तर, हत्याको कारण भने अझै खुल्न सकेको छैन।


जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रमुख एसपी सुधीरराज शाहीले अनुसन्धान भइरहेको र कारण खुलिनसकेको बताए। 'घटनाको दिन जन्जिरेले मृतकलाई डेरामा बोलाएको देखिन्छ। यही क्रममा उनको मृत्यु भएको छ। शव व्यवस्थापन जन्जिरेले नै गरेका छन्, तर हत्या गरेको स्विकारेका छैनन्। प्रहरी अनुसन्धानमै छ। केही दिनमै घटनाको तथ्य बाहिर आउला,' उनले भने।

गत १८ मंसिरमा काठमाडौं बुद्धनगरकी २७ वर्षीया पुष्पा न्यौपानेले धुम्बाराहीस्थित सुधन संग्रौलाको घरअगाडि शरीरमा पेट्रोल छर्केर आगो लगाइन्। घाइते उनलाई उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पताल लगिए पनि चिकित्सकले बचाउन सकेनन्। मानसिक रूपमा विक्षिप्त उनलाई प्रेमी सुधनले पटक-पटक मानसिक यातना दिएका थिए। उनले पुष्पासँगको वैवाहिक 'इन्गेजमेन्ट' पनि एकाएक टुटाए। पुष्पा झन् तनावमा आइन्। हारगुहार गर्दै उनी धुम्बाराहीस्थित सुधनको घर पुगिन्। तर, सुधनले थप मानसिक यातना दिए। तनावमा आएकी उनले अन्ततः उनकै घरअगाडि शरीरमा पेट्रोल खन्याएर आगो लगाइन्।

गत ७ असोजमा महोत्तरी मटिहानी नगरपालिका- १ सानो धिरापुरकी ४० वर्षीया अमना खातुन काम सकेर घर फर्कंदै थिइन्। भिडभाड नभएको ठाउँमा पुगेपछि गाउँकै २४ वर्षीय मोजाहिर अन्सारीले बाटो छेके र यौन सम्पर्कको प्रस्ताव गरे। खातुनले अस्वीकार गरिन्। तर, अन्सारीले उनलाई जबर्जस्ती समातेर घिसार्दै

» पृष्ठ ११ मा क्रमशः

■ कुन प्रदेशमा कति महिला मारिए ?





एसएसपी दीपेन्द्र जिसी, केन्द्रीय सहप्रवक्ता, नेपाल प्रहरी

महिला मारिनुका पछाडि यौनसँगै अन्य कारण पनि देखिन्छ। जस्तो समाजमा बेरोजगारी बढ्दो छ। सामाजिक सञ्जालको अन्धाधुन्द प्रयोग बढेका छन्। मादक पदार्थ सेवन उत्तिकै छन्। दाइजो तथा सम्पत्ति प्राप्तिका कारण पारिवारिक कलह बढेका छन्। जसले मानिसमा तनाव पैदा गराइदिएको छ। महिला मारिनुमा यी पनि कारण रहेको देखिन्छ।

■ ६७ महिनामा महिलाविरुद्धका एक लाख अपराधका घटना

पछिल्लो ६७ महिनामा देशभर महिलाविरुद्धका एक लाख एक हजार ६ सय ९२ अपराधका घटना भएका छन्। नेपाल प्रहरीको तथ्यांकअनुसार सबैभन्दा धेरै ७८ हजार पाँच सय ८८ घटना घरेलु हिंसाका छन्, जुन महिलाविरुद्ध हुने कुल अपराधको ७७.२८ प्रतिशत हो। यस अवधिमा बलात्कारका १२ हजार ६० घटना भएका छन्। त्यस्तै, बहुविवाहका चार हजार तीन सय ८२ घटना भएका छन्। महिलाविरुद्ध हुने कुल अपराधमा बलात्कारका घटना ११.८५ प्रतिशत र बहुविवाहका घटना ४.३० प्रतिशत हो। बाँकी ७.१३ प्रतिशत बोक्सी, जातीय छुवाछुत, गर्भपतन, अपहरण, मानव बेचविखन, अप्राकृतिक मैथुनलगायत अपराधका घटना भएका छन्।

महिलाविरुद्धका अपराध सबैभन्दा धेरै मधेस प्रदेशमा भएका छन्। प्रहरीको तथ्यांकअनुसार पछिल्लो ६७ महिनामा मधेसमा २५ हजार दुई सय ३४ अपराधका घटना भएका छन्। यो महिलाविरुद्ध हुने कुल अपराधको २४.८१ प्रतिशत हो। यस अवधिमा काठमाडौं उपत्यकामा १७ हजार सात सय ९६, लुम्बिनीमा १६ हजार दुई सय ५९, बागमतीमा १० हजार तीन सय ९४, कोसीमा १० हजार ८८, गण्डकीमा आठ हजार पाँच सय ८५, सुदूरपश्चिममा सात हजार एक सय २९ र कर्णालीमा ६ हजार दुई सय सात महिलाविरुद्धका अपराधका घटना भएका छन्।

महिला हिंसा वा हत्याका घटना समाजको दृष्टिकोणसँग जोडिन्छन्

● **डा. नीति अर्याल खनाल**, समाजशास्त्री



महिला हिंसाका हुन् या हत्याका घटना। ती कहीं न कहीं समाजले महिलालाई हेर्ने दृष्टिकोणसँग गएर जोडिन्छ। महिलालाई हाम्रो समाजले अझै पनि पूर्ण मानवको दर्जा दिएको छैन। परिवारभित्रै छोरा र छोरीमा विभेद छ। खानपान, लालनपालनदेखि विद्यालयको शिक्षासम्ममा विभेद छ। अभिभावकको माया पाउन पनि छोरा नै हुनुपर्ने चेत हाम्रो समाजको छ। आमाले समेत जिउँदो छोरीलाई भन्दा मरेको छोरालाई धेरै माया गर्छिन्। गर्भबाट सुरु भएको विभेद नमरुन्जेलसम्म कायम रहन्छ।

भारतमा गर्भपतनसम्बन्धी एउटा अनुसन्धान भएको थियो। जसमा गर्भपतनबाट मारिएका ९९ प्रतिशत शिशु स्त्री लिंगका थिए। त्यस्तै अनुसन्धान नेपालमा त भएको छैन, तर त्योभन्दा फरक छैन यहाँको स्थिति पनि। महिलाको हत्या यस्तै विषयसँग जोडिएर आउँछ। अधिकांश महिलाको हत्या उनीहरूको नजिककै व्यक्तिबाट भएको देखिन्छ। जस्तो पाकिस्तानमा महिलालाई त्यहाँको समाजले एउटा दायरा निर्धारण गरिदिएको छ। जो त्यो दायराभन्दा बाहिर जान खोज्छ, त्यसलाई मार्नेसम्मको अधिकार त्यहाँको सामाजिक संरचनाले दिएको छ। त्यहाँ यौनजन्य हिंसामा परेका महिलालाई आफ्नै परिवारका व्यक्तिले मार्ने गरेका उदाहरण पनि छन्।

नेपाली समाजलाई यस्ता कोणबाट हेर्न जरुरी छ। अनुसन्धान हुन आवश्यक छ। त्यसो भए मात्रै महिलाको हत्या र हिंसा किन भइरहेका छन् भन्ने विषय पत्ता लाग्छ। संसारभरकै तथ्यांकले के देखाउँछ भने महिलाहरू चिनजानकै व्यक्तिबाट अपराधमा परेका हुन्छन्। विशेषगरी हत्याको घटनालाई हेर्दा कतिपय मनसाय राखेर भएको देखिन्छ भने कतिपय हिंसालाई दबाउन खोज्दा हत्या भएको देखिन्छ। यस्ता विषयमा वर्ग, जात, समुदाय, लिंगजस्ता विषय जोडिएर आउँछन्। समग्रमा भन्नुपर्दा यस्ता घटना समाजले महिलालाई हेर्ने दृष्टिकोणकै वरिपरि घुमेको देखिन्छ।

■ चिकित्सा शिक्षाका १४ कार्यक्रम

७,६५९ सिटका लागि ३७ हजारले परीक्षा दिँदै, २४५ विदेशी विद्यार्थी

चिकित्सा शिक्षा आयोगका सदस्यसचिव डा. भोजराज शर्मा काफ्लेका अनुसार चिकित्सा शिक्षाका स्नातक तहमा १४ कार्यक्रममध्ये सबैभन्दा बढी १३ हजार ६ सय ८१ जनाले एमबिबिएस अध्ययनका लागि प्रवेश परीक्षा फारम भरेका छन्। आयोगले एमबिबिएसमा १८ सय ९५ सिट निर्धारण गरेको छ।

त्यसैगरी बिएस्सी नर्सिङमा १३ सय ५० सिटमा ६ हजार २७७, बिडिएसमा ५६० सिटका लागि पाँच हजार ३१ जना प्रवेश परीक्षामा सहभागी हुँदै छन्। बिएनएसमा १३ सय १० सिट निर्धारण भएका छन्। आयोगले सबैभन्दा कम बी पर्फुजियन टेक्नोलोजीमा पाँच र बिएएसएलपीमा ६ सिट निर्धारण गरेको छ।

(विस्तृत पृष्ठ ११)

■ उपत्यकामा छाडा कुकुरको आतंक

रेबिजविरुद्धको खोप लगाउन दैनिक २५० जना पुग्छन् अस्पताल



रेबिजका कारण वार्षिक सयको मृत्यु

(विस्तृत पृष्ठ २)

'शान्तिसम्झौता अनुसार द्वन्द्वकालीन घटनाको निरुपण'

द्वन्द्वकालीन मुद्दा राज्यकै विषय भएकाले समस्या समाधानमा सबै पक्षको भूमिका सकारात्मक हुने सत्तारूढ दलहरूको विश्वास

(विस्तृत पृष्ठ ३)

निजी क्षेत्रकै ठूलो सोलुखोला दूधकोसी जलविद्युत् आयोजना सञ्चालनमा



८६ मेगावाटको सोलुखोला दूधकोसी जलविद्युत् आयोजनाबाट व्यावसायिक उत्पादन सुरु भएको छ। ११ अर्ब ८६ करोड लगानीमा निर्मित आयोजना प्रवर्द्धक कम्पनी साहस ऊर्जाले १७ फागुनबाट व्यावसायिक उत्पादन सुरु गरेको थियो। मंगलबार प्रधानमन्त्री प्रचण्डले एक समारोहबीच आयोजना उद्घाटन गरेका छन्।

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उपराष्ट्रपति महिला कि पुरुष ?

दल र आयोगको आ-आफ्नै तर्क



■ संविधानविद् पनि विभाजित

कमलराज भट्ट/नयाँ पत्रिका

'राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ,' संविधानले भनेको छ। यसमा दलहरू र आयोगका आ-आफ्ना बुझाइ छन्। संविधानविद्हरूको मत पनि बाझिएको छ।

राष्ट्रपतिमा पुरुषलाई ल्याउने गरी उम्मेदवारी दिएका दलहरूले 'वा फरक समुदाय'मा टेकेर उपराष्ट्रपतिमा पनि पुरुष नै उम्मेदवार बनाउने तयारी गरेका छन्। निर्वाचन आयोगले फरक लिंग र समुदायको हुनुपर्ने तर्क अघि सारेको छ। राष्ट्रपतिमा पुरुष लिंग निश्चित भएकाले उपराष्ट्रपतिको उम्मेदवार योग्यतामा राष्ट्रपतिभन्दा फरक लिंगका साथै समुदाय पनि फरक हुनुपर्ने मापदण्ड आयोगले बनाएको छ।

सभामुख-उपसभामुख तथा राष्ट्रिय सभा अध्यक्ष-उपाध्यक्ष, नगर-गाउँपालिका प्रमुख-उपप्रमुखजस्ता पदमा महिला र पुरुष समान सहभागिताको बाध्यात्मक सुनिश्चितता गरेको संविधान शीर्ष पद राष्ट्रपति-उपराष्ट्रपतिमा स्पष्ट छैन। तर, निर्वाचन आयोगले यसमा चासो राखेर संविधान निर्माणपछि देशमा तेह्रोपटक हुन लागेको राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा लैंगिक समान सहभागिताको विषयलाई सतहमा ल्याएको छ।

संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक लिंग वा समुदायको हुने उल्लेख छ। 'राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ,' संविधानले भनेको छ। यसमा दलहरू र आयोगका आ-आफ्ना बुझाइ छन्। संविधानविद्हरूको मत पनि बाझिएको छ।

राष्ट्रपतिमा पुरुषलाई ल्याउने गरी उम्मेदवारी दिएका

» पृष्ठ ११ मा क्रमशः

नौ पूर्वसांसदले फिर्ता गरेनन् ल्यापटप

ऐनमा कार्यकाल सकिएको सात दिनभित्रै सम्पूर्ण सुविधा फिर्ता गर्नुपर्ने व्यवस्था भए पनि नौ सांसदले एक लाख मूल्य पर्ने ल्यापटप चार महिनासम्म फिर्ता गरेका छैनन्

नयाँ पत्रिका




● प्रतिनिधिसभाले नयाँ नियमावलीमार्फत समिति गठन गर्ने तर्खर गरिरहँदा संसद् सचिवालयले नयाँ सभापति तथा सदस्यहरूलाई ल्यापटप उपलब्ध गराउनुपर्ने छ। त्यसैले पूर्वसांसदबाट फिर्ता ल्याउन सचिवालयले पटकपटक ताकेता गरिरहेको छ। तर, सबै सांसदले फिर्ता नगर्दा व्यवस्थापनमा सकस हुने पदाधिकारीहरूको भनाइ छ।

प्रतिनिधिसभाका नौ पूर्वसदस्यले कार्यकाल सकिएको चार महिना बित्दा पनि संसद् सचिवालयले उपलब्ध गराएको ल्यापटप फिर्ता गरेका छैनन्। समितिको कामकारबाहीलाई छिटोछरितो तथा प्रविधिमैत्री बनाउन संसद् सचिवालयले दातृ निकायको सहयोगमा समिति सभापति र सदस्यहरूलाई एक लाखभन्दा बढी मूल्य पर्ने ल्यापटप खरिद गरेर उपलब्ध गराएको थियो। सचिवालयका अनुसार ल्यापटप खरिदमा विश्व बैंकको मल्टी डोनर ट्रस्ट फन्ड परियोजनाले सहयोग गरेको थियो।

संसद्का पदाधिकारीको सुविधासम्बन्धी ऐनअनुसार कार्यकाल सकिएको सात दिनभित्र सम्पूर्ण सुविधा फिर्ता गरिसक्नुपर्छ। तर, कार्यकाल सकिएको चार महिना बित्दा पनि पूर्वसांसदले दाताको सहयोगमा उपलब्ध गराइएको ल्यापटप अझै प्रयोग गरिरहेका हुन्।

सचिवालयका अनुसार ल्यापटप फिर्ता नगर्नेमा सार्वजनिक लेखा समितिका पूर्वसभापति भरतकुमार शाह, राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका पूर्वसभापति नीरादेवी जैरू छन्। त्यस्तै, लेखा समितिका पूर्वसदस्यहरू धर्मशिला चापागाईं, पार्वती विशुखे, पार्वती डिसी चौधरी, चन्दा चौधरी, गंगाबहादुर तामाङ, मीना सुब्बा, मोहम्मद इस्तियाक राईले पनि ल्यापटप फिर्ता नगरेको संसद् सचिवालयले

» पृष्ठ ११ मा क्रमशः



उपत्यकामा छाडा कुकुरको आतंक

रेबिजविरुद्धको खोप लगाउन दैनिक २५० जना पुग्छन् अस्पताल

● शिवहरि घिमिरे/नयाँ पत्रिका


सवारीसाधनको भिडभाड र साँघुरा सडकका कारण काठमाडौं उपत्यकाका सडक सर्वसाधारणका लागि यसै पनि जोखिमपूर्ण छन्। फुटपाथविहीन सडकका कारण कतिवेला सवारीसाधनले ठक्कर दिने हो भन्ने पिर गन्तव्य नपुगुन्जेल रहिरहन्छ। यसैमाथि सडक र फुटपाथमा लमतन्न परेर बसेका छाडा कुकुरको त्रास जतासुकै छ। यस्ता कुकुरको टोकाइबाट दैनिक दुई सय ५० भन्दा बढी सर्वसाधारण अस्पताल पुग्ने गरेको तथ्यांक छ।

काठमाडौं उपत्यकामा यस्ता छाडा कुकुरको संख्या २२ हजारभन्दा बढी रहेको महानगरको तथ्यांक छ। सहरी क्षेत्र नै कुरूप बनाइरहेका यस्ता कुकुर व्यवस्थापन गर्न सम्बन्धित निकाय भने चुकिरहेको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को तथ्यांकअनुसार विश्वमा वार्षिक ६० हजार मानिसको मृत्यु रेबिज रोगबाट हुने गरेको छ। नेपालमा पनि वार्षिक करिब एक सयजनाले ज्यान गुमाउने गरेको तथ्यांक छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालकी निर्देशक डा. मनीषा रावलका अनुसार सरकारले यस्ता कुकुर व्यवस्थापन गर्न चलाएको बन्ध्याकरण अभियान अपुग छ। नागरिकस्तरमा कुकुरले टोकेपछि खोप लगाउनुपर्छ भन्ने चेतनासमेत नहुँदा रेबिजबाट मृत्यु हुने बर्सेनि बढिरहेका छन्। विश्व स्वास्थ्य संगठनको गाइडलाइनअनुसार कुकुरले टोकेपछि सामान्यतया दुई प्रकारका भ्याक्सिन लगाइन्छ। एउटा एआरबी (एन्टी रेबिज भ्याक्सिन) र अर्को आरआइजी (रेबिज इम्युनो ग्लोब्युलिन)।

'कुकुरले टोकेपछि रेबिजविरुद्धको भ्याक्सिन लगाउने, कुकुर व्यवस्थापन गर्ने र जनचेतना प्रवाह गर्नेबारे सरकारी नीति र काम-कारबाही कमजोर छ। तीन तहका सरकारबीच रेबिज रोकथाममा समन्वय नै छैन, एक्लै-एक्लै काम गरेर रेबिज उन्मूलन हुँदैन,' उनले भनिन्। उनका अनुसार मर्निङ र इभिनिङ वाकमा जाँदा धेरैलाई कुकुरले टोक्ने गरेको छ। कुकुरले टोकेपछि तीनपटकसम्म रेबिजविरुद्धको भ्याक्सिन लगाउनुपर्छ। सरकारले रेबिजविरुद्धको भ्याक्सिन ०७४ देखि निःशुल्क लगाउन थालेको हो। हाल टेकु अस्पतालमा २४सै घन्टा यो भ्याक्सिन लगाउन सकिन्छ। यसबाहेक प्रादेशिक अस्पताल, निजी अस्पतालहरू र केही स्थानीय स्वास्थ्य संस्थाहरूले पनि भ्याक्सिन उपलब्ध गराउँदै आएका छन्। भ्याक्सिन लगाएको ९-१० दिनमा मात्रै शरीरले एन्टिबडी बनाउँछ।

छाडा कुकुर नियन्त्रणमा काठमाडौं महानगरले तीन वर्षअघि 'मनुमित्र' कार्यक्रम तय गरेको थियो। तत्कालीन मेयर विद्यासुन्दर शाक्यले सडकमा छाडिएका कुकुर व्यवस्थापन तथा अन्य बेवारिसे पशुचौपाया व्यवस्थापनका लागि पशुसेवा महाशाखा स्थापना गरेका थिए। तर, उक्त शाखाले केही कुकुरको बन्ध्याकरण गर्नेबाहेक अरू काम गर्न सकेन। शाखाले १७ हजार दुई सय कुकुरको बन्ध्याकरण गरेको तथ्यांक छ। महानगरले ०४८ देखि नै सहरी छाडा कुकुर व्यवस्थापन गर्दै आइरहेको थियो। ०५६ सालमा पशुरोग विशेषज्ञसहितको टोली राखेको थियो। त्यस्तै, ०७२ सालमा पनि निजी संस्थाको समन्वयमा कुकुर व्यवस्थापन गरेको थियो। ०७६ सालसम्म सहरी कुकुरको केही व्यवस्थापन भए पनि त्यसयता भने महानगर कुकुर व्यवस्थापनमा चुकेको छ।



■ कुकुर व्यवस्थापनमा सात वर्षमा १५ करोड ४५ लाख खर्च

काठमाडौं महानगरले सहरी छाडा कुकुर व्यवस्थापनमा सात वर्षमा १५ करोड ४५ लाख रुपैयाँ खर्च गरेको छ। यसमध्ये तीन करोड ४५ लाख महानगरको हो भने १२ करोड अनुदानमा आएको थियो। खुराकी खर्च, कर्मचारी व्यवस्थापन खर्च, एन्टिरेबिज भ्याक्सिन, बन्ध्याकरण भ्याक्सिन, कुकुर गणना, खोर व्यवस्थापनलगायतमा उक्त रकम खर्च भएको महानगरले जनाएको छ।

महानगरले सहरी छाडा कुकुर व्यवस्थापनका लागि ०७२ देखि ०७६ सालसम्म 'द जेन गुडल इन्स्टिच्युट अफ नेपाल' भन्ने गैरसरकारी संस्थासँग सहकार्य गरेको थियो। ०७६ देखि उक्त संस्थाले महानगरलाई कुकुर व्यवस्थापनमा दिँदै आएको अनुदान कटौती गरेको थियो। त्यसयता महानगरले आफ्नै खर्चमा कुकुर व्यवस्थापन गर्दै आएको महानगरका पशुसेवा महाशाखाका प्रमुख डा. अवदेश भाले बताए। उनका अनुसार कुकुर तथा सहरी पशु चौपाया व्यवस्थापनका लागि महानगरले तीन वर्षअघि छुट्टै शाखा खोलेको थियो। हाल यो शाखामा १३ जना करार कर्मचारी छन्। यसबाहेक कुकुर व्यवस्थापनका लागि महानगर पशु कल्याण कोष, 'मनुमित्र'लगायत संस्थासँग सहकार्य गरेको महाशाखा प्रमुख भाको भनाइ छ। 'अहिले काठमाडौंमा करिब २२ हजार छाडा कुकुर छन्, महानगरले यिनलाई हेरचाह गर्ने हो भने एउटा कुकुरलाई दिनको सय रुपैयाँ खर्च लाग्छ,' उनले भने, '२२ हजार कुकुर पाल्दा दैनिक २२ लाख खर्च हुन्छ, त्यसैले यो भार महानगरले लिन सक्दैन।'

उनले भएभरका कुकुर व्यवस्थापनका लागि कर्मचारी र खानेकुरा व्यवस्थापनमा ठूलो लगानी गर्नुपर्ने भएकाले महानगरले छुट्टै योजनामा काम गरेको बताए। महानगरले सबै कुकुरको गणना र बन्ध्याकरण गर्ने उनले बताए। १६ हजार कुकुर बन्ध्याकरण भएका छन्। अब ६ हजार कुकुरलाई मात्रै बन्ध्याकरणको भ्याक्सिन दिइने महानगरले जनाएको छ। यसो गर्दा कुकुरले नयाँ बच्चा जन्माउन नसक्ने र कुकुरको संख्या आफैं घट्ने महाशाखा प्रमुख भाले बताए। उनका अनुसार यसो गर्दा १० वर्षपछि कुकुर निकै कम हुने आकलन गरिएको छ।

■ रेबिजविरुद्धको खोप लगाउन पनि भिडभाड

तथ्यांकअनुसार काठमाडौं उपत्यकामा दैनिक दुई सय ५० जना कुकुरले टोकेर टेकु अस्पतालमा खोप लगाउन पुग्छन्। यसबाहेक देशभरका स्वास्थ्य संस्थामा रेबिजविरुद्धको सुई लगाउन पुग्ने र रेबिजबाट वार्षिक मृत्यु हुनेको तथ्यांक इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँग छैन। तर, छाडा कुकुरको टोकाइबाट रेबिज भई मृत्यु हुनेको संख्या भने बढिरहेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललले जनाएको छ। रेबिज संक्रमित कुकुरले टोकेपछि तत्काल रेबिज एआरबी र रेबिज इम्युनो ग्लोब्युलिन लगाउनुपर्छ। अस्पतालका अनुसार पछिल्लो एक वर्षमा रेबिजविरुद्धको भ्याक्सिन लगाउनेको संख्या एक लाख एक हजार छ।

■ कुकुर व्यवस्थापन गर्न खोज्दा मुद्दा पऱ्यो : वडाध्यक्ष

नौ महिनाअघि काठमाडौं महानगरपालिका-३० का वडाध्यक्ष दलबहादुर कार्कीलाई रातोपुलस्थित सडकमा छाडा कुकुरले टोक्यो। उनी शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा एन्टिरेबिज सुई लगाउन पुगे। त्यहाँ उनले तीन वर्षको बच्चादेखि ७० वर्षसम्मका वृद्धवृद्धा सुई लगाउन आएको देखे। महानगरमा भुस्याहा कुकुरको बिगबिगी कति रहेछ भन्ने उनले बल्ल थाहा पाए।

गत १ साउनमा बसेको काठमाडौं महानगरपालिकाको कार्यपालिका बैठकमा उनले यो विषय उठाए। छाडा कुकुरले आतंक मच्चाएको र यसको व्यवस्थापन गर्नुपर्ने विषयलाई महानगरले प्राथमिकतामा राख्नुपर्ने उनले माग गरे। तर, त्यही विषयलाई लिएर केही दिनपछि पशु कल्याण कोषले उनीविरुद्ध अदालतमा मुद्दा हाल्यो। 'मेरो वडामा दैनिक तीनदेखि चारजनालाई कुकुरले टोक्छ, कुकुर व्यवस्थापन गर्न भनेर सबैले माग गर्छन्,' उनले भने, 'तर, कुकुर व्यवस्थापनको विषयलाई उठाउँदा मविरुद्ध मुद्दा हालियो।'

■ वार्षिक सयजनाको मृत्यु

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार ०७५/७६ मा १८ र आव ०७४/७५ मा ३२ जनाको रेबिजबाट ज्यान गएको छ। ०७६/७७ मा भने मृत्यु भएको संख्या यकिन छैन। त्यस्तै, ०७७/७८ मा ६० जनाभन्दा बढीको ज्यान गएको छ। ०७८/७९ को माघसम्ममा १८ जनाको रेबिज संक्रमणबाट मृत्यु भएको छ। तर, अस्पतालको पहुँचमा नआउने र रेबिज लागेर मृत्यु हुनेको संख्या धेरै हुन सक्ने टेकु अस्पतालकी निर्देशक मनीषा रावलको भनाइ छ। उनका अनुसार अस्पतालमा आउने र नआउनेसहितको तथ्यांक हेर्दा वार्षिक सरदर एक सयजनाले रेबिजबाट ज्याज गुमाउँछन्।

■ सडक दुर्घटनाको जोखिम उच्च

सहरी सामुदायिक कुकुर व्यवस्थापन नगर्दा यसले निम्त्याएको अर्को समस्या हो, सडक दुर्घटना। देशका मुख्य राजमार्ग तथा भित्री सडकमा कुकुरले अवरोध गर्दा दैनिक ५० भन्दा बढी दुर्घटना हुने गरेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ। दुर्घटनाबाट मासिक सरदर चारजनाको मृत्युसमेत हुने गरेको छ। प्रहरी प्रधान कार्यालयले यसलाई छुट्टै तथ्यांकका रूपमा अद्यावधिक भने गरेको छैन। उपत्यकामा मात्रै महिनामा २० वटा सडक दुर्घटना हुने गरेको उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ। कार्यालयका सूचना अधिकारी एसएसपी राजेन्द्रप्रसाद भट्टले कुकुरका कारण सहरी क्षेत्रमा दुर्घटना बढेको जानकारी दिए। 'कुकुरले सवारीसाधनलाई बाटो छेक्ने, लखेट्ने तथा टोक्ने मात्रै होइन, कुकुरलाई जोगाउँदा धेरै दुर्घटना भएका छन्,' उनले भने, 'कुकुरलाई छल्न अचानक ब्रेक हान्दा सवारीसाधन हुत्तिने, पोल तथा सडकपेटीमा ठोक्किने, पछाडिको गाडी ठोक्किनेलगायत डर हुन्छ।' उनले यसबारे महानगरलाई जानकारी गराएको बताए।

■ हेलचेक्र्याइँले संक्रमण बढ्दै, मृत्युदर पनि उच्च

कुकुरले टोके पनि सबैजना खोप लगाउन नआउने चिकित्सकको भनाइ छ। यति हुँदा पनि खोप लगाउन आउनेको संख्या अस्पतालमा थेग्न हम्मेहम्मे हुने गरेको उनीहरू बताउँछन्। 'अहिले टेकुमा सरुवा रोग तथा रेबिजविरुद्धको खोप लगाउन आउनेको संख्या धेरै छ,' सरुवा रोग विशेषज्ञ शेरबहादुर पुनले भने, 'सम्बन्धित निकायले कुकुर व्यवस्थापन नगर्दा सर्वसाधारण पीडित बन्नुपरेको छ।' रेबिजका बिरामी बढ्न थालेपछि अस्पतालले यसबारे अध्ययन गरेको थियो। अध्ययनबाट पनि हेलचेक्र्याइँकै कारण धेरैको मृत्यु भएको पाइएको पुनले जानकारी दिए। उनका अनुसार टोकेको कुकुर सानो छ र घाउ सानो छ भनेर सुई लगाउन नजाने, औषधि विक्रेताले गलत सूचना दिने, साना बच्चाले घरमा नभन्ने, धामीझाँक्री कहाँ जाने, खोप लगाउनेबारे चेतना नै नहुने, बुढाबुढीले वास्ता नगर्नेजस्ता कारणले रेबिजबाट मृत्यु हुनेको संख्या बढ्दै गएको छ। 'पहिले-पहिले खोप थिएन र रेबिज लागेका धेरैजसोको मृत्यु हुन्थ्यो, तर अहिले खोप छ। कुन वेला लगाउने भन्नेबारे चेतना छैन,' पुनले भने, 'जान्ने-बुझ्नेहरूले नै यसमा हेलचेक्र्याइँ गरेका छन्।' नेपालले सन् २०३० सम्ममा रेबिज भाइरसबाट हुने मृत्युलाई शून्यमा झार्ने प्रतिबद्धता जनाएको थियो। तर, उक्त प्रतिबद्धता पूरा गर्न कठिन देखिएको छ।

रेबिज रोकथामबारे समन्वय नै छैन



● डा. मनीषा रावल, निर्देशक, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल

कुकुरले टोकेपछि रेबिजविरुद्धको खोप लगाउने, कुकुर व्यवस्थापन गर्ने र जनचेतना प्रवाह गर्नेबारे सरकारी नीति र काम-कारबाही कमजोर छ। तीन सरकारबीच रेबिज रोकथाममा समन्वय नै छैन। एक्लै-एक्लै काम गरेर रेबिज उन्मूलन हुँदैन।

कुकुर व्यवस्थापन नहुँदा दुर्घटनाको जोखिम बढ्यो



● राजेन्द्रप्रसाद भट्ट, सूचना अधिकारी, उपत्यका ट्राफिक प्रहरी कार्यालय

कुकुर व्यवस्थापन नहुँदा दुर्घटनाको जोखिम बढेको छ। बीचबाटोमा कुकुर आइदिँदा अचानक ब्रेक हान्दा पछाडिको गाडी ठोक्किने, पोलमा वा पेटीमा ठोक्किनेलगायत समस्या आइरहेका छन्।

एन्टिरेबिज खोप लगाउन आउनेको संख्या बढ्दो छ



● डा. शेरबहादुर पुन, वरिष्ठ सरुवा रोग विशेषज्ञ

सडकमा छाडिएका कुकुरले टोकेर एन्टिरेबिज खोप लगाउन आउनेको संख्या बढिरहेको छ। यसका साथै रेबिज संक्रमणबाट मृत्यु हुनेको संख्या पनि बढ्दै गइरहेको देखिन्छ। यसको कारण कुकुरले टोकेका सबै खोप लगाउन आउँदैनन् भन्ने पनि हो।

कुकुरआतंकबारे कुरा गर्दा मुद्दा हालियो



● दलबहादुर कार्की, वडाध्यक्ष, कामपा-३०

काठमाडौंमा कुकुरआतंक छ। वडामा कुकुर व्यवस्थापन गर्न भनेर सबैले माग गर्छन्। तर, यो विषयमा आवाज उठाउँदा ममाथि नै कारबाही होला भन्ने भयो।

काठमाडौं महानगरले निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराउने

काठमाडौं/ काठमाडौं महानगरपालिकाले १ चैतदेखि ३२ वटै वडा कार्यालयमार्फत निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराउने भएको छ। महानगरपालिकाले नेपाल ल क्याम्पससँगको सहकार्यमा यस्तो सेवा उपलब्ध गराउन लागेको महानगरका सूचना अधिकारी वसन्त आचार्यले जानकारी दिए। यसका लागि ल क्याम्पसमा अध्ययनरत ५० विद्यार्थीलाई तालिम प्रदान गरिएको छ। यी हेल्प डेस्क कार्यालय अवधिभरि रहनेछन्। त्यहाँबाट नागरिकले आवश्यकताअनुसार लिखित, मौखिक तथा दुवै किसिमका सेवा निःशुल्क प्राप्त गर्न सक्ने आचार्यले बताए। क्याम्पसले एलएलएम, एलएलबी तथा बिए एलएलबीमा अध्ययनरत विद्यार्थीलाई पठाउने तयारी गरेको छ। त्यसैगरी, मौखिक कानुनी परामर्शसँगै उक्त कार्यालयबाट सेवा प्रवाहबारे जानकारी दिनुपर्नेछ।

महिला स्वास्थ्य सम्मेलन हुँदै

काठमाडौं/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महिला स्वास्थ्य सम्मेलन आयोजना गर्ने भएको छ। स्वास्थ्य सेवा विभागले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले महिलाको स्वास्थ्यमा देखिएका समस्या र ती समस्यालाई समाधान गर्न सम्मेलन आयोजना गर्न थालिएको जानकारी दिए। उनका अनुसार २५ र २६ फागुनमा सम्मेलन काठमाडौंमा हुनेछ। सम्मेलन महिला स्वास्थ्यको बहुआयामिक विषयवस्तुमा केन्द्रित हुने उनको भनाइ छ। सम्मेलनमा यौन, तथा प्रजनन स्वास्थ्य र अधिकार, नसर्ने रोग, बालबालिका, किशोर-किशोरी र ज्येष्ठ नागरिकको स्वास्थ्य, मानवीय सहायता आवश्यक पर्ने अवस्थामा महिला स्वास्थ्य र पोषणसम्बन्धी विषयमा छलफल हुने उनले जानकारी दिए।

मंगलबार उपत्यकामा

कोटेश्वर : काठमाडौं महानगरपालिका-३२, कोटेश्वरमा भएको मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु भएको छ। प्रदेश ३-०२-००९ प ७००६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकलचालक भक्तपुर चाँगुनारायण नगरपालिका-५, ताथली बस्ने ४२ वर्षीय मधुकर बालाको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका उनको काठमाडौं मेडिकल कलेज सिनामंगलमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। साथै, दुर्घटनामा घाइते भएकी मोटरसाइकलमा सवार अन्य एकजना महिलाको सोही अस्पतालमा उपचार भइरहेको छ।

महाराजगन्ज : काठमाडौं महानगरपालिका-३, महाराजगन्ज बस्ने उमा थापाको घरमा सोमबार राति चोरी भएको छ। घरमा सेफ र दराज फुटाई नगद दुई लाख रुपैयाँ, सुनका विभिन्न गहना र एउटा हिराको औंठी चोरी भएको हो। नगद र गहना गरेर १७ लाख रुपैयाँबराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ।

चाँगुनारायण : भक्तपुरको चाँगुनारायण नपा-८, सुडाल बस्ने धन्सुबहादुर तामाङको घरको भान्साकोठामा खाना पकाउने क्रममा ग्यास लिक भई आगलागी हुँदा करिब १५ लाख रुपैयाँबराबरको धनमाल जलेर नष्ट भएको छ। घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ

गोकर्णेश्वरका मेयर रिसाल र प्रशासकीय अधिकृतविरुद्ध मुद्दा चलाउन सिफारिस

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा खेलमैदान बनाउने भन्दै विनाअनुमति जथाभावी डोजर चलाउने गोकर्णेश्वर नगरपालिकाका मेयर दीपक रिसाल र प्रमुख प्रशासकीय अधिकृत वैकुण्ठराज सापकोटाविरुद्ध मुद्दा चलाउन निकुञ्जले सिफारिस गरेको छ। नगरपालिकाले निकुञ्जको मध्यवर्ती क्षेत्रमा विनाअनुमति डोजर चलाएपछि निकुञ्जले छानबिन गरेको थियो। सो क्रममा अनुगमन समितिले मेयर र कार्यकारी अधिकृतको दोष देखिएपछि निकुञ्जले अभियोगपत्र दर्ता गरेर कारबाही अघि बढाउन सहायक संरक्षण अधिकृत सिर्जना श्रेष्ठलाई अनुसन्धान अधिकृत तोकेको छ।

संरक्षण क्षेत्रको अनुमतिविना रूख कटान र विकास निर्माण गरे एक वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (६) मा निकुञ्ज क्षेत्रमा डोजर चलाउने, रूख कटान गर्नेमाथि एक वर्षसम्म कैद सजाय हुने व्यवस्था छ। त्यस्तै, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, ०२९ को दफा ३० अनुसार निकुञ्ज तथा वन क्षेत्रमा विनाअनुमति डोजर चलाउन वा अन्य कुनै गतिविधि गर्न पाइँदैन।

यसअघि छानबिन समितिले रूख कटान भएको र बफर जोनमा विनाअनुमति डोजर चलाइसकेको प्रतिवेदन निकुञ्जलाई हस्तान्तरण गरिसकेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकालका अनुसार त्यस क्षेत्रमा डोजर चलाउन र रूख कटान गर्न कुनै अनुमति लिइएको छैन।

१५ फागुनमा निकुञ्जका शाखा अधिकृत आनन्दराम श्रेष्ठ, सहायक संरक्षक सिर्जना श्रेष्ठ, नासु हरिभक्त सिग्देल, रेन्जर लब गुरागाईंले अनुसन्धान गरी १८ फागुनमा प्रतिवेदन पेस गरेका थिए। प्रतिवेदनमा विनाअनुमति डोजर चलाएको र रूख कटान गरेको उल्लेख छ। गोकर्णेश्वर नगरपालिका वडा नम्बर १ र २ मा पर्ने गराडोल जन्तरे टोलनजिकै खेलमैदान बनाउन डोजर चलाइएको हो। त्यसका लागि डिपिआर र इआइएसमेत गरिएको छैन। नगरपालिकाले हचुवामा डोजर चलाएपछि निकुञ्जले आपत्ति जनाउँदै आएको छ। उक्त क्षेत्रमा खेलमैदान बनाउन १९ वटा ठूला र ४९ वटा साना रूख कटान भएका छन्, तर ती रूखसमेत मिलेमतोमा बिक्री गरिएको छ।

थुमि स्वास्थ्य चौकि
आरुघाट गाउँपालिका-३, गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/२४

यस स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिड) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लन्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरु:
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.ब. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र
(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

भच्चेक स्वास्थ्य चौकि
अजिरकोट गाउँपालिका, भच्चेक, गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/२४

यस स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिड) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लन्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरु:
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.ब. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र
(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

कोटगडी प्रारम्भीक स्वास्थ्य केन्द्र
पालुडटार नगरपालिका-१०, मिरकोट गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/२४

यस स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिड) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लन्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरु:
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.ब. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र
(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

सहिद प्रेम ढकाल स्मृती आधारभुत अस्पताल
बारपाक सुलिकोट गाउँपालिका-४ सौरपानी, गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/२४

यस हेल्थ पोष्टको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिड) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लन्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरु:
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.ब. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र
(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

‘शान्तिसम्झौताअनुसार द्वन्द्वकालीन घटनाको निरुपण’

द्वन्द्वकालीन मुद्दा राज्यकै विषय भएकाले समस्या समाधानमा सबै पक्षको भूमिका सकारात्मक हुने सत्तारूढ दलहरूको विश्वास

प्रेम गौतम/ नयाँ पत्रिका

राजनीतिक दलहरूले विस्तृत शान्तिसम्झौताको भावनाअनुसार द्वन्द्वकालीन घटनाको निरुपण गर्नुपर्नेमा जोड दिएका छन्। द्वन्द्वकालीन मुद्दाहरूको निरुपण र द्वन्द्वपीडितलाई परिपूरण गर्न आवश्यक कानुन बनाएर टुंगोमा पुग्नुपर्ने उनीहरूको भनाइ छ।

द्वन्द्वकालका मुद्दामा माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समेत विपक्षी बनाई रिट दर्ता भएपछि उनीहरूले यसबारे प्रारम्भिक प्रतिक्रिया दिएका छन्। तत्काल संसद्मा विधेयक पेस गरेर कानुन निर्माण गर्दै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिनसम्बन्धी आयोग गठन गरेर शान्ति प्रक्रियाको बाँकी कामलाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्नेमा दलहरू एकमत देखिएका छन्। फौजदारी कानुनअनुसार सामान्य प्रक्रियाबाट द्वन्द्वकालीन मुद्दा हेरिनु नहुने उनीहरूको मत छ।

कांग्रेस नेता रमेश लेखकले सशस्त्र द्वन्द्वका वेला भएको घटना संक्रमणकालीन न्यायकै प्रबन्धबाट सम्बोधन गर्नुपर्ने बताए। द्वन्द्वकालीन मुद्दा राज्यकै विषय भएकाले सबै पक्षको भूमिका सकारात्मक हुने उनको विश्वास छ। ‘यो अमुक पार्टीको विषय होइन, राज्यकै विषय हो। द्वन्द्वकालमा जति घटना भए, त्यसमा जसलाई पीडा पऱ्यो, पीडित र पीडितका परिवारलाई न्याय दिने, परिपूरण दिने र समग्रमा तार्किक निष्कर्षमा पुऱ्याउने राज्यकै विषय हो। राज्यको भन्नेबित्तिकै सरकारको विषय भयो, संसद्को विषय भयो र सबै राजनीतिक दलहरूको विषय भयो,’ उनले भने, ‘त्यसमा सर्वोच्च अदालत पनि पर्‍यो। राष्ट्रकै एउटा महत्त्वपूर्ण काम भएकाले सबै मिलेर सम्पादन गर्ने हो। त्यसकारण सर्वोच्चको भूमिका पनि सकारात्मक हुन्छ, उसबाट सहयोग हुन्छ भन्ने मलाई पूर्ण विश्वास छ।’

उनले तत्काल संसद्बाट कानुन बनाउने र आवश्यक आयोग गठन गरेर शान्ति प्रक्रियाको बाँकी काम तार्किक निष्कर्षमा पुऱ्याउनुपर्नेमा जोड दिए। ‘यी काम संक्रमणकालीन न्यायको प्रबन्धबाटै गरिनुपर्छ। यसलाई फौजदारी न्यायको सामान्य प्रक्रियाअनुसार गर्ने होइन। संसारभरको अभ्यास भनेकै संक्रमणकालीन न्यायकै प्रबन्धबाटै गर्नुपर्छ भन्ने हो,’ लेखकले भने, ‘त्यसका लागि दुईवटा काम गर्नुपर्छ। एउटा ऐनमा परिमार्जन गरेर विधेयकका रूपमा तत्काल संसद्मा प्रस्तुत गर्नुपर्छ। र, चाँडोभन्दा चाँडो कानुन बनाउनुपर्छ। अर्को, कानुनबमोजिम आयोगहरू गठन गर्नुपर्छ।’

विगतमा अदालतले पनि संक्रमणकालीन न्यायको विषयमा बोलिसकेको भन्दै लेखकले मुद्दा पर्दैमा फौजदारी कानुनअनुसार प्रक्रिया अगाडि बढ्छ भन्ने नभएको बताए। माओवादी महासचिव देव गुरुङले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयहरू सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत अगाडि बढाइनुपर्ने बताए। संक्रमणकालीन न्यायको प्रक्रियाविपरीतका काम-कारबाहीले शान्तिसम्झौता नै धराप्मा पर्ने बताए। ‘द्वन्द्वकालका घटनालाई संक्रमणकालीन न्यायअन्तर्गत हेर्ने शान्ति प्रक्रिया र संविधानको मर्म हो। अदालत त्यसअनुसार चल्छ कि आफ्नै क्षेत्राधिकारभित्र पार्छ, हेर्न बाँकी छ। द्वन्द्वकालीन घटना बृहत् शान्तिसम्झौताको मुद्दा हो,’ उनले भने, ‘यो माओवादीको मात्रै होइन, राज्यकै मुद्दा हो। त्यसकारण विगतको नजिर र संविधानअनुसार शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्छ।’

एकीकृत समाजवादीका महासचिव डा. बेदुराम भुसालले विस्तृत शान्तिसम्झौताको स्पिरिटअनुसार चल्नुपर्ने र संक्रमणकालीन न्यायअनुसार नै द्वन्द्वकालका घटनालाई हेरिनुपर्ने बताए। द्वन्द्वकालका घटनालाई सामान्य तरिकाले हेर्नु शान्तिसम्झौताविपरीत हुने उनको भनाइ छ। ‘विस्तृत शान्तिसम्झौताको भावनाअनुसार नै चल्नुपर्छ। संक्रमणकालीन न्यायअनुसार नै द्वन्द्वकालका घटनालाई हेरिनुपर्छ। द्वन्द्वकालका घटनालाई सामान्य तरिकाले हेरियो भने त्यो शान्तिसम्झौताको विपरीत हुन्छ,’ उनले भने, ‘सबैलाई न्याय हुने र विस्तृत शान्तिसम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउने हिसाबले अगाडि बढ्नुपर्छ। यो कुनै पार्टीविशेषको मात्रै होइन। राज्यकै विषय भएकाले यस कार्यमा राज्यका सबै अंग सकारात्मक बन्नुपर्छ।’

■ माओवादी घटकले एकजुट भएर प्रतिवाद गर्ने



काठमाडौं/ माओवादी घटकले विस्तृत शान्तिसम्झौता र परिवर्तनविरुद्ध भएका गतिविधिको एकजुट भएर प्रतिवाद गर्ने भएका छन्। मंगलबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकमा माओवादी घटकका आठ दलको बैठकपछि जारी विज्ञप्तिमा छ, ‘शान्तिसम्झौता र परिवर्तनका विरुद्ध हुने कुनै पनि गतिविधिहरूको प्रतिवाद गर्न हामी एकमत छौं।’

संक्रमणकालीन न्यायसँग सम्बन्धित विषय सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत अगाडि बढाइनुपर्नेमा उनीहरूको जोड छ। शान्ति प्रक्रियाका बाँकी कामलाई टुंगो लगाउन आवश्यक कानुनी एवं संस्थागत व्यवस्थाका लागि तत्काल पहल गर्न सरकारसँग मागसमेत गरेका छन्। ‘संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयहरू सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत अगाडि बढाइनुपर्दछ। संक्रमणकालीन न्यायको प्रक्रियाविपरीतका काम-कारबाहीहरूले शान्तिसम्झौताको कार्यान्वयनमा सहयोग पुऱ्याउँदैन भन्ने कुरामा समेत हामी स्पष्ट छौं। शान्ति प्रक्रियाका बाँकी कामलाई टुंगो लगाउन आवश्यक कानुनी एवं संस्थागत व्यवस्थाका लागि तत्काल पहल गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं,’ विज्ञप्तिमा भनिएको छ।

शान्ति प्रक्रियासँग जोडिएका विषयहरू विस्तृत शान्तिसम्झौताको भावना र मर्मअनुरूप व्यवस्थापन गरिनुपर्नेमा उनीहरूको जोड छ। विभिन्न समयमा राज्यसँग भएका सहमति र सम्झौता कार्यान्वयन हुनुपर्ने उनीहरूको मत छ। माओवादी अध्यक्ष प्रचण्ड, नेसपा अध्यक्ष डा. बाबुराम भट्टराई, नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सिपी गजुरेल, नेकपाका प्रवक्ता खड्कबहादुर विश्वकर्मा, नेकपा बहुमतका संयोजक धर्मेन्द्र बास्तोला, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका महासचिव विश्वभक्त दुलाल ‘आहुति’, (माओवादी समाजवादी)का अध्यक्ष कर्णजित बुढाथोकी, माओवादी कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य नारायणप्रसाद धिमाललगायतका नेताहरू बैठकमा थिए।

यो अमुक पार्टीको विषय होइन, राज्यकै विषय हो। द्वन्द्वकालमा जति घटना भए, त्यसमा जसलाई पीडा पऱ्यो, पीडित र पीडितका परिवारलाई न्याय दिने, परिपूरण दिने र समग्रमा तार्किक निष्कर्षमा पुऱ्याउने राज्यकै विषय हो। राज्यको भन्नेबित्तिकै सरकारको विषय भयो, संसद्को विषय भयो र सबै राजनीतिक दलहरूको विषय भयो।

● **रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस



द्वन्द्वकालका घटनालाई संक्रमणकालीन न्यायअन्तर्गत हेर्ने शान्ति प्रक्रिया र संविधानको मर्म हो। अदालत त्यसअनुसार चल्छ कि आफ्नै क्षेत्राधिकारभित्र पार्छ, हेर्न बाँकी छ। द्वन्द्वकालीन घटना बृहत् शान्तिसम्झौताको मुद्दा हो। यो माओवादीको मात्रै होइन, राज्यकै मुद्दा हो। विगतको नजिर र संविधानअनुसार शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्छ।

● **देव गुरुङ**, महासचिव, माओवादी



विस्तृत शान्तिसम्झौताको भावनाअनुसार नै चल्नुपर्छ। संक्रमणकालीन न्यायअनुसार नै द्वन्द्वकालका घटनालाई हेरिनुपर्छ। द्वन्द्वकालका घटनालाई सामान्य तरिकाले हेरियो भने त्यो शान्तिसम्झौताको विपरीत हुन्छ। सबैलाई न्याय हुने र विस्तृत शान्तिसम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउने हिसाबले अगाडि बढ्नुपर्छ।

● **डा.बेदुराम भुसाल**, महासचिव, एकीकृत समाजवादी

सर्वोच्चको आदेश संक्रमणकालीन न्याय टुंग्याउने अवसर : एमाले



● **प्रदीप ज्ञवाली**
उपमहासचिव

एमालेले विस्तृत शान्तिसम्झौता भएको १६ वर्ष बितिसक्दासमेत तत्कालीन द्वन्द्वरत पक्ष माओवादीले संक्रमणकालीन न्यायमाथि उपेक्षा गरेकै कारण सर्वोच्च अदालतले पीडितहरूको मुद्दा दर्ता गरेको टिप्पणी गरेको छ। सर्वोच्चको पछिल्लो आदेश र निर्णयलाई संक्रमणकालीन न्यायलाई छिटो टुंग्याउने अवसरका रूपमा लिनुपर्ने एमालेको भनाइ छ। ‘०६३ सालमा विस्तृत शान्तिसम्झौता भएपछि करिब चार वर्षबाहेकका १२ वर्षसम्म माओवादी आफैंले तीनपटक सरकारको नेतृत्व गरेको छ भने अरू वेला संयुक्त सरकारमा सामेल भएको छ, तर उहाँहरूले यस विषयलाई छिटो टुंगो लगाउन आफैंले तत्परता देखाउनुभएन,’ उपमहासचिव प्रदीप ज्ञवालीले नयाँ पत्रिकासँग भने, ‘सर्वोच्चले आठ वर्ष पहिल्यै पूर्ण इजलासबाट प्रचलित ऐनभित्र सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानबिनसम्बन्धी आयोगमार्फत टुंगो लगाउन आदेश दिँदासमेत जुन ढंगले संक्रमणकालीन न्याय टुंग्याउन ढिलासुस्ती गरेर कतै सामसुम पारिहाल्न सकिन्छ कि भन्ने सोच उहाँहरूमा हाबी देखियो, त्यसैको परिणामस्वरूप अहिले अदालतले प्रधानमन्त्री प्रचण्डविरुद्धको रिट दर्ता गरेर सुनुवाइमा लगेको हो।’

उनले सर्वोच्चको पछिल्लो आदेश र निर्णयलाई संक्रमणकालीन न्यायलाई छिटो टुंग्याउने अवसरका रूपमा लिएर पीडितहरूले न्यायको अनुभूति गर्न नपाए भन् जटिल परिस्थिति निम्तिने जोखिम रहेकोसमेत औंल्याए। ‘सर्वोच्च अदालतले संक्रमणकालीन न्यायमा ढिलाइ हुँदा पीडितले न्याय नपाएका कारण लामो समय उनीहरूलाई न्यायबाट वञ्चित गर्न नमिल्ने कुरा प्रस्ट्याएका कारण उसको आदेशलाई अवसरका रूपमा लिएर संक्रमणकालीन न्याय छिटो टुंगो लगाउनुपर्छ,’ ज्ञवालीले पार्टीको धारणा प्रस्ट्याउँदै भने, ‘यसलाई टुंग्याउन जति आलटाल गरेर ढिलाइ गरिन्छ, त्यति नै विषय जटिल बन्दै जान्छ भन्ने हाम्रो धारणा छ।’

द्वन्द्वकालीन मुद्दा फेरि सर्वोच्चमा

काठमाडौं/ तीन वर्षअघिको अभिव्यक्तिलाई लिएर प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसमेत प्रतिवादी रहेको रिट सर्वोच्च अदालतमा मंगलबार दर्ता भएको छ। १० वर्षे सशस्त्र द्वन्द्वकालको मुद्दा सर्वोच्च पुगेपछि नियमित फौजदारी अपराधअनुसार अनुसन्धान हुने-नहुने विषयको न्यायिक निरुपणको प्रक्रिया पनि सुरु भएको हो।

ज्ञानेन्द्रराज आरणसमेतले दायर गरेको रिट दर्ता गर्दै सर्वोच्च प्रशासनले बिहीबारका लागि सुनुवाइ तोकेको जनाएको छ। १ माघ ०७६ मा प्रचण्डले खुला मञ्चमा भाषण गर्ने क्रममा दिएको अभिव्यक्तिलाई आधार मान्दै उनलाई पक्राउ गर्ने आदेशसमेत माग गरिएको रिट सर्वोच्चमा दर्ता भएको हो। आरणसमेतले रिट दर्ता गराउन खोज्दा पनि सर्वोच्च प्रशासनले दरपीठ गरिदिएको थियो। शुक्रबार सर्वोच्चको संयुक्त इजलासबाट रिट दर्ता गर्न आदेश भएसँगै रिट दर्ता भएको हो।

न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरि फुँयालको इजलासबाट भएको आदेशमा न्याय र परिपूरणका विषय अनन्तकालसम्म अल्झाउन नमिल्ने उल्लेख छ। ‘सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाको शान्तिसम्झौता, नेपालको संविधान, यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानुन र सिद्धान्तबमोजिम पीडितहरूले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न मिल्ने देखिँदैन,’ आदेशमा छ।

■ शान्ति प्रक्रियाको विषय नेपाल सरकार र गठित आयोगहरूकै क्षेत्राधिकार : नेपाल बार

नेपाल बार एसोसिएसनले भने शान्ति प्रक्रियाको विषय नेपाल सरकार र गठित आयोगहरूकै क्षेत्राधिकार हुने भन्दै क्षेत्राधिकारको विवाद सिर्जना गर्न नहुने जनाएको छ। मंगलबार विज्ञप्ति जारी गर्दै शान्ति प्रक्रियाका विषयलाई लिई उठिरहेका प्रश्नमाथि आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे र महासचिव अञ्जिता खनालले जारी गरेको विज्ञप्तिमा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने र पीडितलाई उचित न्याय प्रदान गर्न नेपाल सरकार र गठित आयोगहरू नै जिम्मेवार हुने उल्लेख छ।

‘शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने उद्देश्यले विगतमा भएको विस्तृत शान्ति सम्झौता, नेपालको संविधान तथा गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूका छानबिन आयोगको काम, कर्तव्य र क्षेत्राधिकार उल्लेख भई दुवै आयोगहरूले आफ्नो क्षेत्राधिकारअन्तर्गतका कार्यहरू गर्दै आइरहेको अवस्थामा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने र पीडितलाई उचित न्याय प्रदान गर्न नेपाल सरकार र गठित आयोगहरू नै जिम्मेवार हुन जरुरी छन्,’ विज्ञप्तिमा भनिएको छ।

■ यथाशीघ्र टुंगोमा पुऱ्याउन मानव अधिकार आयोगको आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले संक्रमणकालीन न्यायलाई यथाशीघ्र टुंगोमा पुऱ्याउन आग्रह गरेको छ। आयोगले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै १६ वर्ष पूरा भइसक्दासमेत संक्रमणकालीन न्यायका कतिपय विषय टुंगोमा नपुग्नु चिन्ताको विषय बनेको उल्लेख गरेको छ। संक्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतको आदेश, यस आयोगले विगतमा दिएका सुझाव र अन्तर्राष्ट्रिय मान्यताबमोजिम हुने गरी संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न र यथाशीघ्र आयोग गठन गरी छिटो टुंगोमा पुऱ्याउन सरकार र सम्बद्ध पक्षलाई आयोगले आग्रह गरेको छ।

सर्वोच्चलाई सभामुख घिमिरेको जवाफ

विपक्षी दलको नेता तोक्ने विषय संसद्को विशेषाधिकार

काठमाडौं/ सभामुख देवराज घिमिरेले विपक्षी दलको नेता तोक्ने विषय संसद्को विशेषाधिकार भएको स्पष्ट पारेका छन्। सर्वोच्च अदालतलाई मंगलबार लिखित जवाफ पठाउँदै उनले विपक्षी दलको विवाद निरुपण गर्न संसद् सक्षम रहेको जिकिर गरेका हुन्।

प्रधानमन्त्रीलाई विश्वासको मत दिएको कांग्रेस प्रमुख प्रतिपक्षी हुन नसक्ने दाबीसहित अधिवक्ता विमल पोखरेलले दायर गरेको रिटमा सर्वोच्चले २५ माघमा कारण देखाउ आदेश जारी गर्दै सभामुखलगायत विपक्षीसँग लिखित जवाफ माग गरेको थियो।

‘प्रमुख प्रतिपक्षी दल र विपक्षी दलको नेताको विषय संसद्को विशेषाधिकारको विषय हो। सार्वभौम संसद्ले आफ्नो आन्तरिक व्यवस्थापनका विषय आफैंले गर्छ,’ सभामुखले लिखित जवाफमा भनेका छन्, ‘कुनै विषय वा सन्दर्भमा जाहेर गरेको मत सधै त्यही अवस्थामा रहन्छ भन्ने हुँदैन। अवस्था र सन्दर्भका आधारमा परिवर्तन गर्न सक्ने भएकाले प्रस्तुत निवेदन खारेज गरिपाऊँ।’



विपक्षी दलको नेताको विवादमा अहिले राजनीतिक परिस्थिति फेरिएको भन्दै संसद् सचिवालयका एक पदाधिकारीले विश्वासको मत दिने दल विपक्षी हो वा होइन भन्ने निर्क्योल अदालतबाट हुनुपर्ने बताए। ‘अहिले राजनीतिक रूपमा विपक्षी को हो भन्ने विवाद छैन। तर, सरकारलाई समर्थन नगरेको दलले प्रधानमन्त्रीलाई विश्वासको मत दिँदा प्रतिपक्षीमा रहने वा सत्तापक्ष नै हुने भन्ने निरुपण न्यायालयबाट हुन जरुरी छ,’ उनले भने।

२६ पुसमा कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएपछि उसको प्रमुख प्रतिपक्षी भूमिकामा प्रश्न उठेको थियो। कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिए पनि आफूहरू प्रतिपक्षी बेन्चमै रहेको र प्रमुख प्रतिपक्षीकै भूमिका निर्वाह गरिरहेको दाबी गर्दै आएको छ। विश्वासको मत दिएसँगै कांग्रेसले विपक्षी हैसियत गुमाएको भन्दै नेमकिपाका प्रेम सुवाल र जनमोर्चाका चित्रबहादुर केसीले आफूलाई विपक्षी दलको नेता घोषणा गर्न माग गर्दै संसद् सचिवालयमा निवेदन दिएका थिए। विपक्षी दलको नेता विवादमा अधिवक्ता पोखरेलले दायर गरेको रिट २४ माघमा दर्ता भएर भोलिपल्ट सर्वोच्चले कारण देखाउ आदेश जारी गरेको थियो।

राष्ट्रपति निर्वाचनले सत्तासमीकरण फेरिएसँगै प्रमुख प्रतिपक्षी एमाले बन्ने देखिएको छ। १२ फागुनमा कांग्रेससहित आठदलीय गठबन्धन बनेपछि सरकार छाडेको एमाले राजनीतिक रूपमा प्रमुख प्रतिपक्षी बनिसकेको छ। तर, कांग्रेस सरकारमा सहभागी भइनसकेकाले कानुनी रूपमा एमाले अध्यक्ष केपी ओलीलाई विपक्षी दलको नेता घोषणा गरिएको छैन। २५ फागुनमा राष्ट्रपति निर्वाचन सम्पन्न भएर कांग्रेस औपचारिक रूपमा सरकारमा सहभागी भए एमाले प्रमुख विपक्षी दल बनेर यो विवाद कानुनीरूपमा समेत समाधान हुनेछ। सभामुख घिमिरेले आफ्नो जवाफमा परिवेश फेरिएको भनेर यही कुरालाई संकेत गरेका छन्।

■ प्रेम आचार्य प्रकरणमा गृहको छानबिन प्रतिवेदन

उधारो कारोबारसम्बन्धी कानुन बनाउन सिफारिस

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

उधारो आर्थिक कारोबारले समाजमा समस्या बढाएको भन्दै गृह मन्त्रालयको एक छानबिन समितिले यससम्बन्धी कानुन बनाउन सरकारलाई सुझाएको छ। इलामका प्रेमप्रसाद आचार्यको मृत्युको विषयमा गठित छानबिन समितिले उधारो कारोबारलाई व्यवस्थित बनाउन कानुन बनाउन सुझाव दिएको हो।

गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद रिसाल नेतृत्वको छानबिन समितिले मंगलबार गृहसचिव विनोदप्रकाश सिंहलाई प्रतिवेदन बुझाएको हो। व्यवसायमा उधारो कारोबारलाई चिन्ने कुनै कानुन र संयन्त्रको अभाव रहेको प्रतिवेदनमा औंल्याइएको छ।

संसद् भवन बानेश्वरअगाडि शरीरमा आगो लगाएका आचार्यले उधारो कारोबारले आफू समस्यामा परेको र सोही कारण व्यवसायमा असफल भई आत्मदाहको बाटो रोजेको फेसबुक स्टाटसमा लेखेका थिए। उनले उठाएका विभिन्न विषयमा समितिले छानबिन गरी प्रतिवेदन बुझाएको हो। गत १० माघमा शरीरमा आगो लगाएका आचार्यको भोलिपल्ट उपचारको क्रममा मृत्यु भएको थियो। शरीरमा आगो लगाउनुअघि उनले फेसबुकमा लामो स्टाटस लेख्दै देशको बेथितिले आफू सबै व्यवसायमा असफल भएर मृत्युको बाटो रोज्न बाध्य भएको वेदना पोखेका थिए। कृषि उत्पादनहरू विभिन्न व्यक्ति तथा कम्पनीलाई बिक्री गरेकोमा महिनौंसम्म पनि आफूले पैसा नपाएको उनको गुनासो थियो। व्यवसायमा हुने यस्तो उधारो कारोबारका विषयमा कुनै पनि कानुनमा उल्लेख नभएको पाइएपछि यसमा नीतिगत सुझाव दिइएको समितिका एक अधिकारीले बताए।

राज्य र समाजमाथि गम्भीर सवाल उठाउँदै आचार्यले आत्मदाह प्रयास गरेको घटनाले देश तरंगित बनेपछि आममान्छेका दुःखमाथि बहस सुरु भएको थियो। उनले उठाएका विषयमा समाधान खोज्न सरकारले समिति गठन गरेको हो। समितिलाई एक महिनाको समय दिइएकोमा समयभित्रै छानबिन सकेर प्रतिवेदन बुझाइएको संयोजक रिसालले बताए। समितिले एक सय ३३ पृष्ठ लामो प्रतिवेदन तयार पारेको छ। समितिमा अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, श्रम मन्त्रालय, स्वास्थ्य मन्त्रालय, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरूसमेत सदस्य छन्। समितिले इलामसम्मै पुगेर छानबिन गरेको थियो।

■ ‘कृषि अनुदान प्रणाली नै गलत’

छानबिन समितिले देशको कृषि अनुदान प्रणाली नै गलत भएको भन्दै यसलाई सुधार गर्न सुझाव दिएको छ। अहिले कृषि प्रोजेक्टका आधारमा सरकारले कृषि अनुदान दिँदै आएको छ। यस्तो अनुदान पहुँचवालाले पाउँदै आएको र त्यसले दिगोपनमा पनि नसघाएको समितिको निष्कर्ष छ। प्रतिवेदनमा उत्पादनमा आधारित कृषि अनुदान दिन सुझाइएको छ। एक सदस्यका अनुसार कृषिको समर्थन मूल्य तोकेर लागत नउठ्ने अवस्थामा राज्यले अनुदान दिएमा उत्पादन बढ्ने भएकाले यस्तो अनुदान प्रणाली सुधार गर्न भनिएको छ। साथै, केहीलाई मात्र अनुदान दिनुभन्दा सबैले त्यसको लाभ पाउने गरी कृषि औजार, बिउबिजन, मलजस्ता वस्तुमा अनुदान दिएर मूल्य घटाउनुपर्नेमा जोड दिइएको छ।

■ कर्जा प्रवाहको मापदण्ड सुधार्न सुझाव

बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह गर्ने मापदण्ड पनि संशोधन गर्न छानबिन समितिले सिफारिस गरेको छ। कर्जामा स्थिर ब्याजदरको प्रणाली लागू गर्नुपर्ने प्रतिवेदनमा औंल्याइएको छ। ‘जसरी बैंकले मुद्दतीमा निक्षेप लिँदा ब्याजदर निश्चित तय हुन्छ, ऋण दिँदा पनि त्यसैगरी एउटै दर कायम हुने प्रावधान राखिदियो भने ऋणीलाई समस्या नहुने भएकाले यसमा संशोधनको सुझाव दिएका छौं,’ समितिका एक सदस्यले भने। साथै, आवासीय क्षेत्रको जमिनको बैंकले धेरै मूल्यांकन गर्ने, तर कृषि जमिनको न्यून मूल्यांकन गरी थोरै कर्जा दिनु गलत भएको प्रतिवेदनमा उल्लेख छ। कृषिजन्य जमिनमा कर्जा दिँदा कृषि उत्पादनलाई समेत आधार बनाएर मूल्यांकन गर्नुपर्नेमा जोड दिएको छ। किसानहरूले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन कठिन हुने समस्याको समाधानका लागि यस्तो सुझाव दिइएको हो।

नेपालमा उत्तराधिकारी करको व्यवस्था गर्न पनि सुझाइएको छ। पैतृक सम्पत्तिमा कर लगाउने प्रावधान नभएको र यस्तो कर आवश्यक भएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, कुनै व्यवसाय बन्द गर्न धेरै दायित्व सिर्जना हुने अहिलेको कानुन-व्यवस्थाले समस्या भएको भन्दै यसमा पनि सुधार गर्न भनिएको छ।

■ ‘मानसिक स्वास्थ्यको समस्या भयावह’

समितिले देशको पछिल्लो आर्थिक तथा सामाजिक अवस्थाका कारण मानसिक स्वास्थ्यमा पनि समस्या बढेकाले राज्यले यसको सम्बोधन गर्नुपर्ने औंल्याइएको छ। विभिन्न समस्याका कारण डिप्रेसनमा पर्ने र आत्महत्याका घटना बढेकाले मानसिक स्वास्थ्यको उपचारमा राज्यले विशेष पहल गरेर आत्महत्या रोक्नुपर्नेमा जोड दिइएको छ। समितिमा स्वास्थ्य मन्त्रालयका मनोचिकित्सकसमेत सदस्य थिए। मानसिक समस्या भएकाले निःशुल्क परामर्शदेखि उपचारमा राज्यले नै पहल गर्नुपर्ने सुझाव दिइएको छ।

आचार्यले एकपछि अर्को क्षेत्रमा लगानी गर्दै गएको जोखिमबारे विश्लेषण गर्न नसक्दा व्यवसायमा उनी असफल भएको निष्कर्ष समितिले निकालेको छ। ‘व्यवसायमा उनी अस्थिर देखिए, हतारमा एउटा व्यवसायबाट अर्को जम्प गरे, तर त्यसको जोखिम विश्लेषण गर्न नसक्दा सफलता पाउन सकेनन्,’ समितिका एक सदस्यले भने, ‘यसमा देशको वातावरणले पनि उनलाई स्वाभाविक रूपमा असर गरेको छ।’ आचार्यको आत्मदाहबारे प्रहरीले पनि अनुसन्धान गरिरहेको छ। उनलाई आत्महत्याका लागि दुरुत्साहन गरेको भन्ने उजुरी परेपछि उनीसँग आर्थिक कारोबारमा जोडिएका विभिन्न व्यक्तिको बयान जिल्ला प्रहरी परिसर, टेकुले लिइसकेको छ।

नयाँबानेश्वरको सडकमा कुनै व्यक्ति आगो लगाएर आत्मदाह गर्ने प्रयास गर्दा तत्काल त्यसलाई असफल बनाउने सुरक्षा संयन्त्र नभएकोमा पनि प्रतिवेदन प्रश्न उठाइएको छ। यसमा एकातर्फ पूर्वसूचनाको कमजोरी देखिएको र अर्कोतर्फ यस्ता घटना हुँदा तत्काले रोक्न विपद् संयन्त्रसमेत नभएकाले आचार्यको मृत्यु भएको भन्दै यस्ता घटना रोक्न सक्ने गरी सुरक्षा निकायले स्रोतसाधन तयार गर्नुपर्नेमा जोड दिइएको छ।

संक्षेप

दोहामा उपप्रधानमन्त्री श्रेष्ठ भेटवार्तामा



काठमाडौं/ अति कम विकसित मुलुकहरूको सम्मेलनमा सहभागी हुन कतारको दोहा पुगेका उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले संयुक्त राष्ट्रसंघ तथा युरोपेली युनियनका उच्च अधिकारीहरूसँग भेटवार्ता गरेका छन्। सबै भेटवार्तामा नेपालसँग राष्ट्रसंघ र युरोपेली युनियनको सम्बन्ध, विकासशील मुलुकमा स्तरोन्नति हुन लागेको नेपाललाई सहयोगलगायतका विषयमा छलफल भएको पररा्ष्ट्र मन्त्रालयले जनाएको छ।

श्रेष्ठले राष्ट्रसंघका उपमहासचिव रबाब फातिमा, राष्ट्रसंघीय महासचिवका प्रकोपजन्य जोखिम न्यूनीकरणसम्बन्धी विशेष प्रतिनिधि मामी मिजुतोरी, अन्तर्राष्ट्रिय साझेदारीसम्बन्धी युरोपियन युनियनका आयुक्त जुत्ता युरपिलाइनेन, राष्ट्रसंघीय सहायक महासचिव ओस्कार फर्नान्डेजसँग बेग्लाबेग्लै भेटवार्ता गरेका छन्। दिगो विकास लक्ष्य कार्यान्वयन, नेपालको विकासशील मुलुकमा स्तरोन्नतिलगायत द्विपक्षीय विषयमा छलफल भएको पररा्ष्ट्र मन्त्रालयले ट्विटरमा जनाएको छ। श्रेष्ठले २० फागुनमा अति कम विकसित मुलुक (एलडिसी) हरूको सम्मेलनलाई दोहामा सम्बोधन गरेका थिए। उनले नेपाल तीन वर्षपछि विकासशील मुलुकमा स्तरोन्नति हुन लागेका सन्दर्भमा सबैसँग सहयोगका लागि आह्वान गरेका थिए।

गुल्मीमा कुकुरले एक महिनामै एक सय २४ जनालाई टोक्यो

गुल्मी/ गुल्मीमा कुकुरको त्रास बढेको छ। २४ दिनमा एक सय २४ जनालाई कुकुरले टोकेको छ। गुल्मीको तम्घास बजारलगायत अन्य क्षेत्रमा पछिल्लो समय कुकुरले टोक्दा दिनमै ८-१० जना व्यक्ति रेबिजविरुद्धको खोप लगाउन गुल्मी अस्पताल तम्घास पुग्ने गरेका छन्। अस्पतालका इमर्जेन्सी इन्चार्ज रमेश पन्थीका अनुसार फागुनमा कुकुरले टोकेका एक सय २४ जनाले रेबिजविरुद्धको खोप लगाएका छन्।

तम्घास बजार क्षेत्रमा टोक्दै हिँडेको कुकुरमा रेबिज पुष्टि भएपछि यहाँ भन्नै त्रास बढेको हो। मान्छेलाई टोक्दै हिँड्ने कुकुरलाई नियन्त्रणमा लिएर भेटेनरी अपताल तथा पशुविज्ञ केन्द्रले रेबिज परीक्षण गरेको थियो।

मंगलबार बिहान रेसुंगा नगरपालिका- १ का काशीराम विकलाई कुकुरले टोकेर घाइते बनाएको थियो। २० र २१ फागुनमा रेसुंगा नगरपालिकाका विभिन्न ठाउँका ६ जनालाई कुकुरले टोकेर घाइते बनाएको थियो। जिल्लामा गुल्मी अस्पतालबाहिर रेबिजविरुद्धको खोप नपाइने भएकाले यहाँ भिड बढेको छ। कुकुरले टोक्दा गुल्मीदरबार गाउँपालिका- ६ की ४० वर्षीया रजुन शाहले १२ पुसमा ज्यान गुमाएकी थिइन्।

जनकपुरधामका मेयर साहलाई महामूर्खको उपाधि

जनकपुरधाम/ जनकपुरधाम उपमहानरपालिकाका मेयर मनोजकुमार साह

४३ देशमा हैजा महामारीको जोखिम : डब्लुएचओ

जलवायु परिवर्तन, भूकम्प, युद्धका कारण सुरक्षित पानी र सरसफाइमा पहुँचको अभावसँगै झाडापखालाको जोखिम बढ्दो

हाल सिरिया, लेबनान, हाइटी, पाकिस्तान, भारत, फिलिपिन्सलगायतका देशमा हैजा महामारीको रूपमा फैलिइरहेको छ। दक्षिण अफ्रिकाका देशहरूसमेत उच्च जोखिममा रहेको र यसको मुख्य कारण जलवायु परिवर्तन र युद्ध रहेको डब्लुएचओले स्पष्ट पारेको छ।

मञ्जु टेलर/नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

विश्व स्वास्थ्य संगठनले ४३ वटा देशमा हैजा महामारीको जोखिम रहेको जनाएको छ। हाल विश्वका २२ देश हैजाबाट प्रभावित भइरहेको उल्लेख गर्दै डब्लुएचओले फन्डै एक अर्ब जनसंख्यामा झाडापखालाको जोखिम रहेको जनाएको हो। विभिन्न देशमा फैलिइरहेको झाडापखाला दूषित खानेपानीका कारण तीव्र फैलिइरहेको उसको भनाइ छ। डब्लुएचओको झाडापखालामा गरिरहेको ग्लोबल ओभरभ्युले पछिल्ला वर्षहरूको तुलनामा सन् २०२२ यता विश्वभर नै हैजाबाट ठूलो संख्यामा प्रभावित भइरहेको देखाएको हो। अध्ययनले तीव्र रूपमा भइरहेको जलवायु परिवर्तन, भूकम्प, युद्ध आदिका कारण सुरक्षित पानी र सरसफाइमा पहुँचको अभावसँगै झाडापखालाको जोखिमको मुख्य कारण रहेको बताएको छ।

हाल सिरिया, लेबनान, हाइटी, पाकिस्तान, भारत, फिलिपिन्सलगायतका देशमा हैजा महामारीको रूपमा फैलिइरहेको छ। दक्षिण अफ्रिकाका देशहरूसमेत उच्च जोखिममा रहेको र यसको मुख्य कारण जलवायु परिवर्तन र युद्ध रहेको डब्लुएचओले स्पष्ट पारेको छ। डब्लुएचओको हैजा आपत्कालीन प्रतिक्रिया एकाइका प्रमुख फिलिप बारबोजाले एकै समयमा ठूला प्रकोप पछिल्लो २० वर्षमा नदेखेको बताएका छन्। 'हामीले हेरिरहेका अधिकांश ठूला प्रकोप सबै प्रमुख, असामान्य जलवायु घटनाद्वारा सञ्चालित छन्। हाल उच्च जोखिममा रहेका दक्षिणी अफ्रिकी देशहरूले लगातार भारी वर्षा र चक्रवातको सामना गरिरहेका छन्,' उनले भनेका छन्। यसअघि नै डब्लुएचओले जलवायु परिवर्तनको प्रभावले हैजाको असरलाई 'टर्बोचार्ज' गरिरहेको बताउँदै आएको थियो।

ध्याक्सिनको न्यून प्रयोग

प्रत्येक वर्षजसो विश्वमा हैजाको प्रकोप फैलनुमा ध्याक्सिनको न्यून प्रयोग, औषधि र परीक्षण किटहरूको अभावलाई देखाइएको छ। अहिले झाडापखाला नियन्त्रणका लागि खोप आवश्यक रहे पनि विश्वभर जम्मा ३७ मिलियन खोप मात्रै उपलब्ध भएको र जुन अपर्याप्त रहेको डब्लुएचओले जनाएको हो। बढ्दो हैजाको प्रकोप नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठनले पहिलोपटक दाताहरूलाई २५ मिलियन डलर कोष सहयोग गर्न अपिल गरेको छ।

सन् २०३० सम्ममा विश्वव्यापी रूपमा नियन्त्रणमा ल्याउने लक्ष्य राखेको हैजा महामारी हाल जनस्वास्थ्यका लागि विश्वव्यापी खतरा रहेको डब्लुएचओको भनाइ छ। २०१७ मा विश्वव्यापी हैजा नियन्त्रण रणनीतिले एक दशकमा ९० प्रतिशत हैजा नियन्त्रणमा ल्याउने लक्ष्य राखेको थियो। कोभिड महामारी सुरु हुनुभन्दा पहिले नियन्त्रणमा रहेको हैजा पछिल्ला दुई वर्षमा अत्यधिक बढेपछि नियन्त्रणमा चुनौती देखिएको जनस्वास्थ्यविद्हरूले चिन्ता व्यक्त गर्दै आएका छन्। अनुसन्धानकर्ताहरूले हाल विश्वभर प्रत्येक वर्ष १३ लाखदेखि ४० मिलियन जनसंख्या हैजाबाट प्रभावित भइरहेको र २१ हजारदेखि एक लाख ४३ हजारको मृत्यु भइरहेको अनुमान गरेका छन्।

■ चिकित्सकहरू भन्छन्- नेपालमा हैजाको कारणबारे पर्याप्त अध्ययन नै छैन

नेपालमा पनि बारम्बार झाडापखालाको प्रकोप फैलिने भए पनि यसको कारणबारे पर्याप्त अध्ययन हुन नसकेको भाइरोलोजिस्ट डा. बाबुराम मरासिनी बताउँछन्। उनका अनुसार पछिल्लो समय जलवायु परिवर्तनले निम्त्याएका सुक्खापन, अतिवृष्टि, बाढीपहिरोलाई कारण मानिए पनि नेपालमा यसबारे पर्याप्त अध्ययन नै हुँदैन। '०६६ मा जाजरकोट, रोल्पा, सुर्खेत, दैलेख, सल्यानका लगभग १२० गाविसमा झाडापखाला फैलिएको थियो, जुन इतिहासको सबैभन्दा डरलाग्दो थियो। त्यो वर्ष मध्यपश्चिममा वर्षा नहुँदा सुक्खापन थियो, अन्तर्राष्ट्रिय केही अध्ययनले सुक्खापनलाई प्रमुख कारण देखाए, तर हामीकहाँ अध्ययन भएन। त्यसपछि बाँकेको नेपालगन्ज, रौतहटको गैँडाटार र कपिलवस्तुमा ठूला प्रकोप फैलिइसकेका छन्। यसको कारणबारे गहिरो अध्ययन भने हुनसकेको छैन,' उनले भने। शुद्ध र स्वच्छ खानेपानीको अभाव, व्यक्तिगत सरसफाइको कमीका कारण नेपालमा हैजा फैलिने गरेको छ। सरसफाइको सचेतना नेपालीमा अझै पनि न्यून रहेकाले अन्य प्रकोपको समयमा हैजाको जोखिम हुने गरेको चिकित्सकहरूको भनाइ छ। 'सफा हात, सफा पानी र सफा खानेकुराजस्ता तीनवटा कुरामा ध्यान दिनसकेमा झाडापखाला सजिलै नियन्त्रणमा ल्याउन सकिन्छ। तर, काठमाडौंमै समेत हात धुने बानी हराउँदै गएको छ। विशेष गरी सहरी क्षेत्रमा बासी खानेकुरा (फ्रिजमा अव्यस्थित खानेकुरा स्टोर) खाने ट्रेन्डका कारण झाडापखालाको जोखिम बढ्दो छ,' मरासिनीले भने। गत असोजमा कपिलवस्तुमा झाडापखाला 'आउटब्रेक' हुँदा आठ सय ८५ जना प्रभावित भएका थिए। चारजनाको ज्यान गएको थियो। यसबाहेक हालसम्मकै सबैभन्दा धेरै हैजाको प्रकोप ०६६ मा फैलिएको थियो। इडिसिडीको तथ्यांकअनुसार जाजरकोट, रोल्पा, सुर्खेत, दैलेख, सल्यानमा फैलिएको हैजाबाट ६० हजारभन्दा बढी बिरामी भएका थिए। साढे तीन सयभन्दा बढीको मृत्यु भएको थियो।



■ डा. बाबुराम मरासिनी
भाइरोलोजिस्ट

०६६ मा जाजरकोट, रोल्पा, सुर्खेत, दैलेख, सल्यानका लगभग १२० गाविसमा झाडापखाला फैलिएको थियो, जुन इतिहासको सबैभन्दा डरलाग्दो थियो। त्यो वर्ष मध्यपश्चिममा वर्षा नहुँदा सुक्खापन थियो, अन्तर्राष्ट्रिय केही अध्ययनले सुक्खापनलाई प्रमुख कारण देखाए, तर हामीकहाँ अध्ययन भएन। त्यसपछि बाँकेको नेपालगन्ज, रौतहटको गैँडाटार र कपिलवस्तुमा ठूला प्रकोप फैलिइसकेका छन्। यसको कारणबारे गहिरो अध्ययन भने हुनसकेको छैन।

■ रवि लामिछानेको नागरिकता विवादमा सर्वोच्चको व्याख्या

'विदेशी नागरिकता त्यागेर नेपालको नलिएसम्म राजनीतिक अधिकार हुँदैन'

शिल्पा कर्ण/नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

सर्वोच्च अदालतले विदेशी नागरिकता त्याग गरी पुनः प्राप्तिको प्रक्रिया पूरा नगरिसकेका व्यक्ति अनागरिक नहुने स्पष्ट गर्दै पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नागरिकता निष्क्रिय रहेको फैसला गरेको छ। १३ माघमै भएको उक्त फैसलाको पूर्णपाठमा गैरआवासीय नेपालीले नागरिकता पाए पनि राजनीतिक अधिकार प्राप्त नगर्ने उल्लेख छ।

विदेशी नागरिकता त्यागे पनि नेपाली नागरिकता नलिएका व्यक्तिलाई 'नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पूरा गरेका, तर सो प्रमाणपत्र प्राप्त गरी नसकेका' व्यक्ति भन्न सकिने इजलासको निष्कर्ष छ। यस्ता व्यक्ति भने नागरिकताको प्रमाणपत्र पाएका नागरिकजस्तो राजनीतिक अधिकार उपभोग गर्न नपाउने सर्वोच्चले उल्लेख गरेको हो। पूर्वउपप्रधानमन्त्री लामिछानेको नागरिकता विवादमा १३ माघमा सर्वोच्चको संवैधानिक इजलासबाट भएको फैसलाको पूर्णपाठमा नागरिकताको प्रमाणपत्र पुनः प्राप्तिका लागि नागरिकता ऐन र नियमावलीमा सरल कार्यविधि रहेको तथा नेपाली नागरिकबाट 'कानुन परायणताको न्यूनतम अपेक्षा' राख्ने उल्लेख छ।

नेपाली नागरिकहरू विश्वका विभिन्न देशमा छरिएर रहेको र कुनै अर्को मुलुकको नागरिकता लिए गैरआवासीय नेपालीका रूपमा मान्यता पाउने अवस्था हुने भए पनि शासकीय पदमा निर्वाचित हुन पाउने अधिकार उनीहरूलाई नरहेको फैसलामा छ। गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नागरिकता दिने संवैधानिक व्यवस्था रहे पनि नेपालमा राजनीतिक अधिकार उपभोग गर्नका लागि भने विदेशी नागरिकता त्याग गरी सम्बन्धित जिल्ला प्रशासनलाई त्यसको जानकारी गराई पहिलेको नागरिकता पुनः कायम गराउनुपर्ने फैसलामा छ।

'...गैरआवासीय नेपालीहरूमा रहेको ज्ञान, सीप, अनुभव, पुँजी र प्रविधिको उपयोग नेपाल राष्ट्रका लागि पनि महत्त्वपूर्ण र लाभदायी हुन सक्दछ। ...तर, विदेशी नागरिकता कायम रहेको अवस्थाका गैरआवासीय नेपालीलाई नेपालको कानुनअनुसार शासकीय पदमा निर्वाचित हुने राजनीतिक अधिकार भने प्राप्त हुँदैन,' पूर्णपाठमा छ।

अधिवक्ता रविराज बसौला तथा अधिवक्ता नानीबाबु खत्रीको छुट्टाछुट्टै रिट दर्ता भएकोमा सर्वोच्चबाट यस्तो फैसला आएको हो। उनीहरूले लामिछानेले अमेरिकी नागरिकता त्यागे पनि नेपाली नागरिकताको प्रमाणपत्र नलिएकाले नेपालमा दल खोल्ने, उम्मेदवार बन्ने तथा अन्य राजनीतिक अधिकार प्रयोग गर्न नसक्ने फैसलामा छ। लामिछानेले नेपाली नागरिकता नलिएको भन्ने विवाद सर्वोच्च प्रवेश गरेपछि कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की तथा न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको इजलासले यस्तो आदेश दिएको थियो।

लामिछानेले सन् २०१८ मा राहदानी त्यागको विषय तर्क गरेको थियो। निवेदकहरूलाई चितवन २ का सांसद लामिछानेविरुद्ध रिट लिएर जाने हकदैया नभएको जिकिरका विषयमा सर्वोच्चले बोलेको हो।

'प्रतिस्पर्धी उम्मेदवारले उजुरी गर्नुको उद्देश्य आफूलाई निर्वाचित गरिनुपर्ने भन्ने रहन्छ भने सर्वसाधारण नेपाली नागरिकले कसैको योग्यतामा प्रश्न उठाउनुको प्रयोजन आफ्नो व्यक्तिगत हित वा स्वार्थ पूरा गर्ने कुरामा नभएर संविधान, कानुनको सम्मान वा पालना तथा सार्वजनिक हित वा सरोकारको रक्षा गर्ने अभिप्राय अन्तर्निहित रहेको हुन्छ,' फैसलामा छ। साथै, निर्वाचनको परिणाम आइसकेको अवस्थामा राजनीतिक अधिकार प्रयोग गर्ने व्यक्तिको उक्त हैसियतको भए नभएको कुरामा सर्वोच्च प्रवेश गर्न मिल्ने ठहर इजलासको छ।

लामिछानेको राहदानीका विषयमा भने सर्वोच्च बोलेको छैन। उनले दुई वर्षभन्दा लामो समय अमेरिका र नेपाली राहदानी प्रयोग गरेको विषय रिटमा उल्लेख भए पनि मूल माग भने पदका लागि अयोग्य रहेको थियो। राहदानी ऐनअनुसार उक्त विषयमा निरुपण हुने फैसलामा छ। यस विषयमा पूर्णपाठमा भनिएको छ, '...झुट्ठा विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिएकोसम्बन्धी प्रावधानका सन्दर्भमा प्रचलित कानुनबमोजिम निरुपण गरिनुपर्ने विषय देखिएको र गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौंसमेतका प्रत्यर्थीहरूको लिखित जवाफबाट राहदानीको विषयमा छानबिन भइरहेको भन्ने तथ्यसमेत खुल्न आएको पाइयो। सोही छानबिनका सन्दर्भमा राहदानीसम्बन्धी विषयको निरुपण हुनसक्ने नै हुन्छ।'



फैसलाको प्रमुख विशेषता

- **मतदान गर्ने, दल खोल्ने र निर्वाचित हुने अधिकार नेपाली नागरिकताको प्रमाणपत्र भएका व्यक्तिलाई मात्र हुन्छ**
- **उम्मेदवारको अयोग्यता प्रतिस्पर्धीको मात्र नभई सार्वजनिक सरोकारको विषय हो**
- **विदेशी नागरिकता कायम हुँदा गैरआवासीय नेपालीलाई शासकीय पदमा निर्वाचित हुने अधिकार प्राप्त हुँदैन**
- **विदेशी त्यागेर नेपाली नागरिकता लिने प्रक्रिया पूरा नगरेकाहरू 'अनागरिक' होइनन्, 'नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पूरा गरेका, तर सो प्रमाणपत्र प्राप्त गरिनसकेका व्यक्ति' हुन्**

प्रेस काउन्सिललाई जानकारी गराए पनि नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारप्राप्त निकाय काठमाडौं जिल्ला प्रशासन कार्यालयलाई नभएको भन्दै उम्मेदवारी दिन आवश्यक नेपाली नागरिकताको प्रमाणपत्र विधिवत् रूपमा लिएर मात्र राजनीतिक अधिकार प्रयोग गर्न मिल्ने ठहर इजलासको छ।

सर्वोच्चले कुनै पनि निर्वाचन क्षेत्रका उम्मेदवार अयोग्य भए निजका प्रतिस्पर्धीले मात्र अयोग्यताविरुद्ध कुनै पनि नागरिकले आयोग्यताविरुद्ध अदालत जान पाउने स्पष्ट गरेको छ। लामिछानेको हकमा सरकारी पक्षले कुनै पनि निर्वाचन क्षेत्रका उम्मेदवार अयोग्य भएमा निजका प्रतिस्पर्धीले मात्र अयोग्यताविरुद्ध अदालत जान पाउने

'प्रविधिको प्रयोगले महिला नै बढी पीडित'

काठमाडौं/ राष्ट्रिय सभाका उपाध्यक्ष उर्मिला अर्यालले आमाका नामबाट नागरिकता नपाउनेलगायत नागरिकता समस्या समाधान गर्न लागिपर्ने प्रतिबद्धता जनाएकी छिन्। ११३औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिला, कानुन र विकास मञ्च एवं इक्विलिटी नाउले मंगलबार आयोजना गरेको 'मबाट महिलावाद' विषयक कार्यक्रममा उनले संविधानमा व्यवस्था गरेर पनि आमाका नामबाट नागरिकता नपाएको विषयलाई आफूले गम्भीर रूपमा लिएको बताइन्।



उर्मिला अर्याल
उपाध्यक्ष, राष्ट्रिय सभा

साइबर अपराधका उजुरी काठमाडौमा मात्र दर्ता हुँदा समस्या आएको गुनासा धेरै जिल्लाबाट आएको उल्लेख गर्दै उनले गृह मन्त्रालयको ध्यानाकर्षण गराउँदै सहजताको व्यवस्था गराउन लागिपर्ने प्रतिबद्धता व्यक्त गरिन्। प्रविधिको प्रयोगले महिला नै बढी पीडित भएका घटना आएकाले यसमा सजगता अपनाउन पनि उनले आग्रह गरिन्। महिला हिंसाका घटनामा महिला दङ्गो भए कसैको केही नचल्ने अनुभव सुनाउँदै उपाध्यक्ष अर्यालले महिलाबाट पुरुषलाई पनि हिंसा भएका घटना आउन थालेकाले कसैप्रति पनि हिंसा नहुने वातावरण बनाउनुपर्नेमा जोड दिइन्।

अधिवक्ता नेहा गुरुङले महिलाले आफू सुरक्षित हुन कानूनी ज्ञान राख्नुपर्नेमा जोड दिइन्। कानूनकी विद्यार्थी यशोदा चन्दले प्रविधिले निम्त्याएको विकृति विषयमा कविता पाठ गरेकी थिइन्। प्रविधिले महिला, किशोरी र बालिकामा पारेको नकारात्मक प्रभावका विषयमा सचेतनामूलक नाटक पनि सो अवसरमा प्रस्तुत गरिएको थियो। ८ मार्चका अवसरमा बुधबार विश्वभर 'लैंगिक समानताको बलियो आधार, सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' नाराका साथ ११३औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइँदै छ।

नबिल बैंक लिमिटेड, सिमरा शाखा, जीतपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्तालें बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

झगरु थारुकी छोरी, मेवा राम डगौराकी बुहारी, धनि राम डगौराकी श्रीमती बारा जिल्ला, डुमरवाना गा.वि.स., वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उप-महानगरपालिका, वडा नं. १५ बस्ने, ना.प्र.नं. १०९९३ (जारी मितिः २०६०/०९/१०, स्थान सुनसरी) भएको **श्रीमती जीतनी देवी चौधरी।**

जमानतकर्ताहरुको विवरण

१. बगाली खाँ थारुकी बुहारी, झगरु थारुकी श्रीमती बारा जिल्ला, फतेपुर गा.वि.स., वडा नं. २ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उप-महानगरपालिका, वडा नं. १५ बस्ने, ना.प्र.नं. २३७२ (जारी मितिः २०४२/०२/२२, स्थान बारा) भएको **श्रीमती विसमत कली थारुनी।**

२. माधु राम डगौराको नाति, मेवा राम डगौराको छोरा, कञ्चनपुर जिल्ला, झलारी गा.वि.स., वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उप-महानगरपालिका, वडा नं. १५ बस्ने, ना.प्र.नं. ४०४७१२३८ (जारी मितिः २०५६/०३/११, स्थान कञ्चनपुर) भएको **श्री धनि राम डगौरा।**

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः

बारा जिल्ला, डुमरवाना गा.वि.स., वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उप-महानगरपालिका, वडा नं. १५ बस्ने **श्रीमती जीतनी देवी चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, डुमरवाना गा.वि.स., वडा नं. ४ मा अवस्थित कि.नं. क्रमशः १३५४, १६८७ र १६८८ क्षेत्रफल क्रमशः ०-२-०-०, ०-०-१४-२ र ०-०-७-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

दर्वुङ हेल्थ पोष्ट
गण्डकी गाउँपालिका-५, दर्वुङ, गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति ३०७५/११/२४

यस हेल्थ पोष्टको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिड) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लन्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरुः

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.ब. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र

(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

सिर्दिवास हेल्थ पोष्ट
चुमनुब्री गाउँपालिका, सिर्दिवास, गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति ३०७५/११/२४

यस हेल्थ पोष्टको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिड) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लन्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरुः

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.ब. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र

(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

देश संक्षेप

■ सामुदायिक रेडियो विस्थापित हुँदैनन् : सञ्चारमन्त्री



धादिङ/ सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपालमा सामुदायिक रेडियोलाई अब अन्य सञ्चारमाध्यमले विस्थापित गर्न नसक्ने बताएकी छिन्। ग्रामीण सञ्चार सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित धादिङको पहिलो रेडियो 'रेडियो धादिङ १०६ मेगाहर्ज'ले आयोजना गरेको 'सामुदायिक प्रसारणका लागि सामुदायिक अभियान परामर्श सम्मेलन'लाई सम्बोधन गर्दै उनले नेपालमा सामुदायिक रेडियो स्थापित भइसकेको बताएकी हुन्। 'नेपालका ठूला जनआन्दोलन, राजनीतिक परिवर्तन, सामाजिक रुपान्तरणमा रेडियोले खेलेको भूमिका अतुलनीय छ। सामुदायिक रेडियोकै कारण राजनीतिक परिवर्तन सम्भव भएको हो,' उनले भनिन्, 'रेडियोलाई अझै परिष्कृत बनाउन र प्रविधिसँग जोड्न आवश्यक छ। त्यसका लागि सरकारले योजना बनाएर अघि बढ्नु छ।'

■ सिटी सफारीको ठक्करबाट पैदलयात्रीको मृत्यु

सुनसरी/ रामधुनी नगरपालिका- १ झुम्का बजारमा सिटी सफारीको ठक्करबाट सोमबारराति एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा रामधुनी-५ का ५९ वर्षीय भक्तबहादुर कार्की रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिए। पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को.२ह ३८७७ नम्बरको सिटी सफारीले पैदलयात्री कार्कीलाई ठक्कर दिएको थियो। उपचारका क्रममा कार्कीको मृत्यु भएको र सफारीचालक टहरी- ५ का ३५ वर्षीय सुरेश चौधरीलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

■ बाँकेको बन्दा नहरमा डुबेर दुई बालकको मृत्यु

बाँके/ कोहलपुरमा नहरमा डुबेर मंगलबार दुई बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा कोहलपुर नगरपालिका- १२ चप्परगौडीका १५ वर्षीय मनसुन बराल र नौ वर्षीय अनिल भट्टराई रहेको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिए। बराल स्थानीय दीपज्योति बोर्डिङ स्कुल तथा भट्टराई ज्ञानज्योति स्कुलमा अध्ययनरत थिए। सिमरी नदीको बन्दा नहरमा नुहाउन गएका पाँचमध्ये दुईजना डुबेको सूचना मृतकका आफन्तले प्रहरीलाई दिएका थिए। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

■ शान्ति प्रक्रिया टुंग्याउन प्रधानमन्त्रीको ध्यानाकर्षण

जुम्ला/ माओवादीनिकट भातृ संगठनले आफ्नै पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र पठाएर शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन ध्यानाकर्षण गराएका छन्। उनीहरूले जिल्ला प्रशासन कार्यालय जुम्लाका प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीमार्फत प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र पठाएका हुन्। वाइसिएल जुम्ला, स्वतन्त्र विद्यार्थी संघ, शिक्षक संगठन र अखिल नेपाल महिला संघ संयुक्तले ज्ञापनपत्र बुझाएका हुन्। ज्ञापनपत्रमा वर्तमान सरकारको प्रमुख दायित्व शान्ति, विकास, समृद्धि र सुशासनमा कायम गर्नु भएको भन्दै गणतन्त्रको संस्थागत विकास र शान्ति प्रक्रियाका बाँकी कार्य निष्कर्षमा पुऱ्याउनुपर्ने वेला केही अवाञ्छित तत्त्व सक्रिय भएकाले गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।



'दिलमाया २' असार २९ मा

राजु गिरीले निर्देशन गरेको फिल्म 'दिलमाया २' आगामी असार २९ गतेबाट देशभर प्रदर्शनमा आउने भएको छ। फिल्ममा अभिनेता तथा निर्माता किरण नेपाली र सेन्जल पौडेलको मुख्य भूमिका छ। राजु गिरी प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा सविन बास्तोला, राजु गिरी, अस्मिता बस्नेतलगायतका कलाकारको अभिनय छ।



स्वास्थ्यलाभसँगै सुस्मिताले थालिन् वर्कआउट

बलिउड अभिनेत्री सुस्मिता सेनले इन्स्टाग्राममा सेयर गरेको वर्कआउटको फोटो अहिले चर्चामा छ। व्यायामप्रतिको उनको मोहलाई धेरैले तारिफ गरेका छन्। १० दिनअघि मात्रै सुस्मितालाई सुटिङ सेटमै हृदयाघात भएको थियो। उनी २ मार्चमा अस्पतालबाट डिस्चार्ज भएकी थिइन्।

डिजिटल दुनियाँमा **लैंगिक समानता**

अन्तर्राष्ट्रिय महिला दिवस एक यस्तो विश्वव्यापी कार्यक्रम हो, जसले विश्वभरका महिलाको उपलब्धिको खुसी मनाउँछ। राजनीतिदेखि सामाजिक जीवनसम्म सबै पक्षमा आफ्नो अलग छाप छाड्ने महिलालाई यस दिवसमा सम्मानित गरिन्छ। १९७५ यता संयुक्त राष्ट्रसंघले हरेक वर्ष एउटा विशेष मुद्दालाई अघि बढाउँदै यो दिवस मनाउने गरेको छ। यस वर्षको नारा 'डिजिटअल : आविष्कार र प्रविधिमा लैंगिक समानता' भन्ने रहेको छ।



सन्दर्भ : **अन्तर्राष्ट्रिय महिला दिवस**

सन् १९०८ मा झन्डै १५ हजार महिलाहरूले अमेरिकाको न्युयोर्क सहरमा मतदान अधिकार, राम्रो तलब र काम गर्ने घन्टा कम गर्न माग गर्दै च्याली आयोजना गरेका थिए। यसको एक वर्षपछि 'सोसलिस्ट पार्टी अफ अमेरिका'ले २८ फेब्रुअरीमा महिला दिवस मनाउने घोषणा गऱ्यो। यसरी पहिलोपटक अमेरिकामा महिला दिवस मनाइयो।

अर्को वर्ष जर्मनीको सोसल डेमोक्रेटिक पार्टीकी महिला नेतृ क्लारा जेट्किनले डेनमार्कमा आयोजित अन्तर्राष्ट्रिय महिला सम्मेलनका दौरान अन्तर्राष्ट्रिय महिला दिवस मनाउनुपर्ने प्रस्ताव ल्याइन्। महिलाहरूको मागलाई अघि लैजानका लागि विश्वका सबै देशमा वर्षको एक दिन महिला दिवस मनाउनुपर्ने उनको प्रस्ताव थियो। यस प्रस्तावमा १७ देशका एक सयभन्दा धेरै महिलाले सहमति जनाए। त्यसपछि अन्तर्राष्ट्रिय महिला दिवस मनाउनका लागि समिति गठन भयो। १९११ मा अस्ट्रिया, डेनमार्क, जर्मनी र स्विट्जरल्यान्डले १९ मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस मनाए।

१९१३ मा अन्तर्राष्ट्रिय महिला दिवस १९ मार्चको साटो ८ मार्चमा मनाउने निर्णय गरियो। यसपछि हरेक वर्ष यही दिन महिला दिवस मनाउन थालियो। १९७५ मा संयुक्त राष्ट्रसंघले यस दिवसलाई मान्यता दियो र हरेक वर्ष एक विशेष नारासहित यो दिवस मनाउन थालियो। यस दिन विभिन्न देशमा सार्वजनिक बिदा हुन्छ। विश्वका धेरै ठाउँमा कला प्रदर्शनी, छलफल, च्याली तथा सम्मेलन आयोजना हुने गरेको छ।

> विश्वभरका एक सय ३३ आर्टिफिसियल इन्टेलिजेन्स प्रणालीको विश्लेषण गर्दा ४४.२ प्रतिशत कम्पनीले लैंगिक विभेद गरेको राष्ट्रसंघको अध्ययनले देखाएको छ

प्रविधिमा लैंगिक समानताको माग

संयुक्त राष्ट्रसंघले २०२३ मा प्रविधि क्षेत्रमा महिलाको समान सहभागिताको मुद्दालाई अघि बढाएको छ। प्रविधिमा समानता नभएसम्म लैंगिक विभेद अन्त्य नहुने राष्ट्रसंघको ठहर छ। राष्ट्रसंघका अनुसार पछिल्लो समय आर्टिफिसियल इन्टेलिजेन्स क्षेत्रमा विश्वभर २२ प्रतिशत महिला मात्रै कार्यरत छन्। विश्वभरका एक सय ३३ आर्टिफिसियल इन्टेलिजेन्स प्रणालीहरूको विश्लेषण गर्दा ४४.२ प्रतिशत कम्पनीले लैंगिक विभेद गरेको राष्ट्रसंघको अध्ययनले देखाएको छ। त्यस्तै, एक सय २५ देशका महिला पत्रकारहरूले गरेको यस सर्वेक्षणमा ७३ प्रतिशतले आफ्नो कामका दौरान अनलाइनमार्फत हिंसा भोगेको उल्लेख छ।

डिजिटल प्रविधिमा कायम लैंगिक खाडलले महिलाहरूलाई यसको लाभबाट वञ्चित गर्ने राष्ट्रसंघले जनाएको छ। डिजिटल टेक्नोलोजीले महिला र अन्य सीमान्तकृत समुदायका लागि नयाँ ढोका खोलिरहेको र डिजिटल युगले असमानता र विभेदहरू हटाउनका लागि धेरै अवसर लिएर आएको राष्ट्रसंघले जनाएको छ। राष्ट्रसंघले डिजिटल दुनियाँलाई सुरक्षित, थप सहभागितामूलक र समतामूलक बनाउनका लागि सबै देशका सरकार, अभियन्ता र निजी क्षेत्रलाई आग्रह गरेको छ। त्यस्तै, डिजिटल शिक्षालाई पनि अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ। 'कैयन् विश्वव्यापी संकटहरू सामना गर्दै राम्रो भविष्य बनाउनका लागि हामीसँग अवसर छ। केवल महिला र किशोरीहरूका लागि मात्रै होइन, सिंगो मानवता र पृथ्वीका सबै जीवनहरूका लागि,' राष्ट्रसंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

(एजेन्सीको सहयोगमा)

बैठक कोठालाई आकर्षक देखाउने ९ **बिरुवा**



दीपेन्द्र तुलाधर
गमला घरका सञ्चालक



पिस लिली : पिस लिली 'एयरप्युरिफाई' प्लान्ट हो। यसले शान्ति र सौन्दर्य दुवै प्रदान गर्छ। आकर्षक देखिने भएकाले यो प्लान्टलाई घरभित्रै सजाउन सकिन्छ। यसको फूल सेतो रङको हुन्छ, जो निकै आकर्षक देखिन्छ। यसलाई गमलामा रोपेर तपाईंको बैठक कोठामा सजाउन सकिन्छ।

विपिङ फिग : यसका पात निकै चम्किला हुन्छन्। यसले पनि वातावरणको हावालाई शुद्ध गर्छ। यसलाई कोठामा कम प्रकाश हुने ठाउँमा राख्नुपर्छ।

फिलोडेन्ड्रोन : यसका पात चम्किलो गाढा हरियो हुन्छ। यसलाई घरको जुनसुकै कुनामा राख्न सकिन्छ।

पोथोस : पोथोस घरका जुनसुकै कोठामा पनि राख्न सकिन्छ। धेरै राम्रो बैठक कोठामै राख्दा हुन्छ। पोथोसको गमलालाई हैंगिङ बास्केटमा राख्न पनि सकिन्छ।

पोनीटेल पाम : पोनीटेल पाम निकै सुन्दर बिरुवा हो। यसको लामो र पातलो पातले ताजा अक्सिजन सप्लाई गर्छ। हावा शुद्ध बनाउँछ।

ड्रेकेना : यसले कोठामा पर्याप्त हावा फैलाउँछ। र, हावालाई शुद्ध पनि राख्छ। यसलाई भरपूर रूपमा अप्रत्यक्ष प्रकाश चाहिन्छ।

रबर प्लान्ट : रबर प्लान्ट बहुगुणी बिरुवा हो। यो निकै सुन्दर देखिन्छ। यसले हावामा रहेको कार्बनडाइअक्साइडको मात्रा सोस्छ। कम प्रकाशमा पनि यो राम्ररी हुर्कन्छ।

जरबेरा डेजी : यो निकै सुन्दर बिरुवा हो। यसको फूल विभिन्न रङको हुन्छ।

स्नेक प्लान्ट : स्नेक प्लान्टले रातको समयमा कार्बनडाइअक्साइड सोस्छ। यसले एलर्जी कम गर्न पनि सघाउँछ। यसलाई घरको कुनै पनि कोठामा लगाउँदा हुन्छ। बैठक कोठामा सजाउँदा राम्रो देखिन्छ।

मर्निङ वाकमा किन निस्कने ?



डा. विमल चाजर
हेल्थ एन्ड लाइफ स्टाइल एक्सपर्ट



- पहिलो कुरो तपाईंको रगतमा कोलेस्ट्रोल र ट्राइग्लिसेराइड दुवै कम हुन्छ। कोलेस्ट्रोलले ब्लकेजको काम गर्छ र मुटुसम्बन्धी समस्या निम्त्याउँछ। वाकिङ गर्दा तपाईंको शरीरमा फ्याट कम हुन्छ र कोलेस्ट्रोल र ट्राइग्लिसेराइडसम्बन्धी समस्या कम भएर जान्छ।
- सुगरको कन्ट्रोल हुन्छ। हिँड्दा क्यालोरी कट हुन्छ, नर्मल मानिसले एक मिनेटमा बसिरहँदा एक क्यालोरी, सवा क्यालोरी खर्च गर्छ। तर, यदि उसले वाक गऱ्यो भने तीन क्यालोरीदेखि ५-६ क्यालोरी खर्च गर्छ। नेचुरल्ली क्यालोरी घट्दै जान्छ र तपाईंको तौल घट्दै जान्छ।
- हिँड्दा स्ट्रेस कम हुन्छ। यो ठूलो फाइदा हो। वाकिङबाट हुने अर्को कुरा, तपाईंको हाड-जोर्नी र स्पाइनको समस्यामा पनि फाइदा मिल्छ।
- नियमित हिँड्नु जरुरी छ। वाकिङको सबैभन्दा ठूलो फाइदा फिटनेस हो। फिटनेस राम्रो हुन्छ, अर्थात् तपाईंको हृदय र फोक्सोले कम मिहिनेतबाटै धेरै काम गर्न थाल्छन्।
- तपाईंको मुटुको स्पिड कम हुन्छ। यसपछि जति लामो वाक गर्न पनि समस्या हुँदैन। कम्तीमा ३५ मिनेट वाक गर्नुपर्छ। महिनामा कम्तीमा २५ दिन गर्नुपर्छ।

ढकालको उपन्यास 'जौवा' बजारमा

काठमाडौं/ लेखक विष्णु ढकालको पुस्तक 'जौवा' सार्वजनिक भएको छ। लघुवित्त बैंकर्स संघका अध्यक्ष प्रकाशराज शर्मा, लेखक विष्णु ढकाल, शिखा बुक्सका सञ्चालक पुष्पराज पौडेल, पत्रकार तथा समालोचक राजकुमार बानियाँ, मनोविद् तथा लेखक डा. विजय ज्ञवालीलगायतले संयुक्त रूपमा पुस्तकको लोकार्पण गरेका हुन्।

पुस्तकमाथि समीक्षा तथा शुभकामना मन्तव्य राख्दै कलाकार तेज गिरीले यो पुस्तकले लेखकलाई ठूलो खुसी दिएको बताए। पुस्तकबारे टिप्पणी गर्दै मनोविद् तथा लेखक डा. विजय ज्ञवालीले भने, 'नेपालको मध्यतराईको एउटा गाउँको कथामा लेखिएको जौवा सरल छ,' उनको टिप्पणी थियो , 'जौवा भनेको बिन्दास किसिमको मान्छे, मनमौजी प्रकारको मान्छे हो। तर, जुन कालखण्डको कथा लेखिएको छ, त्यसका घटनाक्रम जोडिएको छैन। प्रजातन्त्र, गणतन्त्र, दशवर्षे जनयुद्ध आदि कुरासमेत समेटिएको भए हाम्रो छोरानाति पुस्तालाई पनि त्यो कालखण्डबारे बोध हुने थियो।' त्यसैगरी, पत्रकार तथा समालोचक राजकुमार बानियाँले पुस्तक समग्रमा राम्रो रहेको बताए।

ग्रामीण बैंकिङ क्षेत्रमा कार्यरत लेखक ढकालले आफूले देखे-भोगेकै कुरा पुस्तकमा लेखेको बताए। 'कथा खोज्दै हिँड्दा हाम्रा वरपरका कथा छुट्ने रहेछन्। त्यसैले नजिकबाट अनुभूत गरेका कुरा लेखेको हुँ,' उनले भने।

जीवन बदल्ने पुस्तक सुम्निमा

मेरो जीवनलाई प्रभावित पारेका पुस्तक थुप्रै छन्। तर, कतिपय यस्ता पुस्तक पनि छन्, जसले मेरो जीवनलाई नै परिवर्तन गरिदिएको छ। बिपी कोइरालाको सुम्निमा र हर्म्यान हेस्सेको 'सिद्धार्थ'ले जीवनलाई हेर्नेको मेरो दृष्टिकोण नै बदलिदिएका छन्।



• अमर न्यौपाने, लेखक

मैले १९ वर्षको उमेर हुँदै सुम्निमा पढेको हुँ। यसमा शरीर र आत्माबारे कुरा गरिएको छ। आत्मा कहिल्यै मर्दैन, शरीर क्षणभंगुर हो। आत्मालाई जोगाउनु पर्दैन। आत्माको जन्म छैन, यसको मृत्यु पनि हुँदैन। रोग लाग्ने र मर्ने त शरीर हो। शरीरलाई जोगाउनुपर्छ, आत्मालाई केही गर्नुपर्दैन। यो फिलोसोफीले मेरो जीवनमा निकै ठूलो प्रभाव पारेको छ। त्यसैले पनि यो पुस्तक मलाई निकै मन पर्छ।

हर्म्यान हेस्सेको 'सिद्धार्थ'मा गोविन्द र सिद्धार्थ दुई पात्र छन्। सिद्धार्थले घर छाडेपछि साथीको प्रेमले गोविन्दले पनि घर छोड्छ। यसैबीच बुद्ध भेटेपछि गोविन्द बुद्धको पछि लाग्छ, तर सिद्धार्थ पछि लाग्दैन। बुद्धका फलोअर्स भिक्षु मात्रै हुन्छन्। बुद्धका ज्ञान अरूका लागि जानकारी मात्रै हो। ज्ञान आफैंभित्र हुन्छ भन्ने सन्देश यो पुस्तकले दिएको छ।

बाल्यकालमा आमाले 'गौरी' खण्डकाव्य सुनाउनुभएको थियो। यसले मेरो बालमस्तिष्कमै प्रभाव पारेको थियो। मलाई लेखनाथ पौडेलको तरुण तपसी र डायमन्डशमशेर राणाको वसन्ती तथा सेतो बाघ पनि मन पर्छ।

कोहलपुरमा गोलभैंडा दलेर मनाइयो होली

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

नेपालको तराई क्षेत्रमा मंगलबार धुमधामका साथ होली मनाइएको छ। यसक्रममा बाँकेको कोहलपुरमा गोलभैंडाको रङले होली खेलिएको छ। मंगलबार गोलभैंडाको रङसँगै 'गोलभैंडा उत्सव नेपाल- २०२३' (ला टोमाटिना फेस्टिभल) आयोजना गरेर होली खेलिएको एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँके च्याप्टरका अध्यक्ष श्रीराम सिग्देलले बताए।

बाँकेको कोहलपुरलाई पर्यटनको हब बनाउने उद्देश्यले 'गोलभैंडा उत्सव नेपाल-२०२३' आयोजना गरिएको उनले बताए। 'भाइचारा, सद्भाव र रङहरूको पर्व होलीजस्तै देखिने यो पर्वले स्वदेशी तथा विदेशी पर्यटकलाई बाँके भित्र्याउन सहज हुनेछ,' उनले भने, 'कोहलपुरलाई पर्यटकीय गतिविधिसँग जोड्ने उद्देश्यले गोलभैंडा उत्सव गरेका हौं।' सेन्थेटिक रङले पार्ने नकारात्मक प्रभाव रोक्नका लागि उत्सवले केही हदसम्म सहयोग गर्ने उनले बताए।



कोहलपुर नगरपालिकाका मेयर पूर्णप्रसाद आचार्यले कोहलपुरमा पर्यटकीय गन्तव्यको विकास र संस्कृतिको जगेर्ना गर्न उत्सवले सहयोग गर्ने बताए। 'आफ्नै करेसाबारीमा उत्पादित टमाटर, हलेदोलगायतको मिश्रणबाट तयार गरिएको रङले आफ्नै सांस्कृतिक उत्सव मनाउनु अत्यन्तै राम्रो कुरा हो,' उनले भने।

धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानिखोला, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७९/११/२४

यस धुनिवेशी नगर कार्यपालिकाबाट देहायबमोजिमको कामको लागि मिति २०७९।१०।१२ गते नागरिक दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार पेश हुन आएका मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले धुनिवेशी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ परिच्छेद ५ को दफा ६३ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं	कामको विवरण	बोलापत्रदाताको नाम	कबोल अंक भ्याट र पि.एस. सहितको रु.
१.	25/KHANIPANI/DM/079/080	Gurdum-Thali-Sayadanda-Kalidevi Lift Khanipani Yojana	श्री पेल्भिस कन्सट्रक्सन एण्ड सप्लायर्स, त्रिपुरासुन्दरी- ०२, धादिङ	रु. ६१,९३,८२०.२०

हुलाकी राजमार्ग निर्देशनालय, मिनभवन, काठमाडौंको
बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०७९।११।२४

मिति २०७९।०७।२३ आर्थिक दैनिक पत्रिकामा र २०७९।१०।१३ नेपाल समाचापत्र दैनिक प्रत्रिकामा प्रकाशित यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं. ०७।०७९।८० र १०।२०७९।८० मा उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये सि.नं. १ प्राबिधिक मूल्यांकनमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम मुल्याइकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र र सि.नं. २ न्यूनतम मुल्याइकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशित गरिएको छ।

तपसिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	न्यूनतम मुल्याकिंत सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम/ठेगना	कबोल अंक रु. (मु.अ. कर र पिं. एस. समेत)
1.	HRP/33701128/079-80/DB-BC-015	Design and Build of Jhim khola bridge Bramhapuri Ga. Pa. at ch 12+000, Lakhandei khola bridge Godaita Na pa at Ch 21+100 along hulaki highway Sitalpur -Malangwa road section, Sarlahi.	Vedanshee Infrastracture Pvt. Ltd. Budhanilkanth-4, Kathmandu	**33,03,63,260.0**
2.	HRP/33701128/079-80/BC-034	Maintenance of Road along Dhodhari-Rajapur-Sati Approach Road, Bardiya	Rajbanshi Nirman Sewa, Magragadi-9, Bardia.	**45,47,730.2**

आयोजना निर्देशक

क्षेत्रीय 'सम्बन्ध'को पेचिलो राप

दक्षिण एसियाको गिजोलिएको शक्ति समीकरणमा अमेरिकी चासोसमेत मिसिँदा यस क्षेत्रको शक्ति संघर्षको पल्ला थप पेचिलो बनेको छ



● सुरेश प्राञ्जली


अग्रलेख

सन् २०२० भरि दिल्ली संस्थापनको मथिंगल चक्करिाउने गरी तीनवटा अनपेक्षित घटना घट्न पुगे । तुलनात्मक रूपमा दिल्लीका अन्य छिमेकीभन्दा 'शान्त' बसेको नेपालले भारतद्वारा अतिक्रमित आफ्ना भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटेर नयाँ राजनीतिक नक्सा जारी गर्दै गर्दा २०२० को जुन १५ तारिखमा गलवान उपत्यकामा र २०२० कै अगस्ट ७ मा लद्दाखमा चीन-भारत सैन्य झडप हताहतीकै तहमा पुग्यो । यो सिलसिला यहीं अन्त्य भएन । २०२० कै अगस्टमा पाकिस्तानले पनि विवादित जम्मु-कास्मिर समेटेर नयाँ राजनीतिक नक्सा जारी गऱ्यो । भारतका साँध जोडिएका तीन छिमेकीसित सम्बन्धित तीन छुट्टाछुट्टै घटना दिल्ली संस्थापनलाई झस्काउन मात्रै पर्याप्त थिएनन्, तिनले छिमेकीलाई हेर्दै आएको 'चस्माको पावर'मा पनि तत्काल थपघट गर्नुपर्ने बोध गराइदियो । भारतले चीन र पाकिस्तानलाई हेर्ने चस्मा फरक होला, तर नेपालजस्तो 'शुभचिन्तक छिमेकी' समेतले चित्त दुखाउनु भारतको सुरक्षा खतराको पारो उकासिनुचाहिँ पक्कै हो ।

पछिल्ला दुई दशक चीनले रणनीतिक रूपमा विस्तार गर्दै गरेको वैश्विक सामरिक सम्बन्धसँगैको आणविक आधुनिकीकरणमा दिल्लीको उत्पात बेचैनी देखिन्छ । सन् १९९० पछि शीतयुद्ध अन्त्य भएयता फेरिएको विश्वको शक्ति-राजनीतिको 'ग्राउन्ड'मा भारत आफूलाई एउटा रबाफिलो 'स्ट्राइकर'को हैसियतमा उभ्याउन चाहन्छ । दक्षिण एसिया क्षेत्रका राजनीतिक रूपले तरल, आर्थिक रूपले कमजोर एवं भौगोलिक आकारका हिसाबले 'साना' छिमेकीसामु भारत आफूलाई 'बिग ब्रदर' ठान्छ । उसले एसिया प्रशान्त क्षेत्रमै जब्बर आणविक तथा आर्थिक हैसियतसहितको एक क्षेत्रीय 'पावर सेन्टर' बन्ने महत्त्वाकांक्षा पालेको छ । तर, चीनको उपस्थितिले दिल्लीको महत्त्वाकांक्षमा 'काउन्टर ब्यालेन्स' गरिदिएपछि उसको क्षेत्रीय 'पावर सेन्टर' बन्ने सपना 'एकल रेखीय' रूपमा सहज हुनबाट वञ्चितजस्तै देखिन्छ । अर्कातर्फ, 'एसियाली पूर्वाधार लगानी बैंक'मार्फत चीनले 'लगानी कूटनीति'लाई प्राथमिकता दिएको परियोजनामा दिल्ली पनि संस्थापक सदस्य छ । त्यसो भए पनि दिल्लीले यसमा आफ्नो 'हात तल परेको' महसुस गर्छ । दक्षिण एसिया तथा बेइजिङसँगको शक्ति सन्तुलनको पल्लामा आफू निर्धो हुन नपरोस् भन्ने दिल्लीले रणनीतिक मनसाय बोकेकैले उसले चीनमाथि 'कूटनीतिक निगरानी'को नजरलाई धारिलो पारेको छ । जसका लागि उसले अमेरिकी साथ खोजेको पनि स्पष्ट छ । दक्षिण एसियाको गिजोलिएको शक्ति समीकरणको हकमा अमेरिकी चासोसमेत मिसिँदा यस क्षेत्रको शक्ति संघर्षको पल्ला थप पेचिलो बनिदिएको छ ।

अमेरिकी पूर्वराष्ट्रपति बिल क्लिन्टनले सन् २००० मार्चमै दक्षिण एसियालाई 'विश्वकै खतरापूर्ण भूमि'को उपमा दिएर टिप्पणी गरेका थिए । आज आएर उनको टिप्पणी स्थापित हुँदै छ । जनसंख्या र भौगोलिक क्षेत्रफलका हिसाबले भारत यस क्षेत्रकै ठूलो मुलुक हो । यस क्षेत्रको तन्किँदो समृद्धिको आयतनसँगै विश्वलाई त्रसित तुल्याउँदै गरेका 'क्रस कटिङ' मुद्दासित भारतको कुनै न कुनै हिसाबको साइनो गाँसिएको छ, गाँसिने भइहाल्यो । सँगै, हिन्द महासागरका टापु राष्ट्रसँग बेइजिङले पछिल्लो समय 'मेरिटाइम कोअपरेसन' कूटनीति बढाएको छ, जसबाट सो महासागरमा चीनलाई भूरणनीतिक जब्बरता निर्माण गर्न सहज हुँदै गएको छ । अर्कातर्फ, सन् १९७२ मा तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको चीन भ्रमणलाई सहजीकरणसहित अमेरिका-चीन 'चिसो' सम्बन्धलाई केही हदसम्म न्यान्यो तुल्याउँदै औपचारिकता विस्तारमा सघाएको गुनको पैँचो तिर्ने उपक्रमस्वरूप पनि हुन सक्छ, पाकिस्तानले चाल्ने 'हरेक राजनीतिक कदम'मा चीनको समर्थन रहेको देखिन्छ । जस्तो कि, पाकिस्तानको कस्मिरमाथिको अडानमै पनि चीनको 'निष्क्रिय समर्थन' देखिन्छ र ऊ पाकिस्तानलाई सघाउन पनि तयार छ, जुन कुराले दिल्ली-बेइजिङ सम्बन्धमा थप तिक्तता बढाइदिएको छ । सँगै, तिब्बतबाट भागेका दलाई लामालाई संरक्षण दिने भारत-चीनबीचको खिल सजिलै निचोरिएला भन्न पनि सकिन्न । यही मामिलाको रणनीतिक दाउपेचकै सन्दर्भमा भारत नेपाली भूमिसमेतको प्रयोग गर्न चाहन्छ । नेपालको पछिल्लो 'शासकीय विचलन'को रणनीतिक लाभ उठाउन भारत उद्यत छ । यही लाभको एउटा कडी हो- चीनसित साँध जोडिएको हिमाली जिल्ला (उपल्लो) मुस्ताङको बारागुङमा उसले खोल्न चाहेको भूरणनीतिक महत्त्वको 'बौद्ध विश्वविद्यालय' ।

त्यसो त आणविक हतियारयुक्त भारत आफ्नो



'पावर होल्डिङ स्ट्याटस'लाई थप मजबुत तुल्याउने उपक्रममा छ । तर, दक्षिण एसियाका अन्य राष्ट्र मिलेर कुनै पनि वेला आफूविरुद्ध सञ्जालीकरण गर्ने हुन् कि भन्ने भयबाट पनि भारतीय संस्थापन त्रसित छ । यही मामिलामा यस क्षेत्रका अन्य मुलुक र चीनबीचको सम्बन्धलाई लिएर वेलावेला भारतको 'कूटनीतिक हतास' सतहमै देखिने गरेको पनि हो । अझ, पछिल्लो समय 'न्यानो बन्न नसकेको' काठमाडौंसँगको दिल्ली सम्बन्ध र पाकिस्तान, बंगलादेशलगायत दक्षिण एसियाली मुलुकमा मजबुत बन्दै गइरहेको चिनियाँ 'प्रभाव'का कारण दिल्ली रन्थनिएको देखिन्छ । यसैबीच दिल्लीको 'टाउको दुखाइ' के पनि हो भने पाकिस्तानमा चीननिर्मित 'ग्वादर पोर्ट' र पाकिस्तानतर्फको कस्मिरसम्म फैलिने चिनियाँ आर्थिक कोरिडोर निर्माण । नेपाल, भुटान, श्रीलंका, बंगलादेश, म्यानमारलगायत भारतसँग भूमि तथा जल साँध जोडिएका मुलुकसित बेइजिङको बढ्दो आर्थिक-सैन्य सम्बन्धको विस्तारलाई भारतले आफूलाई घेर्ने रणनीति'का रूपमा पनि बुझ्ने गरेको छ । हालै भारतीय सैन्य दस्ताको एउटा कार्यशालामा भारतका हवाई सेना प्रमुखले 'पाकिस्तान, आन्तरिक नक्सलवादी वा मौलाउँदो आतंकवादसँगै चीन हावी हुन थालेका कतिपय 'छिमेकी मुलुक' पनि भारतको प्रमुख सुरक्षा खतरा'को सूचीमा मिसिन आएको जिकिर गरेको समाचार भारतीय छापामा आएको थियो । त्यसो त भारतीय उपमहाद्वीप क्षेत्रमा 'बढ्दो चिनियाँ प्रभाव'लाई उसले बढ्दो सुरक्षा चुनौतीका रूपमा लिने भइहाल्यो ।

> भारतले दक्षिण एसियाका आफ्ना छिमेकीसित आपसी अविश्वासको 'गाँठो फुकाउने' उपक्रमलाई प्राथमिकता दिनुपर्छ । किनभने, सार्क क्षेत्रका मुलुकबीच तन्किँदै गएको आपसी अविश्वासको दूरी नै यस क्षेत्रमा बढ्दै गएको सुरक्षा चुनौतीको खास जड हो ।

भारतको बढ्दो जनसंख्या र तन्किँदो गरिबीको आयतनसँगै दक्षिण एसियाली क्षेत्रमा प्राकृतिक स्रोत व्यवस्थापन र बहुआयामिक जटिलता थपिँदै जाँदा सुरक्षा चुनौती पनि थपिँदै छन् । भारत-पाक कस्मिर तनाव यस क्षेत्रको गहिरिँदो संकटको जड त हुँदै हो, सँगै नेपाल-भारत सीमा विवाद पनि सतहमै उक्लिएको छ । यहाँनेर, सिनो-पाक सन्निकटताले त्रस्त भारत एक तहमा चीनलाई नै विभिन्न 'सफ्ट पावर'को लगाम लगाउन चाहन्छ । यसबाहेक, पछिल्लो समय चुस्त बन्दै गइरहेको चिनियाँ 'सबमराइन सामरिक क्षमता'उपर भारतलगायत अन्य पश्चिमा मुलुकको नजर पनि तिखारिएको छ ।

मोदीले लामो समयदेखि भारत-बंगलादेशबीच गिजोलिएको सीमासम्बन्धी उल्झनलाई निकास दिने प्रयत्न गरे । त्यसले सतहमा समस्याको आवरणीय समाधानको सन्देश प्रवाह गरे पनि 'सामरिक मनोवैज्ञानिक' तनावलाई भने सम्बोधन गर्न सकेको छैन । किनभने, सन् २००२ मा बेइजिङ-ढाका रक्षा सहकार्य सम्झौतामा हस्ताक्षर भएपछि बंगाली सेना चीननिर्मित सामरिक सामग्रीमा भर पर्दै आइरहेको छ । बंगलादेशले पनि भारत र म्यानमारसित जोडिएको आफ्नो सीमाभूमिको 'सुरक्षा खतरा'लाई लिएर चीन सम्बन्धलाई थप उचाइमा पुऱ्याउन चाहेको देखिन्छ ।

त्यसो त, दक्षिण एसिया क्षेत्रका साना राष्ट्रले भारतविरुद्ध मोर्चाबन्दी गर्न सक्ने त्रास नै उसको प्राथमिक चासो र चिन्ताको सवाल हो । त्यसैले यस क्षेत्रको राजनीतिक सम्बन्ध सरलीकरणको मञ्च ठानिएको सार्कको अस्तित्व दिल्लीले आफूअनुकूल उपयोग गर्ने सर्तमा मात्रै जोगाउने हो । तर, दिल्लीको एकलौटी सर्तमा नामञ्जुरी दर्ज गरेकैले दिल्लीले सार्कको विकल्पका रूपमा 'बिमस्टेक'लाई थप संगठित र सशक्तीकरण गर्न चाहेको हो । अर्कातर्फ, पछिल्लो समय हिन्द महासागरका टापु राष्ट्रसँगको चीनको सघन सम्बन्ध वा 'मेरिटाइम कोअपरेसन' र हिन्द महासागरमा भूरणनीतिक हिस्सा निर्माणले चीन-भारत टकरावलाई थप बढावा दिएको छ । भारतले दक्षिण एसियाका कुनै पनि मुलुकसितको चिनियाँ 'सहकार्य'लाई आफूविरुद्धको 'सक्रियता'का रूपमा बुझ्दै आइरहेको छ । त्यसकारण पनि दक्षिण एसियामा चिनियाँ सक्रियता बढ्दै गर्दा बहुपक्षीय सुरक्षा चासोको जटिलताले सार्क क्षेत्रलाई गाँज्नु स्वाभाविक भइहाल्यो ।

सन् २०१४ मा मोदीले भारतीय 'सत्ताको साँचो' बुझेपछि 'लुक इस्ट' नीतिमा बढ्दो चाख राखे । उनले एसिया प्रशान्त क्षेत्रमा बढ्दो चिनियाँ प्रभावलाई न्यूनीकरण गर्दै हिन्द महासागरमा बढ्दै गरेको चिनियाँ उपस्थितिलाई लगाम लगाउन जापान, अस्ट्रेलिया र आसियन राष्ट्रसँगको सम्बन्ध मजबुतीकरणको नीति अख्तियार गरे । त्यसका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को स्थायी सदस्यताका लागि भारतले 'फलामको पापड बेलेको' देखिन्छ । किनभने, सुरक्षा परिषद्को 'भिटो'सहितको स्थायी सदस्यताले अन्तर्राष्ट्रिय राजनीतिमा भारतको स्थान मजबुतीकरण गर्ने त भइहाल्यो, सँगै विश्व सैन्य आणविक क्लबको सूचीमा आफूलाई स्थापित गराउँदै मनोबलसमेत बढाइदिने बुझाइ भारतको हो । भलै यतिखेरचाहिँ सार्क क्षेत्रको बहुआयामिक सुरक्षा जटिलतासँगको सामना अनि दक्षिण एसियाको 'कलेक्टिभ सेक्युरिटी'को पाटोलाई कसरी सम्बोधन गर्ने भन्ने सवाल यस क्षेत्रको खास चासोको विषय हो । यदि यी सवाललाई सम्बोधन गर्ने हो भने भारतले दक्षिण एसियाका आफ्ना छिमेकीसित आपसी अविश्वासको 'गाँठो फुकाउने' उपक्रमलाई प्राथमिकता दिनुपर्छ । किनभने, सार्क क्षेत्रका मुलुकबीच तन्किँदै गएको आपसी अविश्वासको दूरी नै यस क्षेत्रमा बढ्दै गएको सुरक्षा चुनौतीको खास जड हो ।

---

३ प्रश्न

अधिवक्ता तथा लेखक **सरिता तिवारी**लाई



अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई कसरी हेर्ने गर्नुभएको छ ?

यो एउटा उत्सव मनाउने, खुसी साटासाट गर्ने दिन हो । यो आममहिलामा उत्साह भर्ने दिन हो । सुरुमा श्रमिक महिला दिवस भन्ने गरिए पनि पछिल्लो समयमा यो वर्गीय हुँदै गएको छ । वर्गीपिच्छे मनाउने चरित्र पनि फरक देखिने गरेको छ । 'हाई क्लास' का महिलाले मनाउने र निम्न तथा निम्नमध्यम वर्गले मनाउने दिवसको शैलीमा ठुलो अन्तर देखिन्छ ।

महिला दिवस मनाउँदै गर्दा नेपाली महिलाको अवस्था कस्तो पाउनुभएको छ ?

देशमा राजनीतिक परिवर्तनको लहर आएको छ । महिलाले राजनीतिक अधिकार पाएका छन् । तर, केही 'टोकन वुमन' बाहेक अन्यको अवस्थामा खासै परिवर्तन आएको छैन । स्थानीय तहका वडादेखि राष्ट्रपतिसम्म महिला पुगेको दाबी त गरिन्छ । तर, यसबाट सीमित व्यक्ति र वर्गले मात्र लाभ लिएको अवस्था छ । कतिपय नाबालिकाहरू पीडित बनेका गम्भीर प्रकृतिका यौनजन्य दुर्व्यवहारमा समेत उल्टै पीडितलाई नै लाञ्छित गर्नेसम्मका काम पनि भइरहेका छन् ।

नेपाली महिला सशक्तीकरणमा हामी कहाँ चुकिरहेका छौं ?

महिला सहभागितालाई प्रतिनिधित्वमूलक बनाउने विषयमा हामी चुकिरहेका छौं । हामी कुनै पनि तह, निकाय या पदमा सारी लगाउने कतिजना पुगे भनेर गन्ती गरेर हेर्छौं । यथार्थमा महिलाको सही अर्थमा समावेशी प्रतिनिधित्व हुन सक्यो कि सकेन, उनीहरू अधिकारसम्पन्न हुन सके कि सकेनन् भनेर हेरिन्न । हामी यहींनिर चुकिरहेका छौं ।

प्रेरक प्रसंग

धर्ती फाट्दै छ !

धेरैअघि जंगल कुनै रूखमुनि एउटा गधा आराम गरिरहेको थियो । बस्दाबस्दै उसले सोच्यो यदि यो धर्ती फाट्यो भने हाम्रो के हालत होला ! अचानक नजिकै ठूलो आवाज सुनियो । आवाज सुन्नासाथ गधा 'बचाऊ, बचाऊ' भन्दै बेतोडले भाग्न थाल्यो । गधा भागेको देखेर अर्को गधाले प्रश्न गऱ्यो- ए साथी ! तिमी किन भागिरहेका छौ ? उसले आत्तिँदै भन्यो- तिमी पनि भाग, धर्ती फाट्दै छ ! उसको कुरा सुनेपछि प्रश्नकर्ता गधा पनि चिच्याउँदै भाग्यो । एकैछिनमा सयौं जनावर उनीहरूसँगै आत्तिँदै चिच्याउँदै भाग्न थाले । हेर्दाहेर्दै जंगलमा हाहाकार मच्चियो ।

यो भागदौडबारे जंगलको राजा सिंहले समेत थाहा पायो, भागिरहेका जनावरलाई रोक्दै उसले प्रश्न गऱ्यो- होइन, तिमीहरू किन यसरी भागिरहेका छौ ? भिडको अगाडि रहेको बाँदरले हात जोडेर भन्यो- महाराज ! धर्ती फाट्दै छ । हजुर पनि आफ्नो ज्यान बचाउने भए यहाँबाट भाग्नुहोस् । सिंहले गर्जिदै प्रश्न गऱ्यो- कसले भन्यो यो सब ? सिंहको प्रश्न सुनेपछि सबै एक-अर्काको मुख ताक्न थाले । सबैले आफूले अर्काबाट सुनेको भन्दै जाँदा सुरुमा गधाले भनेको थाहा भयो । गधालाई सिंहको अगाडि ल्याइयो । सिंहले प्रश्न गऱ्यो- तँलाई धर्ती फाट्दै छ भन्ने कसरी थाहा भयो ? गधाले काम्दै जवाफ दियो- मैले आफ्नै कानले धर्ती फाटेको आवाज सुनेको थिएँ सरकार !

सिंहले भन्यो- त्यसो भए मलाई त्यो धर्ती फाटेको ठाउँ देखाउन हिँड् । सिंहको आदेश पाएपछि थरथर काम्दै गधा अघि लाग्यो । सिंह र अन्य जनावर उसको पछि लागे । आफू पहिले बसिरहेको रूखको फेदमा पुगेपछि गधाले भन्यो- महाराज ! म यहीं थिएँ । अचानक धर्ती फाटेको आवाज आयो र धुलो पनि उड्यो । अनि म यहाँबाट भागें ।

सिंहले रूखको वरिपरि घुमेर हेऱ्यो र त्यसको कारण पत्ता लगायो । अनि उसले आफ्ना प्रजाहरूलाई सम्बोधन गर्दै भन्यो- मेरा प्यारा जंगलवासीहरू हो ! यहाँ नजिकै एउटा नरिवलको अग्लो रूख रहेछ । हावा चल्दा नरिवल झरेर एउटा ठूलो ढुंगामा बजारिएछ र त्यही फुट्दा आएको आवाज र धुलो देखेर यस मूर्ख गधाले धर्ती फाटेको ठानेछ । यो त गधा हो, यसको बुद्धि छैन । तर, तपाईंहरू पनि कसैले 'कागले कान लग्यो' भन्दैमा कानै नछामी कागको पछि दौडिनुभयो, होइन ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कहिले सुध्रिएलान् हाम्रा नेता ?

आमजनमानसमा यतिखेर वर्तमान राजनीतिक गतिविधिप्रति घोर निराशा र आक्रोश व्याप्त छ । देशको आर्थिक अवस्था टाट उल्टिसक्यो । नेताहरूजति आफूले टन्न खान पाएपछि जनताका दुःखपीडालाई बेवास्ता गरिबसेका छन् । जनताचाहिँ काम र मान नपाएर भोको पेट लिएर बिदेसिएका छन् । यो क्रम दिनदिनै बढ्दै छ । यस्तो हुँदा पनि हाम्रा नेतागणमा देश र जनताप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध एकरति छैन । पार्टी एकता, दलगत एकता हुँदाहुँदै देश र जनतालाई लुट्ने कार्यमा समेत नेताबीच एकमत देखिन्छ । कहिले सुध्रिएलान् यी ?

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा

भिआइपीलाई सुविधा कति ?

केही दिनअघि सामाजिक सञ्जालमा एउटा भिडियो देखेकी थिएँ । त्यसमा वर्तमान उपसभामुख इन्दिरा राना भन्दै हुनुहुन्थ्यो- सरकारले घरभाडा भनेर जम्मा ३५ हजार दिएको छ, जब कि म अहिले नै ४२ हजार तिर्दै आएकी छु । के उहाँले तिर्दै आएको सम्पूर्ण रकम हामी जनताले नै तिरिदिनुपर्ने हो ? सरकारले दिएको रकमले पुग्दैन भने उहाँ अलि सस्तो ठाउँमा बस्न सक्नुहुन्न ? के सुविधा पुगेन भनेर रोइकराइ नै गर्नुपर्छ र ?

● **माधवी बस्नेत**
कुलेश्वर, काठमाडौं

महिला पाइलटलाई बधाई

नेपालमै पहिलोपटक दुई महिला पाइलटले अन्तर्राष्ट्रिय उडान गरेको समाचार सुन्दा खुसी लाग्यो । महिलालाई अधिकांश क्षेत्रमा उच्च तहको जिम्मेवारी दिन हिचकिचाउने हाम्रो जस्तो समाजमा भावना पन्त र सिर्जना रावतले अन्तर्राष्ट्रिय उडानमा ककपिट सम्हालेर अलग उदाहरण देखाएका छन् । हाम्रो समाजमा अवसर नपाएर मात्र महिला पछि परेका हुन्, उनीहरू अक्षम भएर होइन । कुनै पनि क्षेत्रमा पाएको जिम्मेवारी हरेक महिलाले कुशलतापूर्वक निर्वाह गरेको हुनाले महिलालाई अवसर दिन कन्जुस्याइँ नगरौं ।

● **सुमित्रा पासवान**
कोटेश्वर, काठमाडौं

एम्बुलेन्सलाई जान दिऊँ पहिले

केही दिनअघि त्रिपुरेश्वरको व्यस्त सडकमा जाममा परियो । बिहानको कार्यालय समय भएकाले सडक भरिभराउ थियो । उसो त बिरामी बोक्ने एम्बुलेन्स आफैंमा संवेदनशील हुन्छ नै । जाममा फसेको लमजुङबाट बिरामी बोकेर आएको एम्बुलेन्समा बेग्लै छटपटाहट थियो । म नजिकै थिएँ । एम्बुलेन्सको साइरन बजि नै रहेको थियो । चालकको अनुहारमा चिन्ता र चाँडै अस्पताल पुऱ्याउन पाए हुन्थ्यो भन्ने व्यग्र चाहना दुवै थियो । तर, व्यस्त समयको भरिभराउ सडकमा उनको चिन्ताले बाटो पाएन । साइरन बजि नै रह्यो, सबैलाई हतारो भएकाले होला, कसैले त्यसको मतलव गरेनन् । सडकमा खटिएका ट्राफिक प्रहरीमा पनि यो संवेदनशील घडी हो, बिरामी जीवन-मरणको दोसाँधमा हुन्छ भन्ने भान परेजस्तो देखिएन । तपाईंलाई जतिसुकै हतारो भए पनि कसैको जीवनजत्तिको हतारो चाहिँ पक्कै हुँदैन । तपाईं-हाम्रो सानो सचेत सहयोगले बिरामीको जीवन बच्छ, उसले पुनर्जीवन पाउँछ भने हामीलाई केहीबेर ढिलो भएर के नै फरक पर्छ र ? त्यसैले, आउनुहोस्, हाम्रो सहरलाई एम्बुलेन्समैत्री सहर बनाउने अभियानमा हातेमालो गरौं ।

● **प्रमोदकुमार पौडेल**, कलंकी, काठमाडौं

लैंगिक समानताका लागि तथ्यांक

लैंगिक समानतालाई प्रोत्साहनका लागि लैंगिकतामा आधारित तथ्यांक र मूलतः महिला तथा बालिकालाई असर गर्ने मुद्दाबारेको सूचनाको उत्खनन महत्त्वपूर्ण हुन्छ



देश / विदेश

● अतिया अनिश

'जुन समस्याको मापन हुन्छ, त्यसको समाधान पनि हुन्छ ।' यो भनाइका लागि कसैले व्यवस्थापन गुरु पिटर ड्रकर त कसैले भौतिकशास्त्री लर्ड केल्भिनलाई श्रेय दिन्छन् । जोसुकैले भनेको भए पनि भनाइको ठूलो महत्त्व छ । समस्या वा असन्तुलनको तथ्यांक नै छैन भने सम्बोधन गर्ने अख्तियारी पाएको व्यक्तिको प्राथमिकतामा त्यो समस्या पर्दैन । समस्या प्राथमिकतामै नपरे समाधान हुने सम्भावना निकै कम हुन्छ । र, यदि तथ्यांकविनाका समस्याको समाधान खोजिन्छ भने ती समाधानको उद्देश्यपूर्ति गर्ने सम्भावना निकै कम हुन्छ वा समाधान प्रभावकारी हुँदैन । यही कुरा लैंगिक समानतामा पनि लागू हुन्छ ।

आजको अधिक सूचनाको विश्वमा नीति-निर्मातासँग समस्याको निदान गर्न, नवीन समाधान खोज्न, कार्यान्वयनको निगरानी गर्न र समाधानको प्रभावकारिता बढाउन नीतिहरू समायोजन गर्न प्रशस्त तथ्यांक छ भन्ने लाग्न सक्छ । बृहत् आँकडाको युगमा पनि नीति-निर्मातासँग जहिल्यै सटिक, सुसंगत, समयसापेक्ष र प्रतिनिधि तथ्यांकको अभाव हुने गर्छ । नतिजा नीति-निर्माताले अपूरो सामाजिक-आर्थिक अवस्थालाई हेरेर काम गर्छन् । उदाहरणका लागि तथ्यांकले भारतीय श्रमबजारमा महिलाको सहभागिता सन् २००५ यता घट्दै गएको देखाएको छ । म्याकिन्से ग्लोबल इन्स्टिच्युटका अनुसार यो प्रवृत्तिलाई उल्ट्याएर लैंगिक समानता हासिल गरियो भनेको सन् २०२५ सम्ममा भारतको कुल गार्हस्थ उत्पादन (जिडिपी) मा सात खर्ब ७० अर्ब डलरबराबरको रकम थपिनेछ । यद्यपि प्रभावकारी समाधानका लागि महिलाको श्रम बजार सहभागिता र विभिन्न सामाजिक, राजनीतिक एवं आर्थिक शक्तिबीचको जटिल सम्बन्ध र त्यससँगै लैंगिक समानता एवं बृहत् विकास परिणामलाई समेट्ने व्यापक तथ्यांक आवश्यक पर्छ ।

लैंगिक समानतालाई प्रोत्साहनका लागि लैंगिकतामा आधारित तथ्यांक र मूलतः महिला र बालिकालाई असर गर्ने मुद्दाबारेको सूचनाको उत्खनन् महत्त्वपूर्ण हुन्छ । लैंगिक हिंसाबारेको विश्व बैंकको आँकडाअनुसार १५ देखि ४९ वर्षका तीनजना बालिका वा महिलामध्ये एकले शारीरिक वा यौनहिंसा व्यहोरेका हुन्छन् । डेटा२एक्सका अनुसार तान्जानियामा बालबालिकाविरुद्ध हुने हिंसाको तथ्यांक संकलनका कारण प्रभावकारी सरकारी हस्तक्षेप सम्भव भयो । नतिजा दीर्घकालीन बहुक्षेत्रीय परिवर्तन भयो । त्यसैगरी, विश्व बैंकका अनुसार भियतनामले महिला र बालिकाको सुरक्षालाई सुदृढ पार्न जनसांख्यिकीय र स्वास्थ्य सर्वेक्षणको तथ्यांक प्रयोग गरेको छ । भियतनाममा नीति-निर्माणमा तथ्यांकको संज्ञान मात्रै लिइएको थिएन, बरु त्यहाँ तथ्यांकले लैंगिक हिंसाबारे बहस नै सिर्जना गरेको थियो, फलस्वरूप लैंगिक समानतामा राष्ट्रिय रणनीति निर्माण भयो । हाल भियतनाममा घरेलु हिंसाको सामना गरिरहेका महिलाले परामर्श, स्वास्थ्य, कानुनी र आश्रय सेवामा थप पहुँच पाएका छन् ।

यद्यपि बृहत् तथ्यांक संकलन कठिन काम हो । कुनै पनि सानो तथ्यांकीय त्रुटि वा मापन पूर्वाग्रहले तथ्यांक संकलन र उत्पादनको कुनै पनि तथ्यांकलाई गैरप्रतिनिधिमूलक बनाउन सक्छ । त्यसैगरी संकलनका क्रममा उत्तरदाताको पूर्वाग्रह पनि झल्किन सक्छ र यस्तो पूर्वाग्रह प्रायः पुरुष उत्तरदाताबाट हुने गर्छ । कोभिड-१९ भन्दा पहिले सर्वेक्षण विधि विश्वभर सबैभन्दा धेरै प्रयोग हुने घरेलु तथ्यांक संकलन विधि थियो । तर, महामारीले फोन-आधारित सर्वेक्षण अपनाउन बाध्य बनायो नतिजा मोबाइल फोनमा न्यून पहुँच भएका महिला र अन्य समूहको प्रतिनिधित्व घट्ने सम्भावना बढ्यो । कमजोर नेतृत्व, राजनीतिक इच्छाशक्तिको अभाव र अपर्याप्त



तस्बिर : मनीष राजपुत/सोपा इमेजेस

स्रोत विनियोजनलाई लैंगिक तथ्यांक संकलनको अवरोधका रूपमा हेरिएको छ ।

राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा तथ्यांक समायोजनमा सुधार गर्नु यी अवरोधलाई हटाउने एक उपाय हो । यसबाहेक महिलालाई तथ्यांकको प्रयोग र योगदानमा क्षमता अभिवृद्धि गराउने प्रयास गर्नुपर्छ ।

खुला तथ्यांक संस्थामा महिलाको बढ्दो सहभागिताले तथ्यांक संकलनका लागि थप समावेशी उपायमा प्रगति ल्याउन सक्छ । यी प्रयासका लागि अहिलेका उत्कृष्ट अभ्यासको सहयोग लिन आवश्यक छ । उदाहरणका लागि सन् २००८ देखि नर्वेमा राष्ट्रिय लैंगिक समानता सूचकांक प्रकाशित भइरहेको छ, जसमा कुल आय, जनशक्ति, व्यापार, सार्वजनिक क्षेत्र, शिक्षा र नेतृत्वमा लैंगिक सहभागिताको अवस्था चित्रण गरिन्छ । त्यसैगरी स्विडेनले मुलुकका सबै सार्वजनिक निकायलाई आफ्नो वार्षिक प्रतिवेदनमा अनिवार्य रूपमा लैंगिक तथ्यांक समावेश गर्नुपर्ने व्यवस्था कायम गरेको छ । यी मोडल अनुकरणयोग्य छन् ।

नागरिक समाज र बहुपक्षीय संगठनले पनि महत्त्वपूर्ण परिवर्तन गर्न सक्छन् । बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनको सहयोगमा विश्व बैंकको लैंगिक तथ्यांक सुदृढीकरण परियोजनाले पहिले नै १२ इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन मुलुकलाई लैंगिकता आधारित तथ्यांकको प्रयोजन एवं गुणस्तर वृद्धिका लागि सहयोग गरिरहेको छ । यो पहललाई दोहोऱ्याउँदा र फैलाउँदा सरकारलाई प्रामाणिक नीति निर्माण गर्न सघाउँछ ।

अन्त्यमा उत्तरदायित्व बढाउन र सुशासन कायम गर्न तथ्यांकको महत्त्वलाई अनदेखा गर्न सकिँदैन । उच्च गुणस्तरीय, समयसापेक्ष र बृहत् तथ्यांकले हामीलाई लक्षित नीति बनाउन र थप प्रभावकारी ढंगले स्रोत बाँडफाँड गर्न सुविधा मात्रै नदिई यसले हामीलाई ती नीतिको प्रभाव र सरकारको कार्यसम्पादन मापन गर्न पनि सघाउँछ । तथ्यांक संकलनलाई सुधार्न थोरबहुत लगानी भने आवश्यक हुन्छ । तथापि थप प्रभावकारी, अनुकूल र लागत-प्रभावी नीति अपनाउँदा लगानीले अन्ततः सरकारी बजेटमै समावेश हुनुपर्ने दबाब कम गर्छ । र, मुलुक लैंगिक समानतातर्फ अघि बढ्दै जाँदा सामाजिक, आर्थिक र विकासका लाभ थपिँदै जान्छन् ।

(अनिश सान्त्जबर्ग ग्लोबल फेलो हुन्, उनी सञ्चार एवं पैरवी व्यवसायी हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

भूलसुधार

मंगलबारको नयाँ पत्रिकाको पहिलो पृष्ठमा प्रकाशित 'भ्रष्टाचार मुद्दामा तीन मेयर र एक अध्यक्षसहित १३ जनप्रतिनिधि निलम्बित' शीर्षकको समाचारमा कैलालीको मोहन्याल गाउँपालिका अध्यक्ष देवीदत्त उपाध्यायको नाम र फोटो तथा सोही गाउँपालिकाका वडा नम्बर ३ का अध्यक्ष नन्दराम गिरी र नुवाकोटको विदुर नगरपालिका वडा नम्बर ९ का अध्यक्ष हरिराम भण्डारीको नामसमेत पर्न गएकोमा क्षमायाचनासहित भूलसुधार गरिएको छ । उनीहरू तीनै जनाले विशेष अदालतबाट सफाइ पाइसकेका छन् । सं.

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कोभिडभन्दा घातक हुन सक्छ वर्डफ्लु

लामो समयदेखि कुखुरा फार्ममा विनाश निम्त्याइरहेको यो भाइरस पछिल्लो समय बसाइँसराइ गर्ने चरामा पनि देखिन थालेको छ। परिणामस्वरूप वर्डफ्लु पहिले नदेखिएको ठाउँमा पनि देखिन थालेको छ। हुँदाहुँदा अब स्तनधारी प्राणी पनि यसको चपेटामा पर्न थालेका छन्।



● जेनेप तुफेक्सी

तुफेक्सी कोलम्बिया विश्वविद्यालयकी प्रोफेसर हुन्

विश्व कोभिड- १९ ले निम्त्याएको विनाशबाट बाहिरिने प्रयास गरिरहेको बेला थप भयानक महामारीको सम्भावना देखिएको छ। औपचारिक नाम एभियन इन्फ्लुका रूपमा चिनिने 'वर्ड-फ्लु' पहिलेदेखि नै वैज्ञानिकहरूलाई चिन्ताको विषय थियो। यस जीवाणुको एच५एन१ स्ट्रेनले प्रायः मानिसलाई संक्रमित बनाउँदैन, तर दुर्लभ अवस्थामा यसबाट जति संक्रमित भए तीमध्ये ५६ प्रतिशतको मृत्यु भएको छ (तुलनाका लागि जोन हप्किन्स विश्वविद्यालयको तथ्यांकअनुसार कोभिड संक्रमित बिरामीमध्ये १.०२% को निधन भएको छ)। हालसम्म एक मानिसबाट अर्को मानिसमा सजिलै फैलिन नसकेकै कारणले मात्र वर्ड-फ्लुलाई विश्वव्यापी महामारी हुन रोकिराखेको छ। तर, पछिल्ला केही घटनाक्रमले यसमा परिवर्तन आउन थालेको संकेत देखाएको छ।

लामो समयदेखि कुखुरा फार्ममा विनाश निम्त्याइरहेको यस भाइरस एकपछि अर्को बसाइँसराइ गर्ने चरामा देखिन थालेको छ। परिणामस्वरूप, वर्ड-फ्लु पहिले नदेखिएको ठाउँमा पनि देखिन थालेको छ। हुँदाहुँदा अब स्तनधारी प्राणी पनि यसको चपेटामा पर्न थालेका छन्। मानिस पनि स्तनधारी प्राणी भएको कारण वैज्ञानिकहरू एच५एन१ को नयाँ भेरिएन्टले महामारीको रूप लेला भनेर चिन्तित छन्। हालै एच५एन१ को एक स्ट्रेनले स्पेनमा भुवाका लागि पालिने मिन्स्कको फार्ममा महामारीको रूप लिएको थियो। भाइरसले मिन्स्कलाई संक्रमित मात्र बनाएन एक मिन्स्कबाट अर्कोमा सरेको पनि देखियो। विगतमा पक्षीबाट स्तनधारीमा यो भाइरस फैलिएको भए पनि कुनै एक स्तनधारीबाट अर्को स्तनधारीमा सरेको पाइएको थिएन। अझ डरलाग्दो के भने, मिन्स्कको माथिल्लो श्वासप्रश्वास नली मानिसको सोही अंगसँग एकदम मिल्दोजुल्दो भएकाले मानिसमा सर्ने सम्भावना उच्च रहेको भाइरस एभियन इन्फ्लुएन्जाको अध्ययन गरेका भाइरोलोजिस्ट थोमस पिकक बताउँछन्।

एच५एन१ विनाशकारी महामारी बन्नुअघि नै विश्वले कदम चाल्न ढिलो गर्नुहुँदैन। भावी महामारीसँग जुध्नका लागि खोपलगायत धेरै औजार जरुरी हुन्छ। तर, स्थितिको गम्भीर्यताअनुरूपको तदारुकता र कदम चालिएको देखिँदैन। कुनै पनि प्राणघातक जीवाणुविरुद्धको सबैभन्दा उत्कृष्ट प्रतिरक्षात्मक हतियार प्रकोपलाई सुरुमै दबाउनुपर्छ। यसका लागि शीघ्र पहिचान आवश्यक पर्छ। अमेरिका, विश्व स्वास्थ्य संगठन र संसारभरका स्वास्थ्य अधिकारीहरूबीच इन्फ्लुएन्जा निगरानी गर्ने सञ्जाल तयार छ, तर कैयौं एभियन इन्फ्लुएन्जाविज्ञहरू ती सञ्जालले खतराको स्तरअनुरूप काम गर्न नसक्ने बताउँछन्। यस्तो निगरानीमा कुखुरा फार्मका मानिसलाई पहिलो प्राथमिकतामा राख्न आवश्यक पर्छ, तर अन्य क्षेत्रलाई पनि समावेश गर्नुपर्छ। नेदरल्यान्डको इरास्मस विश्वविद्यालय मेडिकल सेन्टरका एभियन इन्फ्लुएन्जाविज्ञ थिइज्स कुइकेन सुँगुरका फार्म पनि निगरानीमा राख्नुपर्ने बताउँछन्। साथै, वन्यपक्षी र अन्य जीवको संगतमा रहने मानिस पनि उच्च जोखिममा छन्।

रोग नियन्त्रणमा पहिचान पहिलो कदम हो, तर त्यति नै पर्याप्त भने हुँदैन। भाइरसको संक्रमण सुरुवाती अवस्थामै नियन्त्रण गर्नका लागि विश्वव्यापी सहकार्य आवश्यक पर्छ। मिन्स्क फार्महरू छिटोभन्दा छिटो पूर्ण रूपमा बन्द गर्नुपर्छ, भलै यसका लागि मिन्स्कहरूको समूल नष्ट गर्न किन नपरोस्। आखिरमा मिन्स्कहरू ६ महिना भएपछि भुवाका लागि मारिन्छन् नै। व्यापारिक स्वार्थका लागि हामी मानिसको जस्तै माथिल्लो श्वासप्रणाली भएको लाखौं जीवमा भाइरस प्रसार हुनदिनु निकै घातक हुन्छ। सन् २०२० मा कोरोनाभाइरस डेनिस मिन्स्क फार्ममा प्रसार हुँदा सो भाइरसको नयाँ भेरियन्ट विकास भएको थियो, जुन पछि मानिसमा सर्‍यो। संक्रमण नियन्त्रणबाहिर गएपछि मिन्स्क फार्म उद्योगलाई बचाउने प्रयास असफल बन्यो र सबै मिन्स्क मारिए। यदि एउटै व्यक्तिलाई फ्लुका फरक स्ट्रेनले एकैपटक संक्रमित गरे भने ती स्ट्रेनहरूबीच जिनका केही हिस्सा साटफेर भएर एक नयाँ र थप फैलिने स्ट्रेन विकास हुन सक्छ। यदि पहिलेदेखि फ्लु लागेको मिन्स्क फार्म श्रमिकहरूलाई एच५एन१ ले संक्रमित गर्‍यो भने त्यही समयबाट नयाँ भाइरस र विश्वव्यापी महामारी सुरु हुन सक्छ।

यो स्थिति आउन नदिने हो भने विश्वभर द्रुत परीक्षण व्यापक रूपमा उपलब्ध हुनुपर्छ। विशेष गरी कुखुरापालनमा संलग्न श्रमिक र जंगली चराहरू वा अन्य वन्यजन्तुसँग उठबस गर्ने मानिसहरूलाई पनि यो व्यवस्था गर्नैपर्छ। यसका लागि सबैभन्दा पहिले अहिलेको परीक्षण क्षमता चाँडै विस्तार गर्नुपर्छ। अमेरिकामा एच५ इन्फ्लुएन्जा परीक्षण गर्ने ९१ वटा जनस्वास्थ्य प्रयोगशाला छन्। पोजेटिभ आएका नतिजा 'सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन'मा पठाइन्छ, जहाँ थप विश्लेषणपछि करिब ४८ घन्टाभित्र एच५एन१ को सटिक पहिचान हुन्छ। तर, माग बढेको अवस्थामा उल्लेखित परीक्षण र परीक्षण सुविधाको मात्रा पर्याप्त हुँदैन, तिनलाई बढाउने योजना अहिलेदेखि बनाउनुपर्छ।

स्थिति पूरै निराशाजनक मात्र छैन। यस विषयमा सबैभन्दा सकारात्मक खबर के छ भने अमेरिकाको नयाँ औषधिहरूलाई स्वीकृति दिने संस्था 'फुड एन्ड ड्रग्स एडमिनिस्ट्रेसन(एफडिए)द्वारा स्वीकृत एच५एन१ का कैयौं खोप अहिले नै उपलब्ध छन्। तिनको सुरक्षा र प्रतिरक्षा प्रतिक्रिया अध्ययन भइसकेको छ। अमेरिकी सरकारसँग एच५एन१ खोपको सानो भण्डार अहिले नै छ, जुन गम्भीर



प्रकोप सुरु भएमा यो निकै कम हुनेछ। सरकारी योजनामा प्रकोप सुरु भएपछि खोपको उत्पादन बढाउने कुरा उल्लेख छ। तर, त्यसका आफ्नै कठिनाइ हुन्छन्, किनकि सबैभन्दा उत्कृष्ट परिदृश्यमा पनि नयाँ खोपको करोडौं डोज उत्पादन गर्न ६ महिना वा सोभन्दा बढी समय लाग्न सक्छ।

चिन्ताको कुरा, अनुमोदित भएका भ्याक्सिनमध्ये एउटा बाहेक सबै खोपका प्रत्येक डोज अन्डाभित्र 'इन्कुबेट गरेर' बनाइन्छ। भविष्यको खोपका लागि अमेरिकी सरकारले लाखौं कुखुरालाई सुरक्षित स्थानमा अंगरक्षकको सुरक्षामा राख्ने गर्छ। (तपाईंले यो यथार्थ हल्लाका रूपमा सुन्नुभएको छ भने त्यो साँचो हो।) ती अंगरक्षक कुखुरा फार्ममाथि हुने आतंककारी आक्रमण रोक्नको राखिएका हुन्छन् जसले भाइरसलाई रोक्न सक्ने कुरै हुँदैन। जुन भाइरसको संक्रमणबाट कुखुराको मृत्युदर ९० देखि शतप्रतिशत छ, त्यसविरुद्धको खोप उत्पादन गर्न कुखुरामै भर पर्दा भयानक स्थिति आउन सक्छ। एफडिएद्वारा अनुमोदित एक मात्र गैरअन्डामा आधारित एच५एन१ खोप उत्पादकले महामारी घोषणा भएको ६ महिनामा १५ करोड डोज खोप उत्पादन गर्न सक्ने प्रक्षेपण छ। तर, संसारमा सात अर्ब मानिस छन्।

> विगतका जति पनि वर्डफ्लु प्रकोप देखिए, ती मानव-मानवबीच महामारीका रूपमा विकास भएनन्। तर, हामी सधैँ त्यति भाग्यमानी नहुन सक्छौं। एच५एन१ विनाशकारी महामारी बन्नुअघि नै विश्वले कदम चाल्न ढिलो गर्नुहुँदैन।

कोभिडविरुद्धका दुई खोपहरू एम-आरएनएमा आधारित थिए। ती पनि अन्डामा भर पर्दैनन्। पेन्सिल्भेनिया विश्वविद्यालयका इन्फ्लुएन्जा विशेषज्ञ स्कट हेन्स्लेले कोभिडका ती खोप तीन महिनाभित्रै छिटो रफ्तारमा उत्पादन गर्न सकिने बताए। तर, हालसम्म एम-आरएनएमा आधारित इन्फ्लुएन्जाका कुनै पनि स्वीकृत खोप उपलब्ध छैनन्। त्यसैले यसतर्फ प्रयास तीव्र हुनुपर्छ। यदि विश्वव्यापी खोप उत्पादनको विस्तारको नेतृत्व विश्व स्वास्थ्य संगठनले लिने हो भने उसलाई खोप निर्माणसम्बन्धी ज्ञान भएका धनी देश र ठूला औषधि कम्पनीको सहयोग चाहिन्छ।

फ्लुका खोपको भण्डारण अर्को ठूलो चुनौती हो। एक त लामो समयपछि तिनको शक्ति गुम्न सक्छ भने भाइरसको नयाँ भेरियन्ट देखापर्दा तिनमा अद्यावधिक गर्न आवश्यक हुन्छ। त्यसैले गर्दा पनि अमेरिकी सरकार ठूलो भण्डारण सिर्जना गर्ने विषयमा सशंकित छ। भण्डारण गरिएका खोपहरू महामारीको सबै भेरियन्टविरुद्ध प्रभावकारी नहुन सक्छ भन्ने डर र भण्डारण गरिएका खोपको प्रभावकारिता समाप्त हुने चिन्ता सरकारमा छ। र, अर्कोतर्फ अधिकारीमा नयाँ फ्लुका खोप द्रुत रूपमा उत्पादन गर्न सकिन्छ भन्ने उच्च आत्मविश्वास पनि छ।

धेरै इन्फ्लुएन्जाविज्ञहरूका अनुसार पुरानो खोपले रोगका सबैभन्दा गम्भीर परिणाम वा मृत्युविरुद्ध केही न केही सुरक्षा प्रदान गर्न सक्छन्। इन्फ्लुएन्जा ए, बी र सी भाइरसका लागि पहिलो आनुवंशिक नक्सा तयार पार्ने माउन्ट सिनाईको आइकान स्कुल अफ मेडिसिनका माइक्रोबायोलोजीका प्राध्यापक पिटर पालेसले यस्तो भण्डारण अत्यावश्यक क्षेत्रका श्रमिकका लागि विशेष रूपमा उपयोगी हुने बताए। सन् २०१७ मा सिडिसीले सन् २००४ र २००५ मा बनाइएका एच५एन१ खोपले सन् २०१४ मा फेरेट प्रजातिमा लागेको संक्रमण रोक्न मद्दत गरेको पत्ता लगाएको थियो। सन् २०१९ मा भएको अर्को अध्ययनले १२ वर्षअघि तयार गरिएका एच५एन१ खोप त्यसवेलासम्म पनि पूर्ण रूपमा प्रभावकारी रहेको पाएको थियो।

स्वैच्छिक खोप अभियान अहिलेदेखि नै सञ्चालन गरेमा भविष्यमा सकारात्मक नतिजा आउनेछ। विशेष गरी उच्च जोखिमयुक्त समूहजस्तै पोल्ट्री फार्ममा काम गर्ने मानिस र एच५एन१ को संक्रमणमा आउने बिरामीको सम्पर्कमा आउने स्वास्थ्यकर्मीलाई अहिले नै खोप लगाइदिन सक्छ। स्वैच्छिक खोपले भ्याक्सिनको सुरक्षा र डोजबारे महत्त्वपूर्ण प्रदान गर्न सक्छ। पोल्ट्री फार्मका श्रमिकलाई लगाइने खोपले प्रकोपलाई दबाउन ठूलो सहयोग प्रदान गर्छ। अधिकांश इन्फ्लुएन्जा विशेषज्ञले यदि सबै कुखुरालाई पहिले नै खोप लगाइएको भए, एच५एन१ भाइरस जंगली चरामा यति व्यापक रूपमा नफैलिने बताए। पहिले गरिनुपर्ने काम भए पनि अझै पनि कुखुरा र सुँगुरलाई सामूहिक खोप सुरु गर्न सकिन्छ। कुखुरा र सुँगुरपालनमा संलग्न श्रमिकलाई नियमित अन्य इन्फ्लुएन्जाविरुद्ध खोप लगाउँदा पनि एच५एन१ का थप प्राणघातक प्रजाति उत्पन्न हुने जोखिम कम हुन्छ। माथि उल्लेख गरिएझैं अन्य रुघाखोकी लागेका व्यक्तिमा चराबाट एच५एन१ सञ्चो भने त्यो मानिस-मानिसबीच सर्ने एच५एन१ स्ट्रेनमा विकास हुने जोखिम हुन्छ।

सन् २०२० मा नयाँ एच५एन१ स्ट्रेन जंगली चराहरूमा व्यापक रूपमा फैलिनुअघि यो प्रकोप कुखुरा फार्ममा केन्द्रित थियो। हालसम्म वर्ड-फ्लुबाट झन्डै १५ करोड कुखुरा मरेको प्रक्षेपण छ। तर, अब जंगली चराहरूले यस भाइरसको वाहकको काम गर्दा यसले डल्फिन र भालुजस्ता स्तनधारी प्रजातिहरूमा पनि आफ्नो पहुँचलाई निरन्तर विस्तार गरिरहेको छ। सन् २००६ मा वैज्ञानिक अनुसन्धानले एच५एन१ ले चराका फोक्सोभित्रको गहिराइमा बस्ने भएकाले यो मानिसहरूमा सजिलै नफैलिएको पत्ता लगाएको थियो। त्यसवेला इरास्मस युनिभर्सिटी मेडिकल सेन्टरका एभियन इन्फ्लुएन्जाविज्ञ थिइज्स कुइकेनले कुनै दिन भाइरस कुनै जीवको माथिल्लो श्वासप्रश्वास नलीमा बस्न सक्ने गरी विकसित भयो भने त्यो मानवमाझ महामारीका रूपमा विकास हुने चेतावनी दिएका थिए।

अहिले स्पेनमा मिन्कसहरूमा एच५एन१को प्रकोपले हामी ठ्याक्कै त्यही बाटोमा अघि बढिरहेका छौं भन्ने संकेत गरेको छ। तर, आममानिस अर्को महामारीको सम्भावनाबारे पनि सुन्न चाहँदैनन्, र सरकार अहिलेकै महामारीविरुद्ध धेरै खर्च भइसकेको तथ्यांक देखाइरहेका छन्। विगतका जति पनि वर्ड-फ्लु प्रकोप देखिए, ती मानव-मानवबीच महामारीका रूपमा विकास भएनन्। तर, हामी सधैँ त्यति भाग्यमानी नहुन सक्छौं। प्राणघातक इन्फ्लुएन्जा महामारी मानव इतिहासमा नियमित रूपमा देखापर्छन्, र तिनीहरू पहिलेको प्रकोपबाट मानिसहरू निको हुन् अनि फैलिउँला भनेर पर्खेर बस्दैनन्, भलै हामी अघिल्लो प्रकोपबाट धेरै नै थाकेका नै किन नहोऔं। र, यसपटक हामीसँग खतराका अतिरिक्त खतराविरुद्ध लड्न आवश्यक पर्ने औजार पनि तयार छन्। मुख्य कुरा, हामीले धेरै ढिलोसम्म पर्खेर बस्नुहुँदैन।

द न्युयोर्क टाइम्सबाट

इतिहासमा आज



सन् १९१० : फ्रान्सेली महिला रेमोन्ड डी लारोची पाइलटको लाइसेन्स पाउने पहिलो महिला बनिन्। फ्रान्सेली चालक लारोची एकल उडान भर्ने पहिलो महिलासमेत थिइन्। उत्तरी फ्रान्सको ले क्रोटोय एयरफिल्डमा एउटा विमानको परीक्षणात्मक उडानका क्रममा विमान दुर्घटना हुँदा उनको ३६ वर्षको उमेरमा मृत्यु भएको थियो।

सन् १८१७ : न्युयोर्क स्टक एक्सचेन्जको स्थापना। न्युयोर्क सहरको वाल स्ट्रिटमा रहेको यो एक्सचेन्ज विश्वकै ठूलो स्टक एक्सचेन्ज हो।

सन् १९४२ : जापानी सेनाबाट बर्माको रंगुन कब्जा। थाइल्यान्डबाट बर्मा प्रवेश गर्दै जापानी सेनाले रंगुन कब्जा गरेपछि बर्मासँगको सडक विच्छेद हुँदा चिनियाँहरूको एक मात्र सुविधाजनक आपूर्ति एवं बर्मा प्रवेशद्वार अवरुद्ध भएको थियो।

सन् २०१४ : क्वालालम्पुरबाट बेइजिङको लागि उडेको मलेसिया एयरलाइन्सको उडान ३७० बेपत्ता। अन्ततः सन् २०१७ को सुरुमा खोजीकार्य बन्द गरिएको थियो।

सन् १९६५ : चार हजारभन्दा बढी समुद्री सेना दक्षिण भियतनामको डा नाङमा अवतरण। उक्त सेना भियतनाममा पहिलो अमेरिकी लडाकु सेना बनेका थिए।

सन् १९५४ : फ्रान्स र भियतनामले पेरिसमा इन्डोचीन राज्य गठन गर्ने सन्धिमा वार्ता सुरु।

चीनमा कोभिडबाट मृत्यु हुनेको संख्या कति ?

शून्य कोभिड नीति परित्याग गरेको डिसेम्बरको सुरुवातदेखि हालसम्म ८० प्रतिशतभन्दा बढी जनसंख्या कोभिड- १९ बाट संक्रमित भइसकेको भन्दै चीन सरकारले 'भाइरसमाथि 'निर्णायक विजय' हासिल भएको घोषणा गरेको छ। महामारी सुरु भएयता कोभिडका कारण मृत्यु हुनेको संख्या आधिकारिक रूपमा ८७ हजार चारसय ६८ अर्थात् चिनियाँ जनसंख्याको ०.००६ प्रतिशत मात्रै रहेको छ। आधिकारिक संख्या मृत्युको वास्तविक संख्याभन्दा उल्लेखनीय रूपमा नै कम भएकोमा शंका छैन। चिकित्सकहरूलाई मृत्युको प्रमाणपत्रमा कोभिड उल्लेख नगर्न भनिएको थियो भने घरमा भएका मृत्युलाई पनि कोभिडबाट भएका मृत्युको सूचीमा समावेश गरिएको छैन। अस्पताल र समाधिस्थलमा देखिएका भिडका रिपोर्टले पनि मृत्युको संख्या आधिकारिक आँकडाभन्दा निकै बढी रहेको संकेत गर्छन्। संक्रमणको पछिल्लो लहरको वास्तविक प्रभाव अनुमान गर्न द इकोनोमिस्टले मृत्युको विश्वसनीय संख्या सार्वजनिक गरेका स्थानहरूको तथ्यांक केलाएको छ।

मकाउ र हङकङ दुवै चीनको विशेष प्रशासनिक क्षेत्र (एसएआर) हुन्। यी दुवैले कोभिडको व्यवस्थापन एवं जीवनरक्षाका लागि मुख्य भूमिकैजस्तो सामूहिक परीक्षण, कडा प्रतिबन्ध र एकाएक शून्य कोभिड नीति परित्यागकै शैली अपनाए। तर, मुख्य भूमिले जस्तो चीनका यी विशेष प्रशासनिक क्षेत्रले मृत्युको आँकडा लुकाएका छैनन्। यसबाट शून्य कोभिड नीति हटाउँदाको प्रभाव आकलन गर्न सजिलो भएको छ, (तर, यो



अझै पनि अपूर्ण अनुमान नै हो। किनभने चीन, हङकङ र मकाउमा खोप, डेमोग्राफिक्स (जनसांख्यिकीय), स्वास्थ्य हेरचाह प्रणाली तथा जनघनत्वको स्थितिमा समानता छैन)।

मकाउ र मुख्य भूमिले गत डिसेम्बरको सुरुवातबाट कोभिडका प्रतिबन्ध हटाइए। यो नीति परिवर्तनको प्रभाव मापन गर्न मृत्युका आँकडाको लेखाजोखा गरिएको छ (सामान्य वर्षको तुलनामा भएका अतिरिक्त मृत्युको संख्यालाई केलाइएको छ)। मकाउमा डिसेम्बर महिनामा अन्य महिनाको औसतभन्दा चार गुणा बढी मानिसको मृत्यु भएको थियो। यसबाट डिसेम्बरमा उक्त टापुमा करिब ६ सय व्यक्तिको कोभिडका कारण मृत्यु भएको आकलन गर्न सकिन्छ। मकाउको आवादी सात लाखभन्दा कम छ। तर, मृत्युको यो अनुमानित संख्या प्रतिशतका हिसाबले यो महामारीमा विश्वको अहिलेसम्मकै सबैभन्दा बढी हो। हङकङले भने कोभिडका अधिकांश प्रतिबन्ध डिसेम्बरको अन्तबाट मात्रै खोलेको हो। यहाँ संक्रमण र मृत्युको सबैभन्दा ठूलो लहर सन् २०२२ को फेब्रुअरीमा सुरु भएको थियो। मार्चसम्ममा अपेक्षितभन्दा तीन गुणा बढीको मृत्यु भइसकेको थियो। यसले फेब्रुअरी १ देखि मे २ को बीचमा हङकङमा १० हजार अतिरिक्त मृत्यु भएको देखाउँछ। यहाँ मुख्य भूमि चीनले केही प्रतिबन्ध हटाइदिएपछि नोभेम्बरबाट दोस्रो लहर सुरु भयो। यस अवधिको मृत्युको संख्या भने हङकङ सरकारले अहिलेसम्म सार्वजनिक गरेको छैन। तर, हाम्रो मोडलिङको आकलनअनुसार नोभेम्बर ७ देखि फेब्रुअरी २ का बीच हङकङमा दुईदेखि पाँच हजार अतिरिक्त मृत्यु भएको हुन सक्छ।

यो विधिलाई सामान्य वर्षमा एक करोड मानिसको मृत्यु हुने मुख्य भूमि चीनमा प्रयोग गर्दा डिसेम्बरमा मुख्य भूमिमा १४ देखि २४ लाख अतिरिक्त मानिसको मृत्यु भएको हुन सक्ने देखाउँछ। यो तथ्यांक अपूर्ण भए पनि अन्य तथ्यांकभन्दा चाहिँ बढी विश्वसनीय छ। अध्येताहरूले ६ देखि २३ लाखसम्मको मृत्युको आँकडा प्रस्तुत गरेका छन्। हाम्रो मोडलिङले भाइरस अनियन्त्रित रूपमा फैलिएको अवस्थामा डिसेम्बर महिनामा १४ लाख चिनियाँहरूको मृत्यु हुने देखाएको थियो। मकाउ, हङकङ र अन्य विभिन्न भेरिएबल्सबाट प्राप्त तथ्यांक प्रयोग गरिएको हाम्रो ग्लोबल एक्सेस डेथ मोडेललले सन् २०१९ बाट महामारी सुरु भएयता चीनमा महामारीले एक लाख ८० हजारदेखि २७ लाख मानिसको ज्यान लिएको हुन सक्ने देखाउँछ (चीनको तथ्यांकलाई हेर्दा मृत्युको दायरा फराकिलो हुन सक्छ)। यसको अर्थ चीनमा कोरोनाबाट भएका मृत्युको वास्तविक संख्या आधिकारिक गणनाको दुईदेखि ३० गुणासम्म हुन सक्छ।

> महामारी सुरु भएयता कोभिडका कारण मृत्यु हुनेको संख्या आधिकारिक रूपमा ८७ हजार चार सय ६८ अर्थात् चिनियाँ जनसंख्याको ०.००६ प्रतिशत मात्रै छ। तर, मकाउ र हङकङको तथ्यांकले मृत्युको भयानक तस्बिर प्रस्तुत गर्छ।

-द इकोनोमिस्ट

नबिल बैंक लिमिटेड, नारायणगढ (कमलनगर) शाखा, चितवन तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। यस बैंकको सुरक्षणमा रहेको सवारी साधन तथा उपकरण तपाई स्वयंले बैंकलाई सम्पर्क गरी हस्तान्तरण गरी दिनुहुन अनुरोध गरिन्छ, अन्यथा बैंकले जुनसुकै बखत उक्त सवारी साधन तथा उपकरण नियन्त्रणमा लिन सक्ने व्यहोरा समेत जानकारी गराउँदछौं।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपुरमा, मिति २०७६/०५/३०मा उ.प्रा.फ.द.नं ३१६/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री देउराली ढुवानी सेवा।**

ठेगानाः नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला विनय त्रिवेणी गाउँपालिका वडा नं. ५., देउराली, नवलपरासी ।

ऋणी फर्मका प्रोप्राइटरः डिल बहादुर रहादी मगरको नाति दुर्गा बहादुर रहादीको छोरा नवलपरासी जिल्ला धुकौट गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनय त्रिवेणी गा.वि.स वडा नं. ५ बस्ने नागरिकता नं.७५८६६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नवलपरासी, मितिः वि.सं. २०६१/१०/०८ भएको **श्री अर्जुन राहादी मगर।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रविलाल तरामु मगरको छोरी डिल बहादुर रहादी मगरको बुहारी दुर्गा बहादुर राहादीको श्रीमती नवलपरासी जिल्ला धुकौट गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनय त्रिवेणी गा.वि.स वडा नं. ५ बस्ने नागरिकता नं. १८७३४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नवलपरासी, मितिः वि.सं. २०४५/१०/०५ भएकी **श्रीमती नरमाया राहादी मगर।**

२. गम्मर सिंह रहादीको नाति डिल बहादुर रहादी मगरको छोरा गुल्मी जिल्ला स्थायी घर भई हाल नवलपरासी जिल्ला विनय त्रिवेणी गा.वि.स वडा नं. ५ बस्ने नागरिकता नं.२८४९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: गुल्मी, मितिः वि.सं. २०४४/०३/०८ भएको **श्री दुर्गा बहादुर राहादी।**

३. देवीलाल सिंजालीको छोरी दुर्गा बहादुर रहादीको बुहारी अर्जुन राहादी मगरको श्रीमती स्याङ्जा जिल्ला कारिकोट गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनय त्रिवेणी गा.वि.स वडा नं. ५ बस्ने नागरिकता नं. ४२२०२३/६०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: स्याङ्जा, मिति : वि.सं. २०६७/०३/२३ भएकी **श्रीमती गिता सिंजाली।**

धितोको विवरणः

धितोमा रहेको सवारी साधनको विवरणः

ऋणी श्री देउराली ढुवानी सेवा र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. ना. ८ ख. ८६०५ भएको TATA Tipper.

धितोमा रहेको घर/जग्गाको विवरणः

नवलपरासी जिल्ला धुकौट गा.वि.स. वडा नं ०२ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनय त्रिवेणी गा.वि.स वडा नं. ५ बस्ने **श्रीमती नरमाया राहादी मगर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, बेनिमणिपुर गा.वि.स., वडा नं. २ सिट नं. २ मा अवस्थित कि.नं. ३१७३ क्षेत्रफल १-६-१-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

निर्बाध निजीकरण जरुरी

सरकारले अतिसंवेदनशीलबाहेक सबै क्षेत्रमा निजी क्षेत्रको पहुँच स्थापित गर्न दिनुपर्छ, निजी क्षेत्र पुग्न सक्ने ठाउँमा सरकारको उपस्थिति अनिवार्य छैन



अर्थ संवाद
• श्यामकुमार घिमिरे
प्रतिनिधिसभा सदस्य

जिल्लाबाट एकाध बोरा मलको व्यवस्थापन गरिदिनुपऱ्यो भन्ने फोन आइरहेको छ। यो स्थिति कहिलेसम्म ? जवाफ कसैसँग छैन। सोझो हिसाबकिताब छ- जहिलेसम्म मल आपूर्तिको एकाधिकार कृषि सामग्री संस्थान र साल्ट ट्रेडिङको मातहतमा रहन्छ, यसको स्थायी समाधान छैन। गाउँका कृषकमाझ सहजै मल पुऱ्याउन सक्ने संयन्त्र पनि छैन। त्यसैले मल आपूर्तिमा निजी क्षेत्रलाई सहभागी नगराउँदासम्म कृषकको सहज पहुँच स्थापित हुन सक्दैन।

सबै भन्सार नाकामा क्वारेन्टाइन एवं खाद्य गुणस्तर प्रयोगशाला निर्माणका साथै जिल्लामा पनि खाद्य गुणस्तर मापन गर्ने प्रयोगशाला आवश्यक छ। दार्चुलाको खाद्यवस्तुमा सन्देह पैदा भए काठमाडौंमा ल्याएर जचाउँदा त्यसको औचित्य नै समाप्त हुन्छ। एउटा भन्सार नाकाको खाद्यवस्तु वा क्वारेन्टाइन गर्नुपर्ने वस्तु अन्यन्त्र लगेर गर्दा बीचमै सड्न सक्छ। उदाहरणका लागि, स्वास्थ्यसँग सम्बन्धित सेवा निजी क्षेत्रले गर्दा हुन्छ भने यो किन हुँदैन ?

वीर, टिचिङ र कान्ति बाल अस्पतालमा मात्रै नौ हजारभन्दा बढी बिरामी शल्यक्रियाको प्रतीक्षामा रहेको खबर आएको छ। हाल कुनै पनि सरकारी अस्पतालमा आइसियू र भेन्टिलेटर पाइँदैन। मनसाय पत्र दिएका मेडिकल कलेजहरू मात्र पनि खुल्न दिएको भए काठमाडौंमा मात्र ३ र देशैभरि गरी १० भन्दा बढी मेडिकल कलेज खुल्ने थिए। एउटा कलेजको बिरामी सिट संख्या ७०० र अकुपेन्सी ७० प्रतिशत हुन्थ्यो। स्वास्थ्य सेवा सस्तो र सर्वसुलभ हुने थियो।

पूर्वउद्योग, वाणिज्यमन्त्री दिलेन्द्रप्रसाद बडूले पेट्रोलियम पदार्थको कारोबार गर्न आयल निगमबाहेक निजी कम्पनीलाई पनि दिने विषय उठाउँदा हंगामा भयो। तेलको मूल्य बढ्दा पार्टीका भातृ संगठनले विरोध गर्छन्। यसको दीर्घकालीन समाधान भनेको आयल निगमजस्तै प्रतिस्पर्धी संस्था खडा गर्न दिने हो। विद्युत् उत्पादको क्षेत्रमा पिपिएका लागि १५ हजार मेगावाटको निवेदन छ। विद्युत् प्राधिकरण १५ सय मेगावाटको कोटा तोकेर बसेको छ। विद्युत् कारोबार गर्ने अधिकार भारतलगायत अन्य विकसित मुलुकमा भैं अरू निजी कम्पनीलाई पनि दिनुपर्छ। यसले विद्युत् बजारलाई थप प्रतिस्पर्धी बनाउन सहयोग गर्छ।

यस्तै, विश्वविद्यालय, स्कुल, अस्पताल आदि चलाउन नसक्ने सरकार खसी, बोका, धान, चामल, मसला, नुन, चिनीको व्यापार गर्न उद्यत् किन छ ? राज्यले यस्ता खुद्रा व्यापार गर्न सक्छ कि सक्दैन ? यसको औचित्य छ कि छैन ? गम्भीर प्रश्न हुन्, यी।

यति धेरै निजी वायुसेवा कम्पनीले काम गरिरहेको अवस्थामा ५०औं अर्बको घाटा सहेर किन वायुसेवा चलाउने ? भारतको सरकारी वायुसेवा कम्पनी एयर इन्डिया टाटा कम्पनीलाई बेचेपछि हालै मात्र ८० अर्ब डलरको जहाज किन्ने उदाहरणबाट किन नसिक्ने ? हामीसँग रहेका निजी वायुसेवा कम्पनीको क्षमतालाई किन अभिवृद्धि नगर्ने ?

नेपालमा सिमेन्ट उत्पादनको क्षेत्रमा धेरै उद्योग स्थापना भएका छन्। ती उद्योग खपतको अभावमा पूर्ण क्षमतामा चल्न सकेका छैनन्। यस्तो अवस्थामा घाटामा चलेका, भोलि राज्यकोषबाट शोधभर्ना तिर्नुपर्ने हेटौंडा र उदयपुर सिमेन्ट कारखाना चलाउन राज्यलाई के त्यस्तो आवश्यकता पऱ्यो, बुझ्न सकिएको छैन।

सरकारले झन्डै १५ करोड खर्च गरेर नेपाल औषधि लिमिटेडमा सिटामोल उत्पादन थाल्यो। अन्ततः यो बन्द भयो। बन्द नै हुनु थियो भने अथाह औषधि कम्पनी भएको मुलुकमा उत्पादन गर्नु आवश्यक नै थिएन। तर, यहाँ कसैको मन दुखेनेवाला छैन।

यस्तै, वीरगन्ज चिनी कारखाना र कृषि औजार कारखाना पनि सरकारी लगानीमा व्युँताउने कुरा चलिरहेको छ। मल कारखाना पनि सरकारले नै खोल्ने चर्चा छ। आखिर यिनको हबिगत पनि अन्य सरकारी संस्थानजस्तै हुन्छ। आन्तरिक राजस्वले साधारण खर्चसमेत नधान्ने देशले अर्बौं रुपैयाँ यस्ता क्षेत्रमा खर्च गरिनु जनताको गाँस काटेर तिरेको राजस्वमाथि खेलबाड गर्नु हो।

यातायातमा पनि सरकारको उस्तै चित्र देखिन्छ। निजी क्षेत्रले नै राम्रोसँग चलाइरहेको अवस्थामा साझा यातायातका नाममा सरकारले बस चलाउनु पनि आवश्यक देखिँदैन। सरकारले अनुदानमा ल्याएका साधन र सरकारी अनुदानप्राप्त व्यापारसँग निजी क्षेत्रले सम्पूर्ण लगानी आफैं गर्दै प्रतिस्पर्धा गर्न सक्छ कि सक्दैन ?

नेपालमा पाठ्यपुस्तक छाप्ने एकाधिकार जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशनलाई मात्र छ। उसले कहिल्यै पनि समयमा पाठ्यपुस्तक उत्पादन र वितरण गर्न सक्दैन। निजी क्षेत्रले प्रिन्टिङ प्रेसको क्षेत्रमा फड्को मारिसकेको अवस्थामा पनि निजी क्षेत्रलाई यो काम आंशिक रूपमा दिँदा पनि संसद्मै विरोध हुन्छ।

शिक्षा क्षेत्रमा विश्वका विकसित मुकुकमा तीनवटा क्षेत्र समानान्तर ढंगले चलेका देखिन्छन्। सरकारी, निजी र सामाजिक क्षेत्र। तिनैवटाको गुणस्तर लगभग समान हुन्छ। हामी पनि निजी र सामाजिक क्षेत्रलाई लगाम लगाउने बाटोमा भन्दा सरकारी शिक्षाको गुणस्तर बढाउनेतर्फ लाग्नुपर्ने हो। तर, यतातिर सोच्ने फुर्सद कसैलाई छैन। कल्पना गरौं, आज निजी विद्यालय र कलेज नहुँदा हुन् त सरकारी शिक्षालयले यो भारलाई कसरी थाम्न सक्थे ? यहाँका मध्यमवर्गीय परिवारका मानिसले आफ्ना बच्चा भारतका विभिन्न सहरमा पठाउँथे। र, अन्ततः यसले मुलुकलाई कुनै फाइदा गर्दैनथ्यो।

प्राविधिक शिक्षा आर्जन गर्न हजारौं विद्यार्थी देशबाहिर गएका छन्। अर्बौं रुपैयाँ बाहिरिएको छ। तीनवटै क्षेत्रलाई सक्रिय बनाएर देशभित्रै प्रशस्त प्राविधिक विद्यालय एवं कलेज खोल्न सकेको भए विद्यार्थीले नेपालमै पढ्न पाउँथे। बाहिरिने रकम देशमै रहन्थ्यो भने रोजगारीका साथसाथै र राजस्व पनि बढ्थ्यो।

देशभित्र १३-१४ ओटा विश्वविद्यालय खडा गरी तिनलाई आर्थिक रूपमा अपांग बनाएर राख्नुभन्दा भएकालाई सुदृढ बनाएर सरकारी एवं निजी दुवै क्षेत्रलाई डिम युनिभर्सिटी बनाउन प्रोत्साहित गरेको भए त्यसले समुन्नत शिक्षा प्रदान गर्ने थियो।

राज्यले जनतालाई प्रदान गर्ने आधारभूत कुरा भनेको शिक्षा र स्वास्थ्य नै हो। सार्वजनिक शिक्षा ध्वस्त भएको अवस्था छ। कसैलाई पनि सार्वजनिक शिक्षालयप्रति विश्वास छैन। सार्वजनिक शिक्षालयमा आफ्ना छोराछोरी पढाउनु भनेको बाध्यता भएको छ। प्रायः सबै मध्यमवर्गीय परिवारका बच्चा सार्वजनिक शिक्षालयमा जाँदैनन्। ५० हजारभन्दा बढी शिक्षकको थप आवश्यकता छ भनिएको छ। यस्तै, चिकित्सक एवं चिकित्सा क्षेत्रका प्राविधिक कर्मचारीको अभाव त झनै काहालीलाग्दो छ। अस्पताल भवन बनेका छन्, उपकरण र सामग्री पनि पुगेको छ। तर, त्यहाँ न चिकित्सक छन्, न ती उपकरण चलाउने प्राविधिक कर्मचारी। हामीले अनावश्यक क्षेत्रमा लगानी बढाइरहेका छौं। तर, अत्यावश्यक स्वास्थ्य र शिक्षामा लगानी बढाउन अनिच्छुक छौं। स्वास्थ्य र शिक्षाका क्षेत्रमा अध्ययन अनुसन्धान त परै जाओस्, आवश्यक तालिमको व्यवस्थासमेत गरिँदैन। अनावश्यक क्षेत्रमा बिमा उपचार निजी अस्पतालमा समेत गर्ने व्यवस्था मिलाउँदा के आपत्ति हुन्छ ? बरु यसमा अति विपन्न परिवारलाई स्थानीय तहको सहयोगमा बिमामा सहयोग गर्न सकिन्छ।



> सरकारी नीति, करका दरमा हुने परिवर्तन एवं मौद्रिक नीति आदिले निजी क्षेत्रलाई सधैं त्रसित बनाएको छ। नेपालको सरकारी एवं सामाजिक अवधारणा निजी क्षेत्रविरुद्ध छ।

भइरहेका यस्ता खर्चहरू कटौती गर्दा शिक्षा र स्वास्थ्यको क्षेत्रमा थप लगानी बढाउन सकिन्थ्यो। सरकारी मेडिकल कलेजमा विद्यार्थीलाई निःशुल्क पढाउने व्यवस्था गरियो। तथापि, गरिब बिरामी उपचारको अभावमा मर्ने अवस्था छ। उपचारको अभावमा नागरिकलाई मर्न दिन्नौं भनेर बारम्बार प्रतिबद्धता व्यक्त गर्ने सरकार कम्तीमा सरकारी अस्पतालको उपचार पनि निःशुल्क गर्न तयार छैन। सबै नेपालीको बिमा अनिवार्य गरेर एक-दुई लाखसम्मको बेलायतको जस्तो राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम ल्याउन सकिन्छ।

विकास कसरी हुन्छ ?

एउटा निजी क्षेत्रले कमाएको नाफामा विनालगानी र विनाजोखिमको २५ प्रतिशतको हिस्सेदार सरकार हो। एउटा व्यवसायीले कमाएको रकममध्ये कम्तीमा २५ प्रतिशत कर अनिवार्य सरकारलाई बुझाउनुपर्छ। उसका कर्मचारीको तलबमा कर तथा व्यवसायमा प्रयोग भएका वस्तु एवं सामग्रीको करसमेत जोड्ने हो भने ५० प्रतिशतभन्दा बढीको हिस्सेदारी सित्तैमा सरकारको हुन्छ।

नभुलौं, सरकारी क्षेत्र करले र निजी क्षेत्र नाफाले चल्छ। निजी क्षेत्रले नै रोजगारीको अवसर सिर्जना गर्छ, राज्यको राजस्व वृद्धि गर्छ र सेवा क्षेत्रको विस्तार गर्छ। निजी क्षेत्रको विकासविना न राजस्वको वृद्धि सम्भव छ, न रोजगारीको अवसर, न सेवा क्षेत्रको विस्तार। यी सबको अभावमा देश विकासको कुरा फगत गफ मात्रै हो। व्यवसाय दर्तामा समस्या, अनुमति पत्रमा समस्या, भ्रष्टाचार, ढिलासुस्ती आदिको त कुरै नगरौं। कानुनलाई पन्छाएर साइट क्लियरेन्स नभई ठेक्का लगाउने, ठेक्का अवधि सकिँदा पनि साइट क्लियरेन्स नगरिदिने यस्ता धेरै कारण र उदाहरण छन्। जसकारण, देशमा लगानीको वातावरण नभएको गुनासो गर्छन्।

साँच्चै नै यो देशको विकास गर्ने हो भने निजी क्षेत्रलाई हेर्ने धारणा र दृष्टिकोणमा परिवर्तन ल्याउनैपर्छ। निजी क्षेत्रलाई उच्च प्राथमिकताका साथ सहयोगी भावना सरकार र समाज दुवैको हुनुपर्छ। सरकारी र निजी क्षेत्रको भिन्नतालाई अब छोट्याउँदै लैजानुपर्छ। निजी क्षेत्रले प्रवेश चाहेका क्षेत्रमा अतिसंवेदनशील क्षेत्रबाहेक सबैमा सहज पहुँच स्थापित गर्न दिनुपर्छ। निजी क्षेत्र जान सक्ने ठाउँमा सरकारको उपस्थिति आवश्यक छैन।

लोककल्याणकारी राज्यमा सरकारको भूमिका केवल सहजकर्ता र नियमनकारी निकायको रूपमा मात्र हुन्छ। सरकारले आफ्नो हातखुट्टा खुम्च्याउँदै लैजानुपर्छ। राज्य व्यवसायीसँग प्रतिस्पर्धी र इर्ष्यालु भएर उभियो भने देशको विकास हुँदैन। त्यसैले संकल्प गरौं, अब राज्यले व्यापार गर्दैन, हामी स्वर्णिम व्यावसायिक युगको आरम्भ गर्नेछौं।

अंक र अर्थ

वैदेशिक रोजगारीमा कति महिला ?



वैदेशिक रोजगारीमा जाने नेपाली महिला कामदारको पहिलो रोजाइ दुबई बनेको छ। सहज प्रक्रिया र कानुनी रूपमा खुला मुलुक भएकाले पनि नेपाली महिला कामदार दुबईप्रति आकर्षित भएका हुन्। आर्थिक वर्ष ०७८/७९ मा ३३ हजार ६२ नेपाली महिलाले वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिएका छन्। जसमध्ये करिब ९० प्रतिशत महिला कामदार १० वटा मुलुकमा गएको देखिन्छ। मन्त्रालयका अनुसार नेपाली महिला कामदार रोजगारीमा जाने १० मुलुकमध्ये युएई, कतार, जोर्डन, साइप्रस, कुवेत, माल्टा, टर्की, बहराइन र ओमान हुन्। गत आवमा नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपाली महिला कामदारमध्ये ३९.१ प्रतिशत दुबई पुगेका छन्। कतार जानेको हिस्सा १३.२ प्रतिशत छ भने कुवेतको हिस्सा ११.३ प्रतिशत छ।

साइप्रस ८.६, मलेसिया ३.८, क्रोसिया ३.३, माल्दिभ्स २.७, रोमानिया २.५, जोर्डन २.३, बहराइन १.९ र अन्य मुलुकको हिस्सा ११.३ प्रतिशत रहेको छ। अघिल्लो आव ०७७/७८ मा सात हजार एक सय ७८ महिला कामदार नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए। आव ०७६/७७ मा १८ हजार दुई सय दुई नेपाली महिला कामदारले नयाँ श्रम स्वीकृति लिएर रोजगारीमा गएको देखिन्छ।

स्रोत : श्रम मन्त्रालय

बिजनेस @



महावीर पुन, वैज्ञानिक

कृषि औजार कारखाना वीरगन्जका मेसिनहरूको मर्मत गर्ने र औजार बनाउने कामको परीक्षण हुँदै छ। करिब ७५ प्रतिशत मसिनरीले काम गर्ला जस्तो छ। कास्टिङ, इलेक्ट्रोप्लेटिङ, पेन्टिङ सेक्सन पूर्ण ध्वस्त छन्। फाउन्डरी सेक्सन निकै बिग्रेको अवस्थामा छ। कुनै पनि हालतमा चलाएरै देखाउने अठोट छ।

शीतल रेग्मी, पूर्वसचिव, नेपाल सरकार

काठमाडौंमा मेट्रो रेल बनाउनुपर्छ भन्दा पैसा कहाँबाट ल्याउने भन्नेहरूलाई ५० अर्बभन्दा बढीको माथिल्लो तामाकोसी र १२ र १३ किलोमिटरभन्दा लामो भेरी-बबई, सुनकोसी-मरिन डाइभर्सन नेपाली ढुकुटीबाटै बनेको हो भन्ने थाहा हुनुपर्ने !





जोन कँडेल, व्यवसायी

अर्थतन्त्र कमजोर भयो, जनतासँग पैसा अभाव हुन थाल्यो, महँगी बढ्दो छ, क्रयशक्ति दुब्लाउँदै गयो भनेर रेस्टुरेन्टबाटै एमआरपी दरमा बियर बेच्न थाले। यही एमआरपी दरमा पनि १० प्रतिशत छुट चाहियो भनेपछि जनताको क्रयशक्ति कति कमजोर भइसकेको रैछ त ?

सेयर बजार

२३ फागुन ०७९

नेप्से १,९५२.६६ ^ १४.४१ ०.७४%

कारोबार रकम	जम्मा सेयर
१,२०,४४,०९,४११.६२	४०,५९,१४९

विदेशी विनिमय दर

मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर	१३०.७६	१३१.३६
युरो	१३९.०८	१३९.७१
पाउन्ड स्टर्लिङ	१५७.२५	१५७.९७
अस्ट्रेलियन डलर	८८.०८	८८.४८
क्यानेडियन डलर	९६.१४	९६.५८

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

क्रिएटिभिटीका लागि कति खतरनाक च्याटजिपिटी ?

च्याटजिपिटीले छोटो समयमा विश्वभर तरंग फैलाइरहँदा कतिले यसलाई सिर्जनात्मक खतराको पूर्वसंकेतसमेत भएको बताएका छन्


कृत्रिम बौद्धिकता (एआई)को एउटा टुल सार्वजनिक भएको धेरै समय भएको छैन। गत वर्ष नाभेम्बरमा सार्वजनिक भएको च्याटजिपिटीले छोटो समयमा विश्वभर तरंग फैलाएको छ। कतिले यसलाई सिर्जनात्मक खतराको पूर्वसंकेतसमेत भएको बताएका छन्। खासमा च्याटजिपिटीले कन्टेन्ट लेख्ने काम गर्छ, जुन अति सटिक हुन्छ। झट्ट हेर्दा मान्छेले नै लेखेको जस्तो प्रतीत हुन्छ। यही टुल गुगलका लागि खतराको संकेत बनेको र दुई वर्षभित्र यसले गुगललाई ध्वस्त पार्ने जिमेलका संस्थापक पललले केही समयअघि भनेका थिए। हाल यो प्रोग्राममा केही कमी देखिन्छन्। तर, समयसँगै च्याटजिपिटी बलियो हुँदै जानेछ। यसलाई लिएर केहीले खुसी व्यक्त गरिरहँदा केहीले भने भयको महसुस गरेका छन्।

इन्टरनेटमा च्याटजिपिटीबारेका टीकाटिप्पणी पढ्दा बारम्बार खतरा भन्ने शब्द आउँछ। केही मानिस यो प्रोग्रामले तीव्र रूपमा मानव मस्तिष्कको नक्कल गरिरहेको बताउँछन्।

के हो च्याटजिपिटी ? : च्याटजिपिटी च्याटबट हो। यसले विभिन्न प्रश्नको लिखित जवाफ दिन्छ। त्यो पनि सटिक। साथै, व्यक्तिगत समस्यामा पनि यसले सल्लाह दिन्छ। अतः यो टुल्समार्फत बढीभन्दा बढी कन्टेन्ट सिर्जना गर्ने अपार सम्भावना देखिएको छ।

उदाहरणका लागि यसले सरल उपाय सुझाउन सक्छ। साथै, सोही उपायको नयाँ संस्करण पनि तत्काल सिर्जना गर्न सक्छ। कविता लेख्नेदेखि एकेडेमिक पेपर र विशेष मान्छेलाई लेखिने पत्र लेख्नमा पनि च्याटजिपिटीले सहयोगी भूमिका खेल्न सक्छ। च्याटजिपिटी एउटा यस्तो प्रोग्राम हो, जसले हरेक प्रश्नको जवाफ केही क्षणमै दिन्छ।

> अहिले सबैभन्दा ठूलो गुरु भनेकै गुगल हो। आफूलाई चाहिने जानकारी गुगलबाट एक क्लिकमै पाउन सकिन्छ। तर, कतिपय भने च्याटजिपिटी गुगलको दबदबालाई चुनौती हुने बताउँछन्। यति हुँदा पनि च्याटबटले सही नै उत्तर बताउँछ भनी आँखा चिम्लनु गलत हुनेछ।



कविता लेख्ने काम दिनुस् या प्रेमपत्र, यसले तत्काल लेखेर स्क्रिनमा देखाइदिन्छ। यद्यपि, यसको स्तरबारे अनेक कोणबाट बहस गर्न सकिन्छ। तर, जुन गतिमा लेख्छ, त्यसबारे होइन। अंग्रेजीसहित करिब १०० वटा भाषामा उपलब्ध च्याटजिपिटीले अंग्रेजीमा भने सटिक उत्तर दिन्छ।

यो सिस्टमलाई ओपन-एआई नामक कम्पनीले सन् २०१५ मा स्याम अल्टमेन र एलन मस्कले विकसित गरेका थिए। तर, पछि सन् २०१८ मा मस्क यसबाट छुट्टिएका थिए। सार्वजनिक भएको पाँच दिनमै च्याटजिपिटीका पाँच लाखभन्दा बढी प्रयोगकर्ता बने। यो प्रोग्रामलाई परिष्कृत बनाउन प्रयोगकर्तासँग च्याटबटको प्रश्नोत्तर प्रयोग गरिएको थियो।

ओपन-एआईका अनुसार च्याटबट परीक्षण र शोधको अवधिमा सबैका लागि निःशुल्क हुनेछ। तर, केही मानिसले भविष्यमा च्याटजिपिटी प्रयोगार्थ ओपन-एआईले शुल्क लिन सक्ने आकलन गरेका छन्। यसैबीच, कम्पनीले च्याटबट अझै परीक्षण अवधिमै रहेकाले कहिलेकाहीं गलत उत्तर पनि दिन सक्ने बताएको छ। कारण, च्याटबटमा सन् २०२१ सम्मको मात्रै डेटा हिस्ट्री समावेश छ।

गुगललाई चुनौती : अहिले सबैभन्दा ठूलो गुरु भनेकै गुगल हो। आफूलाई चाहिने जानकारी गुगलबाट एक क्लिकमै पाउन सकिन्छ। तर, कतिपय भने गुगलको दबदबालाई चुनौती हुने बताउँछन्। यति हुँदा पनि च्याटबटले सही नै उत्तर बताउँछ भनी आँखा चिम्लनु गलत हुनेछ।

यस्तो एआई प्रोग्रामले धेरैभन्दा धेरै डेटा संकलन गरेर राख्छ। च्याटजिपिटीको मुख्य ध्येय शब्द र संवादबीचको अनुमानमा उत्तर दिने हो। यसले अल्गोरिदम प्रयोग गरी शब्द वा वाक्यलाई सही ढंगले लेख्छ। यसलाई 'लार्ज ल्याङ्वेज मोडल' (एलएएम) पनि भनिन्छ। साओ पाउलो विश्वविद्यालयका प्रोफेसर अल्भारो मचादो डायसका अनुसार यस्तो च्याटबट निर्माण गर्दा यसलाई कैयौं साधारण प्रश्न सोधिन्छ। त्यसपछि टेक्निसियनले यसको विस्तृत जवाफ दिन्छन्। यदि च्याटबटको जवाफ सही नभएको खण्डमा सिस्टममा सही जवाफ राखिन्छ। र, यस्तो थुप्रै प्रश्नमा गरिन्छ।

च्याटजिपिटी हुबहु मान्छेझैं बोल्न सिक्छ। मचादोका अनुसार भाषा बुझ्न सक्ने भएकैले यसलाई विशेष बनाउँछ। इन्जिनियर पनि अहोरात्र यसलाई स्मार्ट बनाउन लागिपरेका छन्।

खासमा, इन्जिनियर अल्गोरिदममार्फत दिइएका जवाफ चेक गर्छन्। अनि प्रोग्रामलाई प्रतिक्रिया दिँदै यसलाई अझै सुदृढ बनाउने कोसिस गर्छन्। प्रयोगकर्ताको प्रश्नको जवाफ अक्षरमा हुन्छ, जुन आफैंमा गम्भीर हुन्छ। यस्तै, च्याटजिपिटीलाई गल्ती स्वीकार गर्ने तालिम पनि दिइएको हुन्छ। यसले गलत धारणालाई ठीक गर्दै असान्दर्भिक प्रश्नलाई अस्वीकारसमेत गर्छ।

कति खतरनाक ? : च्याटजिपिटीले सुविधा र संकट सँगसँगै ल्याएको छ। जुन जागिर शब्द र वाक्यमा निर्भर थिए, त्यसमा खतराको घण्टी बज्न थालेको छ। उदाहरणका लागि पत्रकारितालाई लिन सकिन्छ। यदि सिस्टम अझै सुदृढ बन्यो भने पत्रकारको जागिर अपेक्षाअनुसार कम हुनेछ। हुन सक्छ, यस्तो समय पनि आउँछ, जहाँ उनीहरूको आवश्यकता नै पर्नेछैन। किनकि, हरेक आर्टिकल च्याटबटले नै लेख्नेछ। च्याटजिपिटीले कोडिङ गर्ने कम्प्युटर प्रोग्रामिङ सेक्टरमा पनि हस्तक्षेप गर्न सक्ने देखिन्छ। अमेरिकास्थित न्युयोर्कमा विद्यार्थीले च्याटजिपिटीमार्फत गृहकार्य गर्न थाले। परिणाम, लगभग सबै स्कुल र सार्वजनिक डिभाइसमा प्रतिबन्ध लगाउनुपऱ्यो।

ओपन-एआई पनि आफ्नो च्याटबटद्वारा उत्पादित कन्टेन्टलाई भिन्दै परिचय दिने कोसिस गरिरहेको छ। टेक्स्ट (सामग्री) च्याटबटले लेख्यो वा कुनै व्यक्ति भन्ने पत्ता लगाउने अल्गोरिदम यसमा छन्। च्याटबटबाट नक्कल गरी होमवर्क र असाइनमेन्टमा पेस्ट गर्न सक्ने सम्भावनाले शिक्षा क्षेत्रमा भय सिर्जना गरिरहेको छ।

आधा मानिस, आधा मेसिन : 'आर्टिफिसियल इन्टेलिजेन्स : फ्रम जिरो टु मेटाभर्स' कृतिका लेखकले परिवर्तन हुँदै गइरहेको समयसँगै आफूहरू पनि परिवर्तन हुनुपर्ने धारणा राख्छन्। उनका अनुसार जवाफभन्दा पनि प्रश्न विशेष बनेको छ। कसरी प्रश्न गर्ने र प्रश्न गर्न कसरी सोच्ने भन्नेतिर ध्यान दिनुपर्छ। यसले विद्यार्थीलाई आधा मान्छे र आधा मेसिनमा रूपान्तरण गर्नेछ। तर, अध्यापकले पनि यसलाई सही तरिकाले प्रयोग गर्न सिक्नुपर्ने माग उठिरहेको छ।

यहाँ विद्यार्थीको चिन्ताको विषय मात्रै होइन, क्रिएटिभिटी र कन्टेन्टको काम गर्ने मान्छेमा चिन्ता र भयको सिर्जना गरेको छ। च्याटजिपिटी सार्वजनिक भएको १० दिनभित्रै सन फ्रान्सिस्कोका एक डिजाइनरले दुई दिनमा बालबालिकाका लागि सचित्र किताब तयार पारेका थिए। प्रोफेसर डायसका अनुसार क्रिएटिभिटी (सिर्जनात्मक शक्ति) का लागि असाधारण खुबी चाहिन्छ। तर, अल्गोरिदमको सहयोगमार्फत सिर्जना गरिएका चिजले मानिसमा सिर्जनात्मक हुने प्रवृत्ति कम हुन्छ। - *बिबिसी*

निजी क्षेत्रकै ठूलो सोलुखोला दूधकोसी जलविद्युत् आयोजना सञ्चालनमा

विद्युत् उत्पादनमा मात्रै नभएर देशभित्रै खपत गर्न जोड दिनुपर्ने प्रधानमन्त्री प्रचण्डको भनाइ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

८६ मेगावाटको सोलुखोला दूधकोसी जलविद्युत् आयोजनाबाट व्यावसायिक उत्पादन सुरु भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मंगलबार काठमाडौंमा विशेष समारोहबीच आयोजना उद्घाटन गरेका छन्। प्रवर्द्धक कम्पनी साहस ऊर्जा लिमिटेडले गत २७ माघबाट परीक्षण उत्पादन सुरु गरे पनि १७ फागुनबाट व्यावसायिक उत्पादन सुरु भएको थियो। ८ माघ ०७४ बाट निर्माण सुरु भएको आयोजना निजी क्षेत्रबाट सञ्चालनमा आएको सबैभन्दा ठूलो जलविद्युत् आयोजना हो। ११ अर्ब ८६ करोड लगानीमा निर्मित आयोजना समग्रमा भने नेपालमा सञ्चालनमा रहेकामध्ये तेस्रो ठूलो आयोजना हो।

तत्कालीन नेपाल इन्भेष्टमेन्ट बैंक (हालको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक)को अगुवाइमा १० बैंक तथा वित्तीय संस्थाले यसमा ऋण लगानी गरेका थिए। उनीहरूले आठ अर्ब ६५ करोड रुपैयाँ ऋण लगानी गरेका छन्। अन्य रकम भने कम्पनीले स्वपुँजीका रूपमा लगानी गरेको छ। कुल साढे तीन अर्ब रुपैयाँ पुँजी भएको यस कम्पनीमा आठ हजार एक सय १५ जना संस्थापक सेयरधनी छन्, जुन अन्य जलविद्युत् प्रवर्द्धक कम्पनीको भन्दा धेरै हो। यस कम्पनीमा दुई अर्ब ४५ करोड रुपैयाँ संस्थापक र एक अर्ब पाँच करोड रुपैयाँ सर्वसाधारणको सेयर रहेको छ।

यस्तै, उनले अब नेपाल ग्रिन हाइड्रोजन उत्पादनमा अग्रसर हुनुपर्ने बताए। 'अहिले विश्व ग्रिन इनर्जीबाट ग्रिन हाइड्रोजनतर्फ अग्रसर हुँदै छ। नेपालमा ग्रिन हाइड्रोजन उत्पादन गर्ने स्रोत पनि पर्याप्त छ। त्यो अवस्थामा हामीलाई ग्रिन हाइड्रोजन उत्पादन गर्ने अवसर र चुनौती दुवै छन्। तसर्थ, अब ग्रिन हाइड्रोजनमा अग्रसर हुनुपर्छ,' उनले भने, 'म आफैं पनि हाइड्रोजन गाडी चढ्ने तयारीमा छु। समग्रमा ग्रिन हाइड्रोजनमार्फत नेपाली अर्थतन्त्रमा रिभोलोसन ल्याउन सकिन्छ।'

यस्तै, उनले सरकार अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न अग्रसर भएको बताए। 'मन्त्रिपरिषद्को पहिलो बैठकमै निजी तथा सार्वजनिक निकायसँग सहकार्य गरेर अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्ने निर्णय भइसकेको छ। साथै, केही दिनअघि मात्रै राष्ट्र बैंक तथा व्यावसायिक संघ-संस्थाका प्रतिनिधिसँग यसबारे छलफल पनि भइसकेको छ,' उनले भने, 'अबको केही दिनमै हामीले निकै विश्वासिलो उपायसहित अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न अग्रसर हुनेछौं।'



८६ मेगावाटको सोलुखोला दूधकोसी जलविद्युत् आयोजना उद्घाटन कार्यक्रम। तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

निजी क्षेत्रलाई थप प्रोत्साहन मिलेको छ : प्रधानमन्त्री

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सोलुखोला दूधकोसी जलविद्युत् आयोजना सञ्चालनमा आउँदा निजी क्षेत्रलाई थप प्रोत्साहन मिलेको बताए। 'निजी क्षेत्रबाट यतिको ठूलो जलविद्युत् आयोजना सञ्चालनमा ल्याएकामा साहस ऊर्जा लिमिटेडलाई हार्दिक धन्यवाद छ,' उनले भने, 'यो खुसीको विषय हो।'

यस्तै, उनले अब विद्युत् उत्पादनमा मात्रै नभएर देशभित्रै खपत गर्ने मामलामा पनि जोड दिनुपर्ने बताए। 'म यसअघि दुईपटक प्रधानमन्त्री हुँदा जलविद्युत् उत्पादनलक्षित विभिन्न लक्ष्य लिएको थिएँ। तर, राजनीतिक उथलपुथल तथा उतारचढावका कारण त्यसलाई सफल बनाउन सकिएन,' उनले भने, 'अहिले म तेस्रोपटक प्रधानमन्त्री बनेको छु। अहिले भने विद्युत् उत्पादनभन्दा पनि खपत बढाउने वातावरण कसरी बनाउन सकिन्छ भन्ने अवस्था आएको छ। साथै, यो अर्थतन्त्रको विकासको महत्त्वपूर्ण आधार पनि बनिसकेको छ। विदेशी मुलुकहरूमा विद्युत् निर्यात गरेर राष्ट्रिय आम्दानी बढाउन सकिने देखिएको छ। हालै भारतमा सम्पन्न नेपाल-भारत ऊर्जा बैठकले पनि भारतमा दीर्घकालीन रूपमै विद्युत् बिक्री गर्न सक्ने र बंगलादेशमा पनि विद्युत् बिक्री गर्न मिल्ने वातावरण बनेको छ। यसले थप हौसला दिएको छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

यस्तै, उनले ऊर्जा क्षेत्रमा देखिएको समस्या समाधान गर्न सरकार सकारात्मक रहेको पनि बताए। 'विद्युत् उत्पादन गर्ने प्रक्रियामा प्रवर्द्धक कम्पनीहरूलाई विभिन्न मन्त्रालय र विभाग धाउनुपर्ने बाध्यता छ। त्यसलाई एकद्वार प्रणालीमा ल्याउन वा सहजीकरण गर्न सरकार सकारात्मक छ,' उनले भने, 'आवश्यक कानुन संशोधन गरेर विद्युत् उत्पादन गर्ने प्रक्रियालाई सहज बनाउनेछौं।'

यस्तै, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष सोलुखोला दूधकोसी जलविद्युत् आयोजना सञ्चालनमा आउँदा समग्र निजी क्षेत्र उत्साहित भएको बताए। 'जुन वेला निजी क्षेत्रलाई ५-१० मेगावाटको आयोजना बनाउन पनि कठिन थियो, त्यो अवस्थामा साहस ऊर्जाले यतिको ठूलो आयोजना बनाउने अठोट गऱ्यो र आयोजना सञ्चालनमा पनि ल्यायो, यसले निजी क्षेत्र उत्साहित भएको छ,' उनले भने, 'साथै, हामीलाई अझ बढी क्षमताका जलविद्युत् आयोजना बनाउन हौसला मिलेको छ।'

यस्तै, उनले जलविद्युत् आयोजना बनाउन निजी क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको बताए। 'नेपालमा जलविद्युत्को इतिहास एक सय १० वर्ष पुरानो हो। तर, निजी क्षेत्र जलविद्युत् उत्पादनमा प्रवेश नगर्दासम्म यसमा खासै उपलब्धि भएको थिएन। निजी क्षेत्रको प्रवेश भएपछि जलविद्युत् उत्पादनमा निकै प्रगति भएको छ,' उनले भने, 'तसर्थ, सरकारले निजी क्षेत्रलाई अझै सहयोग र प्रोत्साहन गर्नुपर्छ।' विशेष गरी जलविद्युत् आयोजना बनाउँदा सात मन्त्रालय र २२ विभाग धाउनुपर्ने बाध्यता हटाएर एकद्वार प्रणाली लागू गर्नुपर्ने उनको भनाइ छ।

यस्तै, कम्पनीका अध्यक्ष हिम पाठकले यो आयोजना सञ्चालनमा आउँदा स्वदेशी लगानीमै ठूला आयोजना बनाउन सकिन्छ भन्ने प्रमाणित भएको बताए। 'भूकम्प, कोरोना महमारी, महँगीलगायत कठिन अवस्था सामना गरेर यो आयोजना सञ्चालनमा ल्याउन सफल भयौं। यसले हामीलाई थप ठूलो आयोजना बनाउनसमेत प्रोत्साहन गरेको छ,' उनले भने, 'सफलता किताब होइन, मिहिनेत हो भन्ने पुष्टि भएको छ। आगामी दिनमा ठूला आयोजना बनाउँदा यो अनुभव प्रभावकारी हुनेछ।' निजी क्षेत्रले अब पाँच सय मेगावाटसम्मको आयोजना स्वदेशी लगानीमै बनाउन सक्ने उनको भनाइ छ।

यस्तै, कम्पनीका प्रबन्ध निर्देशक सुशील थापाले यो आयोजनाले कुल गार्हस्थ्य उत्पादनमा ०.३ प्रतिशतसम्म योगदान दिने बताए। साथै, आगामी दिनमा ०.१० प्रतिशतसम्म योगदान दिने उनको दाबी रहेको छ।

'यो आयोजनाले स्थानीय क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी, शिक्षा तथा स्वास्थ्यलगायतका क्षेत्रमा पनि योगदान दिएको छ,' उनले भने, 'साथै, उज्यालो नेपाल बनाउन ८६ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थप्न सफल भएका छौं। यो आयोजना बनाउन बीचमा निकै बाधा आए, ती बाधा समाधान गर्न सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद छ।'

एलपी ग्यास खपत घट्न थाल्यो

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

खाना पकाउने एलपी ग्यासको खपत घट्न थालेको छ। नेपाल आयल निगमका अनुसार विगतको तुलनामा चालू आवको माघसम्ममा ग्यासको खपत ५ प्रतिशतले घटेको छ।

निगमका सहायक प्रवक्ता पुष्कर कार्कीका अनुसार यसअघि आर्थिक वर्ष ०७२/७३ मा भारतीय नाकाबन्दीका कारण पेट्रोलियम आपूर्तिमा अवरोध हुँदा समग्र इन्धनको आयात घटेको थियो। त्यसयता पहिलोपटक ग्यास आयात घटेको हो। पछिल्लो समय सहरी क्षेत्रमा इन्डक्सन चुलोको प्रयोग बढ्न थालेका कारण ग्यास खपत घटेको निगमको अनुमान छ। 'इन्डक्सन चुलोको प्रयोग बढ्न थालेको छ। त्यसको असर ग्यास आयातमा देखिएको हुन सक्छ,' सहायक प्रवक्ता कार्कीले भने। त्यस्तै, औद्योगिक क्षेत्रमा वेल्डिङको काम गर्नसमेत ग्यासको प्रयोग हुन छाडेकाले पनि खपतमा असर परेको निगमको भनाइ छ।

आयल निगमका अनुसार चालू आव ०७९/८० को माघ महिनासम्म दुई लाख ९४ हजार दुई सय २७ मेट्रिकटन ग्यास खपत भएको छ। गत आव ०७८/७९ को माघ मसान्तसम्म तीन लाख नौ हजार नौ सय १४ मेट्रिकटन ग्यास खपत भएको थियो। गत आवको यही अवधिमा ग्यास खपत १६ प्रतिशतले वृद्धि भएको थियो।

■ ग्यास खपत र वृद्धिदरको अवस्था

आर्थिक वर्ष	कुल परिमाण	वृद्धिदर (प्रतिशतमा)
०७४/७५ माघसम्म	२,१२,५५९.५	१५
०७५/७६ माघसम्म	२,४३,२०६.९	१४
०७६/७७ माघसम्म	२,६८,८१६.३	११
०७७/७८ माघसम्म	२,६८,०१३.३	०
०७८/७९ माघसम्म	३,०९,९१४.१	१६
०७९/८० माघसम्म	२,९४,२२७.९	-५

स्रोत : नेपाल आयल निगम लिमिटेड

अघिल्लो वर्षको तुलनामा यो वर्षको माघ मसान्तसम्म १५ हजार ६ सय ८६ मेट्रिकटन ग्यास कम आएको देखिन्छ। यो भनेको ११ लाख चार हजार ६ सय ६२ थान सिलिन्डर भर्न पुग्ने ग्यास हो। 'यसरी हेर्दा माघ मसान्तसम्म एक अर्ब ९८ करोड रुपैयाँ मूल्यबराबरको ग्यास खपत घटेको देखिन्छ,' कार्कीले भने, 'निरन्तर घाटा व्यहोरिरहेको ग्यासको खपत घट्दा निगमलाई समेत आर्थिक नोक्सानी कम हुन मद्दत मिलेको छ।' हाल दैनिक एक लाख ग्यास सिलिन्डरको खपत भइरहेको निगमको तथ्यांक छ। तर, बिस्तारै यो संख्यामा कमी आउने देखिएको कार्कीले बताए।

चालू आवमा कहिले कति आयो ?

जाडो मौसमलाई ग्यास खपतको मुख्य सिजन मानिन्छ, तर यही अवधिमा खपतमा भएको कमीले आउँदा दिनमा यही प्रवृत्ति दोहोरिन सक्ने निगमको बुझाइ छ। चालू आवको माघ महिनामा सबैभन्दा बढी ४६ हजार एक सय ३१ दशमलव ४२ मेट्रिकटन ग्यास आयात भएको छ। त्यस्तै, पुसमा ४१ हजार तीन सय ७६ मेट्रिकटन, मंसिरमा ३९ हजार दुई सय १३ मेट्रिकटन ग्यास आयात भएको थियो। कात्तिकमा ४३ हजार ६ सय ४९ मेट्रिकटन, असोजमा ३९ हजार नौ सय ८३ मेट्रिकटन, भदौमा ४२ हजार चार सय एक मेट्रिकटन र साउनमा ४१ हजार चार सय ६९ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ।

ग्यासमा निगमलाई निरन्तर घाटा

आयल निगमलाई ग्यास आयातमा निरन्तर घाटा छ। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा एलपी ग्यासको मूल्य बढ्दा निगमको घाटा झन् चुलिएको छ। हाल १८ सय रुपैयाँ प्रतिसिलिन्डर बिक्री मूल्य निर्धारण गरिएको ग्यासको लागत दुई हजार चार सय ३५ रुपैयाँ ५० पैसा रहेको निगमले जनाएको छ। मासिक १४ लाख ६० हजार पाँच सय ७० थान ग्यास बिक्री हुने अनुमानका आधारमा १७-३० फागुनसम्म मात्रै निगमलाई ९२ करोड ८२ लाख रुपैयाँ घाटा छ। अन्य पेट्रोलियममा भने निगमलाई नाफा छ।

संकटोन्मुख अर्थतन्त्रको वेलैमा उपचार गर्न निजी क्षेत्रको जोड



नवीन अर्याल/नयाँ पत्रिका

देशको संकटोन्मुख अर्थतन्त्र सबल बनाउन वेलैमा उपचार गर्न सरोकारवालाले जोड दिएका छन्। कांग्रेसको शेखर-गगन समूहले मंगलबार आयोजना गरेको एक अन्तर्क्रियामा अर्थशास्त्री, बैंकर तथा उद्योगी-व्यवसायीले अर्थतन्त्रका वर्तमान समस्या औंल्याउँदै समाधानका उपाय पनि सुझाएका छन्। छलफलमा सहभागी अधिकांशले देशको बिग्रिँदो अर्थतन्त्र र खस्किँदो उद्योग-व्यवसायप्रति चिन्ता व्यक्त गरेका थिए। निजी क्षेत्रका प्रतिनिधिहरूले राज्यको अव्यावहारिक नीति, तरलता अभाव, चर्को ब्याजदर, मागमा आएको संकुचन, महँगीलगायत समस्याले उद्योग-व्यवसाय संकटमा पुगेको गुनासो पोखे।

राज्यको आम्दानी र खर्चको बढ्दो भ्वाङ पुर्न सार्वजनिक खर्चमा निर्मम कटौती गर्नुपर्ने राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष एवं अर्थशास्त्री डा. स्वर्णिम वाग्लेले बताए। सार्वजनिक खर्च कटौती गर्न चुनौतीपूर्ण भए पनि अत्यावश्यक रहेको उनको भनाइ थियो। उनले भने, 'हामी अर्थतन्त्र जोगाउन अप्रिय निर्णय गर्नुपर्ने बिन्दुमा आएका छौं, त्यसका लागि सबै तयार हुनुपर्छ।'

उद्योग-व्यवसायमा मात्र नभई राज्यको राजस्व उठ्तीमा समेत गम्भीर संकट देखा परेको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले बताए। अब ऋण नलिई सरकार चलाउनै कठिन हुने उनको भनाइ थियो। महँगीका कारण आन्तरिक माग ठप्प रहेको तथा व्यवसायमा ५० प्रतिशतसम्म संकुचन आएको उनले बताए।

कोभिडलगत्तै बैंकले घर-घरमा पुगेर कर्जा दिए। पछिल्लो समय मन्दीका कारण व्यापार-व्यवसाय सुस्ताएको छ। तर, यही समय ब्याजदर वृद्धि हुनुका साथै बैंकले कर्जा असुलीमा कडाइ गर्दा व्यवसायी संकटमा पुगेको निजी क्षेत्रको गुनासो छ। 'कर्जाको ब्याजदरमा तीव्र उतारचढाव रोक्नुपर्छ, नत्र उद्योग-व्यवसाय चलाउन सकिँदैन,' महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकाले भने। उनले भने, 'यदि देशमा उद्योग-व्यवसाय फस्टाउन चाहने हो भने राज्य तथा कर्मचारीतन्त्रले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन हुनुपर्छ।' अहिले पनि उद्योगमा बिहान र बेलुका चार-चार घन्टा लोडसेडिङ कायम रहेको र विद्युत् प्राधिकरणको प्राथमिकतामा पनि उद्योग, कलकारखाना नपरेको उनको गुनासो थियो।

अर्थतन्त्रमा मन्दी छाउँदा ४० देखि ८० प्रतिशतसम्म व्यवसाय खस्किएको नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवालले बताए। व्यापार-व्यवसाय नचल्दा व्यवसायीलाई बैंकको ब्याज तिर्नसमेत मुस्किल परिरहेको उनको गुनासो थियो। परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले अहिलेको गभर्नेन्स इतिहासकै खराब हालतमा रहेको बताए। नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले नेपाल राष्ट्र बैंकको गलत मौद्रिक नीतिका कारण संकट उत्पन्न भएको बताए। अर्का व्यवसायी दीपक मल्होत्राले बैंकको ब्याजदर घटाउन र चोरी-पैठारी रोक्न बलियो पहल गर्नुपर्नेमा जोड दिए।

अहिले देशको स्थिति 'त्राहीमाम' अवस्थामा रहेको अम्बे ग्रुपका अध्यक्ष हरि न्यौपानेले बताए। 'पछिल्लो समय विकास निर्माणका काम ठप्प हुँदा सिमेन्ट र डन्डी उद्योग गम्भीर समस्यामा छन्,' उनले भने, 'तर, चर्को ब्याजदर, कच्चा पदार्थको मूल्यवृद्धिले उत्पादन लागत बढ्दा उद्योग बन्द गर्नुपर्ने अवस्था छ।'

अर्थविद् केशव आचार्यले देश 'ग्रे लिस्ट'मा पर्ने निश्चितजस्तै भएको हुँदा यसतर्फ राज्यको ध्यान जानुपर्ने औंल्याए। अर्का अर्थविद् विश्वास गौचनले कोभिडपछि राष्ट्र बैंकले लिएको नीति गलत बताए। त्यस्तै, व्यवसायीहरूले पनि ऋण लिएका क्षेत्रमा लगानी नगरेर अन्यत्र गर्दा अहिलेको स्थिति सिर्जना भएको बताए। राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक त्रिलोचन पंगेनीले देश रेमिट्यान्सको ट्र्यापमा परेको बताए।

अन्तर्क्रियामा कांग्रेसका महामन्त्री गगन थापाले संसद्मा आर्थिक विषयलाई मूल एजेन्डा बनाउन चाहेको बताए। उनले भने, 'अहिले अर्थतन्त्रमा ज्वरो आएको छ, तत्काल ज्वरो घटाउन औषधि चलाएर किन ज्वरो आयो भनी डाइग्नोसिस गर्नुपर्छ।' समग्र अर्थतन्त्रका समस्याहरू पहिल्याई संसद्मा समाधानका लागि दबाब दिन सरोकारवालासँग छलफल गरिएको कांग्रेस नेता शेखर कोइरालाले बताए।

सेयर बजारको राजस्व ८३ प्रतिशत घट्यो

गत आवको माघसम्म धितोपत्र पुँजीगत लाभकरबापत सरकारले नौ अर्ब ७६ करोड राजस्व संकलन गरेको थियो, तर चालू आवमा एक अर्ब ६२ करोड मात्रै संकलन

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेसँगै सरकारलाई प्राप्त हुने धितोपत्र पुँजीगत लाभकरमा भारी गिरावट आएको छ। सेयर बजारमा आएको गिरावटसँगै सरकारले प्राप्त गर्ने राजस्वमा पनि कमी आएको हो।

अघिल्लो वर्ष माघ मसान्तको तुलनामा चालू आर्थिक वर्ष ०७९/८० को माघ मसान्तसम्म धितोपत्र पुँजीगत लाभकरबापत सरकारलाई प्राप्त हुने राजस्वमा ८३ दशमलव ४० प्रतिशतले गिरावट आएको छ।

गत आवको माघ मसान्तसम्म धितोपत्र पुँजीगत लाभकरबापत सरकारले नौ अर्ब ७६ करोड राजस्व संकलन गरेको थियो। तर, चालू आवको सोही अवधिमा एक अर्ब ६२ करोड मात्रै संकलन गरेको छ। अघिल्लो आर्थिक वर्षको ०७८/७९ साउनदेखि माघ मसान्तसम्म नेप्से परिसूचक उच्च बिन्दुमा पुगेको थियो। ०७८ साउनमा साताको पहिलो कारोबार हुँदा नेप्से परिसूचक दुई हजार नौ सय ८० दशमलव ६१ बिन्दुमा रहेको थियो। यसबीचमा नेप्से सूचक बढेर २ भदौ ०७८ मा तीन हजार एक सय ९८ दशमलव ६० बिन्दु रहेको थियो। अहिलेसम्मकै उच्च सो मितिमा कुल बजार पुँजीकरण ४४ खर्ब ६८ अर्ब कायम थियो भने गत वर्ष फागुनमा कुल बजार पुँजीकरण ३६ खर्ब ६ अर्ब रुपैयाँमा आइपुगेको थियो।



अघिल्लो वर्ष उच्चतम बिन्दुमा रहँदाको कुल बजार पुँजीकरण र मंगलबारसम्मको कुल बजार पुँजीकरणलाई तुलना गर्दा लगानीकर्तालेे १६ खर्ब ४० अर्ब गुमाएका छन्। मंगलबार २३ फागुनमा कुल बजार पुँजीकरण २८ खर्ब २८ अर्ब रुपैयाँ रहेको छ। विगतमा चुनावको समयमा बजारमा मिश्रित प्रभाव देखिने गरेको भए पनि यसपटक स्थानीय तह र प्रतिनिधिसभाको चुनावमा सेयरमा उत्साह आउन नसक्दा लगानीकर्ता थप निराश बन्न पुगेका लगानीकर्ता नयन बाँस्तोलाले बताए। रुस र युक्रेनको प्रभाव, आर्थिक मन्दी र मुलुकमा लामो समयदेखि देखिएको तरलता संकटले बजार प्रभावित बन्न पुगेको उनको भनाइ छ।

त्यसअघिको उच्च बिन्दु ०७२ साउन १२ मा थियो। त्यतिवेला नेप्से परिसूचक एक हजार आठ सय ८१ बिन्दुमा पुग्दा कुल बजार पुँजीकरण २० खर्ब ७० अर्ब रुपैयाँ पुगेको थियो। त्यसयता घटेको बजार पुनः बढेर गत भदौ २ मा नेप्से परिसूचक र बजार पुँजीकरण दुवै हालसम्मकै उच्च बिन्दुमा पुगेर नयाँ रेकर्ड बनेको थियो। त्यसयता फेरि बजारले पुरानो उच्च बिन्दुको लक्ष्य भेटाउन सकेको छैन। उच्च बिन्दुको आसपासकै बीचमा सेयर बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डले इन्साइडर ट्रेन्डिङको सम्भावनामा रहेका ५१ कम्पनीको सूची सार्वजनिक गरेपछि बजार घट्नलाई सहयोग पुगेको लगानीकर्ता तथा नेपाल पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले बताइन्। त्यति मात्रै नभएर मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले सेयर धितोकर्तामा ४-१२ करोड सीमा लागू गरेपछि बजारमा भारी गिरावट आएको उनको भनाइ छ। यी सबै कारणले राजस्व संकलनमा देखिएको हो।

उनले भनिन्, 'सरकार एकतर्फी रूपमा एक्सनमा गयो, ५१ वटा कम्पनीको सूची जारी गर्नु, चार करोड र १२ करोडको सेयर धितोकर्जामा सीमा तोकिनेजस्ता फ्याक्टरले बजार घट्न पुग्यो।'

अर्का लगानीकर्ता छोटेलाल रौनियार राजनीतिक अस्थिरता र नियामक निकायको ढुलमुले नीतिले बजार प्रभावित बन्न पुगेको जिकिर गर्छन्। उनले भने, 'राजनीतिक अस्थिरता, मौद्रिक नीतिमा भएको परिवर्तनले बजार घट्दा आज यो अवस्था आयो।' चालू आर्थिक वर्षको साउनमा आइपुग्दा नेप्से परिसूचक दुई हजार ११ दशमलव ४० बिन्दुमा रहेको थियो। सेयर धितो कर्जामा चार करोडको सीमा हटाए पनि १२ करोडको सीमा कायमै राखिएको छ। यसबीचमा नेप्से सूचक १८ सय १५ को न्यूनतम बिन्दुसम्म पुगेर हाल नेप्से परिसूचक १९ सय ५२ दशमलव ६६ बिन्दुमा आइपुगेको छ। सुरुवातीमा बजार सकारात्मक रूपले अघि बढेर अघिल्लो महिना २२ सयसम्मको बिन्दुबाट पुनः तल झरेको छ। हाल (मंगलबार) नेप्से सूचक एक हजार नौ सय ५२ दशमलव ६६ बिन्दुमा आइपुगेको छ।

कालीगण्डकी प्रसारण लाइन निर्माणमा तीन वर्षदेखि अवरोध

काठमाडौं/ कालीगण्डकी करिडोर दुई सय २० केभी प्रसारण लाइन निर्माणमा पर्वतको फलेवासमा स्थानीयको अवरोधका कारण चारवटा टावर निर्माण हुन सकेका छैनन्। तीन वर्षदेखि प्रसारण लाइनको रुट सार्न माग गर्दै उनीहरूले निर्माणमा अवरोध गर्दै आएका छन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको उच्चस्तरीय टोलीले जलविद्युत् आयोजनाहरूको विद्युत् प्रवाहका लागि प्रसारण लाइन महत्त्वपूर्ण रहेकाले अवरोध नगरिदिन आग्रह गरेका छन्। प्रसारण लाइनको टावर सार्न सम्भव भए-नभएको विषयमा प्राविधिक टोलीले चार-पाँच दिनभित्रमा सर्वेक्षण सम्पन्न गर्ने सहमति भएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिए। कालीगण्डकी र यसका सहायक नदीहरूमा निर्माण हुने जलविद्युत् आयोजनाहरूको विद्युत् प्रवाहका लागि सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण सुरु गरिएको हो।

आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३, दानाबाट पर्वतको कुश्मा नगरपालिका-२, खुर्कोटसम्मको ३९.६ किलोमिटर पहिलो खण्ड निर्माण सम्पन्न भई सञ्चालनमा छ। खुर्कोटमा २२०/१३२ केभी र दानामा २२०/१३२/३३ केभी सबस्टेसन निर्माण गरिएको छ। करिडोरको दोस्रो खण्डअन्तर्गत कुश्माबाट नवलपरासीको सुनवल नगरपालिका-१३, भूमहीस्थित (नयाँ बुटवल सबस्टेसन)सम्मको ८८ किलोमिटर प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ। यस खण्डमा पर्ने दुई सय ३५ वटा टावरमध्ये फलेवासमा पर्ने चारवटाको निर्माण बाँकी रहेको छ।

घोराही–तुलसीपुर चार लेन ठेक्का रद्द प्रक्रिया अघि बढ्यो

दीपक बोहरा/नयाँ पत्रिका
दाङ, २३ फागुन

दाङको घोराही-तुलसीपुर चार लेन ठेक्का रद्द प्रक्रिया अघि बढेको छ। चार लेन परियोजना कार्यालय लमहीले सोमबार ठेक्का रद्द गर्न १४ दिने सूचना जारी गरेको हो। परियोजना प्रमुख अनिश थापामगरका अनुसार समयमा ठेकेदार सम्पर्कमा नआए सोही दिनदेखि नै ठेक्का रद्द हुनेछ।

चार लेन ठेक्काको चौथोपटक थप गरिएको म्याद ०८० असारसम्म छ। तर, त्यो अवधिमा ठेक्का लिएको कम्पनीले काम गर्न सक्ने सम्भावना कम रहेकाले ठेक्का तोड्ने प्रक्रिया अघि बढेको हो। भारतीय तथ्य इन्जिनियरिङ एन्ड इन्फ्राले लिएको ठेक्काको काम पेटी ठेकेदारमार्फत हुँदै आएको छ।

आठजना पेटी ठेकेदारलाई काम हुने भए पनि निर्माण सुरु भएको पाँच वर्षसम्म पनि १० प्रतिशतभन्दा बढी काम हुन सकेको छैन। जसले गर्दा यस क्षेत्रका जनप्रतिनिधि, विभिन्न संघ-संस्था तथा राजनीतिक दलले समयमा काम गर्न दबाब दिएका थिए। यदि काम गर्न नसके ठेक्का तोड्नुपर्ने माग राख्दै आएका थिए।

पटक-पटक जिल्ला प्रशासन कार्यालय दाङ र जिल्ला समन्वय समितिको पहलमा छलफल भइरहेको थियो। तर, पनि सन्तोषजनक काम नगरेपछि ठेक्का तोडिएको परियोजना प्रमुख अनिश थापाले बताए। चार लेन सडक अलपत्र हुँदा अहिले नागरिकले सास्ती खेप्नुपरेको छ। सडकमा आवतजावत गर्दा यात्रुहरू, सडकवरपरका बासिन्दालगायतले निकै सास्ती खेप्नुपरेको छ।

■ लामो समयदेखि अलपत्र चार लेन



घोराही-तुलसीपुर चार लेनको काम ०७५ माघदेखि सुरु भएको हो। ३० महिनामा काम सक्ने गरी सम्झौता भयो। उक्त सडकमा अहिलेसम्म सातजना पेटी ठेकेदार फेरिएका छन्।

०७८ जेठ ६ गतेभित्र काम सक्नुपर्ने भए पनि त्यसो हुन सकेन। काम सक्ने त टाढाको कुरा, ६ प्रतिशतभन्दा बढी प्रगति हुन सकेन। त्यसपछि ०७८ साउन २७ गतेसम्म काम सक्ने गरी पहिलोपटक, ०७८ पुस २८ गते सक्ने गरी दोस्रोपटक म्याद थप भयो। तर, काम अघि बढ्न नसकेपछि तेस्रोपटक ०७९ वैशाख २९ गते सक्ने गरी म्याद थप भएको थियो। त्यो समयमा पनि १० प्रतिशतभन्दा बढी काम हुन सकेन। अहिले खरिद ऐनको १२औँ संशोधनले चौथोपटकका लागि ०८० असारसम्म स्वतः म्याद थप गरेको छ।

सुरुमा अष्ट भैरव निर्माण सेवाका अनुप पाण्डेले ठेक्का पाएका थिए। त्यसपछि सुवास श्रेष्ठ, जनक डाँगीले पेटी ठेकेदारका रूपमा जिम्मा पाए। त्यसपछि पुनः अनुप पाण्डे आए। उनले पनि गर्न नसकेपछि एकेन्द्र खड्का, विजय पाठक र रोशन श्रेष्ठले पनि प्रत्येकले पेटी ठेक्का पाए। उनीहरूबाट पनि काम हुन नसकेपछि अहिले सुनीलजंग रायमाझी आएका हुन्।

भारतीय एक्जिम बैंकको सहयोगमा चार लेन सडक भ्याटसहित करिब एक अर्ब २३ करोडमा निर्माण हुन लागेको हो। भारतीय तथ्य इन्जिनियरिङ एन्ड इन्फ्रा प्रोजेक्टले ठेक्का लिएको हो। तर, उसले विभिन्न पेटी ठेकेदारलाई जिम्मा दिने, तर समयमा काम नगर्ने अवस्था हुँदा नागरिकले निकै सास्ती खेप्नुपरेको छ।

पछिल्लो समय पुस १८ देखि बुटवलका सुनीलजंग राइमाझीले पेटी ठेक्का पाएका छन्। तर, उनले पनि काम अगाडि बढाउन सकेका छैनन्। तोकिएको समयमा ठेक्काको ३० प्रतिशत काम नसकेकाले अहिले ठेकेदार कम्पनीलाई दैनिक करिब तीन लाख २१ हजार नौ सय नेपाली रुपैयाँ जरिवाना गर्ने गरेको छ। कुल रकमको १० प्रतिशतसम्म जरिवाना हुने व्यवस्थाअनुसार ठेकेदार कम्पनीलाई जरिवाना गरिएको हो।

एक हप्ता सच्यो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को काठमाडौं अडिसन

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को काठमाडौं अडिसन एक हप्ता ढिलो हुने भएको छ। फागुन २३ मा हुने भनिएको उक्त अडिसन चैत ४ र ५ गते हुने भएको हो।

आयोजक कम्पनीले प्राविधिक कारणले गर्दा अडिसन एक हप्तापछाडि सरेको जनाएको छ। अडिसन दिन आउँदा प्रतियोगीहरूले आफ्नो उमेर खुलाएको आधिकारिक कागज लिएर आउनुपर्ने कम्पनीको भनाइ छ। फिल्ड अडिसनबाट चुनिएका प्रतियोगीहरूले काठमाडौंमै स्टुडियो अडिसनमा सहभागी हुनुपर्ने जनाइएको छ।

साथै, विदेशबाट सहभागी हुन चाहनेले माई इन्ट्रा एप डाउनलोड गरेर रजिस्टर गर्न सक्ने उल्लेख छ। डिजिटल अडिसनमा सहभागी भएका प्रतियोगीहरूले पनि अनिवार्य रूपमा फिल्ड अडिसनमा सहभागी जनाउनुपर्ने कम्पनीले जनाएको छ। 'मेरो डान्स युनिभर्स'को संस्कृतिक समूह विधामा सहभागी हुन चाहनेले पनि एपमार्फत अडिसन दिएर फिल्ड अडिसनमा उपस्थित हुनुपर्ने जनाइएको छ। अडिसन दिने सहभागी कम्तीमा १८ वर्षको हुनुपर्ने सर्त राखिएको छ।



'मेरो भ्वाइस युनिभर्स'का विजेताले नेपाली एक करोड रुपैयाँ पुरस्कार पाउनेछन्। साथै, फस्ट रनरअपले ३० लाख रुपैयाँ र सेकेन्ड रनरअपले २० लाख रुपैयाँ पुरस्कार पाउने आयोजकले जनाएको छ। यस्तै, 'मेरो डान्स युनिभर्स'का विजेताले पनि एक करोड रुपैयाँ पुरस्कार पाउने तथा फस्ट रनरअपले ३० लाख रुपैयाँ र सेकेन्ड रनरअपले २० लाख रुपैयाँ पुरस्कार पाउने जनाइएको छ। यी दुवै प्रतियोगिता नेपालकै सर्वाधिक धनराशिको भएको आयोजकको दाबी छ। डान्स युनिभर्सको सांस्कृतिक समूह विधाका विजेताले २० लाख रुपैयाँ पुरस्कार पाउने जनाइएको छ। साथै, फस्ट रनरअपले १० लाख रुपैयाँ र सेकेन्ड रनरअपले पाँच लाख रुपैयाँ पुरस्कार पाउने उल्लेख छ।

आयोजकले नेपालबाहेक, म्यानमार, थाइल्यान्ड, भुटान, भारत, अस्ट्रेलिया, अमेरिका, क्यानडालगायत युरोपेली देशहरूबाट पनि नेपालीभाषीको बृहत् सहभागिताको अपेक्षा राखेको उल्लेख गरेको छ।

आइएमई पे र इपिएस कोरिया शाखाबीच भुक्तानीसम्बन्धी सम्झौता

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

आइएमई पे र वैदेशिक रोजगर विभागअन्तर्गत इपिएस कोरिया शाखाबीच भुक्तानीसम्बन्धी सम्झौता भएको छ। इपिएस कोरिया शाखामार्फत नेपाली श्रमिकलाई कोरिया पठाउने प्रक्रियाका लागि डिजिटल भुक्तानीसम्बन्धी कार्यको प्रवर्द्धन आइएमई पेले गर्ने सम्झौता भएको हो।

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभागअन्तर्गत स्थापना भएको इपिएस कोरिया शाखले श्रम बजारमा देखिएको समस्या समाधान गर्न नेपाली श्रमिकलाई कोरिया पठाउँदै आएको छ। सोही प्रक्रिया सम्पन्न गर्नका लागि आवेदनको दस्तुर तथा अन्य दस्तुरहरू आइएमई पेबाट भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको कम्पनीले जनाएको छ।



रेमिटलीबाट पठाएको पैसा सीधै आइएमई पे वालेटमा

रेमिट्यान्स सेवाका लागि विश्वव्यापी रूपमा मोबाइल फोनलगायत डिजिटल च्यानलमार्फत सेवा प्रदान गर्दै आइरहेको रेमिटलीबाट पठाइएको रेमिट्यान्स नेपाली नागरिकले आइएमई पे वालेटमा सीधै दाबी गरी पाउन सक्ने व्यवस्था भएको छ। यो सुविधाले ग्राहकलाई सहज तरिकाले आफ्नो विदेशमा रहेका परिवार तथा मित्रहरूले पठाएको रकम विनाझन्झट प्राप्त गर्न मिल्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

लक्ष्मी क्यापिटल बन्यो शैलेश्वरी पावर नेपालको संस्थागत परामर्शदाता



काठमाडौं/ संस्थागत परामर्शदाताका रूपमा कार्य गर्नका लागि लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र शैलेश्वरी पावर नेपाल प्रालिबीच सम्झौता भएको छ। सम्झौतामा लक्ष्मी क्यापिटलका प्रमुख कार्यकारी अधिकृत राजीव सापकोटा र शैलेश्वरी पावर नेपालका प्रबन्ध निर्देशक जगदीशबहादुर पालले हस्ताक्षर गरेका हुन्।

शैलेश्वरी पावर पब्लिक कम्पनीमा परिवर्तन भएपछि लक्ष्मी क्यापिटल मार्केट लिमिटेडले प्राथमिक सेयर निष्कासनको कार्यसमेत गर्ने सम्झौतामा उल्लेख छ। डोटीको पूर्वीचौकी गाउँपालिकाको शैलेश्वरी पावर नेपाल प्रालि प्रवर्द्धक रही निर्माणाधीन एक दशमलव ५५ मेगावाट क्षमताको माथिल्लो गड्डीगाड जलविद्युत् आयोजनाको ७० प्रतिशत कार्य सम्पन्न भइसकेको कम्पनीले जनाएको छ।

सानिमाको 'बचत र क्यासब्याक सँगसँगै' योजना



काठमाडौं/ सानिमा बैंकले अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर 'बचत र क्यासब्याक सँगसँगै' नामक योजना ल्याएको छ। बैंकले चैत १ गतेसम्मका लागि योजना ल्याएको हो।

योजना अवधिभर नारी बचत खाता खोल्ने ग्राहकलाई बैंकले निःशुल्क डेबिट कार्ड र मोबाइल बैंकिङ जारी गरिने जनाइएको छ। साथै, उक्त ग्राहकलाई कार्ड वा क्युआर कोडबाट गरिने पहिलो भुक्तानीमा १० प्रतिशत वा अधिकतम पाँच सय रुपैयाँसम्मको क्यासब्याक प्रदान गरिने उल्लेख छ। क्यासब्याक योजना भने १७ चैतसम्मका कारोबारमा लागू हुने जनाइएको छ। बैंकले हाल देशका सातै प्रदेशमा एक सय ३० कार्यालय तथा एक सय २३ एटिएममार्फत बैंकिङ सेवा दिइरहेको जनाएको छ।

प्रभु इन्स्योरेन्सको ७.०५ प्रतिशत लाभांश पारित



काठमाडौं/ प्रभु इन्स्योरेन्स लिमिटेडले सेयरधनीका लागि वितरण प्रस्ताव गरेको ७ दशमलव शून्य ५ प्रतिशत लाभांश पारित भएको छ। कम्पनीको २७औँ वार्षिक साधारणसभाले मंगलबार ६ दशमलव ७ प्रतिशत बोनस सेयर तथा कर प्रयोजनका लागि शून्य दशमलव ३५ प्रतिशत लाभांश वितरण प्रस्ताव पारित गरेको हो।

साधारणसभाले आव ०७८/७९ को आर्थिक प्रतिवेदन पनि पारत गरेको जनाइएको छ। साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कम्पनीका अध्यक्ष कुसुम लामाले कम्पनीले व्यवसाय वृद्धिसँगै संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै समग्र रूपमा बिमा क्षेत्रमा देखिने जोखिमलाई व्यवस्थापन तथा न्यूनीकरण गर्नेतर्फ ध्यान दिई कार्य अगाडि बढाइरहेको बताए। कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत समाजसँग प्रत्यक्ष जोडिएर काम गर्ने र समुदायहरूको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन तथा उत्थानमा अग्रसर हुने नीतिलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको र यसलाई भविष्यमा पनि निरन्तरता दिइने उनको भनाइ थियो।

साधारणसभामा विभिन्न सेयरधनीले आफ्नो मन्तव्य, जिज्ञासा र सुझाव प्रस्तुत गर्दै कम्पनीको समग्र प्रगति सन्तोषजनक रहेको बताएको कम्पनीले जनाएको छ। त्यस्तै, वार्षिक साधारणसभामा पेस भएका सामान्य तथा विशेष प्रस्तावहरू बहुमतले पारित भएको जनाइएको छ।

नेपाल प्रहरीलाई महालक्ष्मी विकास बैंकको सहयोग

नयाँ पत्रिका
काठमाडौं, २३ फागुन

महालक्ष्मी विकास बैंक लिमिटेडले प्रहरी वृत्त मालीगाउँ र जिल्ला प्रहरी कार्यालय, टेकु, काठमाडौंलाई सुरक्षासम्बन्धी सामग्री सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक दायित्वअन्तर्गत प्रहरीलाई सहयोग गरेको हो।

बैंकको केन्द्रीय कार्यालयले प्रहरी वृत्त मालीगाउँलाई चेकिङ बोर्ड, सामाजिक जनचेतनामूलक पुस्तिका, आवश्यक सम्पर्क नम्बरसहितको स्टिकर र मास्क हस्तान्तरण गरेको जनाएको छ। मालीगाउँ वडा क्षेत्रवरपरको सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन र रात्रिकालीन समयमा प्रहरी चेकिङ गर्न सहयोग पुऱ्याउने उद्देश्यले आवश्यक सामग्री सहयोग गरेको जनाइएको छ। सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र, नक्सालका अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ र प्रहरी वृत्त मालीगाउँका वरिष्ठ प्रहरी नायब निरीक्षक वसन्त थापालाई बैंकको निक्षेप बजारीकरण तथा कर्पोरेट सम्पर्क विभागका प्रमुख वसन्त बक्सीले उक्त सामग्री हस्तान्तरण गरेको उल्लेख छ।



त्यसैगरी, बैंकको शंखमूल शाखाले जिल्ला प्रहरी कार्यालय टेकुलाई फ्लोरेसन ज्याकेट हस्तान्तरण गरेको जनाइएको छ। रात्रिकालीन समयमा सडकमा खटिएका प्रहरीहरूको जोखिम व्यवस्थापनमा सहयोग पुऱ्याउनका लागि बैंकले उक्त सहयोग प्रदान गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय, टेकुका प्रहरी उपरीक्षक सीताराम रिजाललाई शंखमूल शाखाका प्रमुख पुण्य श्रेष्ठले उक्त सामग्री हस्तान्तरण गरेको जनाइएको छ।

बाजुरा सदरमुकाम मार्तडीमा फाइबर नेट सेवा सुरु

गगन अयडी/नयाँ पत्रिका
बाजुरा, २३ फागुन

बाजुराको सदरमुकाम मार्तडीमा द्रुत गतिको फाइबर नेट सेवा सञ्चालनमा आएको छ। लामो समयदेखि चलाउँदै आएको नेपाल टेलिकमको एडिएसएल सेवालाई विस्थापित गर्दै फाइबर नेट सेवा सञ्चालनमा आएको हो।

नेपाल टेलिकम बाजुराका निमित्त कार्यालय प्रमुख मानबहादुर रोकायाले एडिएसएल चलाएका ग्राहकलाई पहिलो चरणमा फाइबर नेट वितरण गरिरहेको र केही ठाउँमा सञ्चालनमा समेत आइसकेको बताए। पुराना ग्राहकलाई फाइबरको नेट से वा दिइसकेपछि नयाँ ग्राहकलाई समेत नेपाल टेलिकमको फाइबर नेट सेवा दिने रोकायाको भनाइ छ। अहिले तत्कालै सदरमुकाम मार्तडीमा जडान गरेको फाइबर नेट सेवा केही महिनाभित्र बुढीगंगा नगरपालिकामा समेत सञ्चालन गरिने उनले बताए। निमित्त प्रमुख रोकायाले हाल २५ एमबिपिएससम्म दिन सकिने फाइबर नेटमा इन्टरनेट सेवा, पिएसटिएन फोन सेवा र एनटिभीसमेत चलाउन मिल्ने जानकारी दिए।



केही वर्षदेखि नेपाल टेलिकमले एडिएसएल सेवा सुचारु गरेको भए पनि त्यसले काम चलाउ सेवा मात्र दिएको भए पनि अहिले जडान गरेको फाइबरले राम्रो काम गरेको व्यापारी गोरख बडुवालले बताए। उनले भने, 'बाजुरा सूचनाको पहुँचमा पछाडि थियो। नेपाल टेलिकमले शनिबारदेखि फाइबर जडान गरेपछि सदरमुकाम मार्तडीवासी सहजै सूचनाको पहुँचमा पुगेका छन्।' त्यस्तै, सेवाग्राही धनकृष्ण विकले पनि फाइबर जडान गर्दा बाजुरावासीलाई सूचना प्रवाह गर्न सजिलो भएको बताए। सदरमुकामवासी फाइबर जडानले निकै खुसी देखिएका छन्।

श्रीनाथकोट हेल्थ पोष्ट
सिरानचोक गाउँपालिका, श्रीनाथकोट, गोरखा

क्याटलग विधिबाट खरिद गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/११/२४

यस हेल्थ पोष्टको लागि एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को खण्ड ८ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको अधिकारिक विक्रेताहरु बिचमा मात्र निर्धारित दरमा प्रतिस्पर्धा गराई (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संग्लग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल बमोजिम कागजात सहित यस कार्यालयमा निवेदन गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Description	Quality
1.	Ambulance: RHD/ 4WD hardtop jeep tyre vehicle suitable to operate in rough and hilly road condition of Nepal, displacement capacity of the engine 1900 cc. power output not less than 60 BPH @ optimum rpm and max. torque not less than 110 NM @ governed rpm, manual shift at least five forward & one reverse speed, min. ground clearance 180 mm & minimum 1-year warranty after date of acceptance.	1

संलग्न हुनुपर्ने कागजातहरु:
१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.व. २०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. फर्म/कम्पनीको प्रतिनिधी नियुक्त गरेको संकलन पत्र
(नोट : थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।)

नबिल बैंक लिमिटेड, नारायणगढ शाखा, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। यस बैंकको सुरक्षणमा रहेको सवारी साधन तथा उपकरण तपाई स्वयंले बैंकलाई सम्पर्क गरी हस्तान्तरण गरी दिनुहुन अनुरोध गरिन्छ, अन्यथा बैंकले जुनसुकै बखत उक्त सवारी साधन तथा उपकरण नियन्त्रणमा लिन सक्ने व्यहोरा समेत जानकारी गराउँदछौं।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०७७/१०/२९ मा दर्ता नं. २५५६५६/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री जखडी दुवानी सेवा प्रा. लि.** ।
ठेगानाः नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला विनयीत्रिवेणी गा. पा. वडा नं. ०४, जखाडी, नवलपरासी ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धन बहादुर जि.सी.को नाति मान बहादुर जि.सी.को छोरा नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं.३६३०३६-१४ (जारी मितिः २०७०/०२/१५, स्थान नवलपरासी) भएका **श्री विनोद जि.सी.** ।
२. तोल बहादुर पछाई क्षेत्रीको नाति मिन बहादुर पछाई क्षेत्रीको छोरा नवलपरासी जिल्ला धुरकोट गा.वि.स वडा नं. २ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं.९४७७ (जारी मितिः २०५५/५/२४, स्थान नवलपरासी) भएका **श्री सोप बहादुर पछाई क्षेत्री** ।
३. चित्र बहादुर जि.सी.को छोरी मिन बहादुर पछाई क्षेत्रीको बुहारी सोप बहादुर पछाई क्षेत्रीको श्रीमती नवलपरासी(ब सु पु) जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ११०१० (जारी मितिः २०५५/०९/२९, स्थान नवलपरासी) भएकी **श्रीमती सरीता देवी पछाई क्षेत्री** ।
४. मिन बहादुर पछाई क्षेत्रीको नाति सोप बहादुर पछाई क्षेत्री को छोरा नवलपरासी जिल्ला धुरकोट गा.वि.स वडा नं. २ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ३६२०३६/७८३ (जारी मितिः २०७३/०८/२०, स्थान नवलपरासी) भएका **श्री जीवन पछाई** ।
५. मिन बहादुर पछाई क्षेत्रीको नाति सोप बहादुर पछाई क्षेत्री को छोरा नवलपरासी (ब सु पू) जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ३६-०२-७५-००३६० (जारी मितिः २०७५/०१/१३, स्थान नवलपरासी) भएका **श्री शंकर पछाई** ।
६. जौगिया थारुको नाति रुक बहादुर थारु को छोरा नवलपरासी जिल्ला प्रसौनी गा.वि.स वडा नं. ६ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ३६२०३२/१२६३ (जारी मितिः २०७१/१२/२३, स्थान नवलपरासी) भएका **श्री गंगा राम चौधरी** ।

धितोको विवरण:

धितोमा रहेको घर/जग्गाको विवरण:
नवलपरासी जिल्ला धुरकोट गा.वि.स वडा नं. २ स्थायी घर भई हाल नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ५ बस्ने **श्री सोप बहादुर पछाई क्षेत्री**को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला धुरकोट गा.वि.स. वडा नं. ०१ सिट नं. १ कित्ता नं ५०५ को क्षेत्रफल ६०७३.८४ वर्ग मिटर का घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

सवारी साधनको विवरण:
१. ऋणी **श्री जखडी दुवानी सेवा प्रा. लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. क्रमशः लु. २ ख. ४४११ र लु. २ ख. ४४१२ भएको TATA Tipper.
२. ऋणी **श्री जखडी दुवानी सेवा प्रा. लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. क्रमशः ग. २ ख. ७६५ ग. २ ख. ७६६, ग. २ ख. ७६७, ग. २ ख. ७६८ भएको TATA Tipper.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

५५ महिनामा...

पृष्ठ १ बाट क्रमशः

झाडीमा लगे । शरीरबाट कपडा उतारे । अनि बलात्कार गरे । घटना सार्वजनिक हुने डरले उनले खातुनको घाँटीमा सलको पासो कसे र पेचकसले टाउकोमा प्रहार गरेर खातुनको हत्या गरे । शव लगेर झाडीमा लुकाएर अन्सारी घर लागे ।

खातुनको गाउँमा खोजी हुन थालेपछि अभियुक्त अन्सारी पनि स्थानीयसँगै खोजीमा निस्किए । उनले नै खातुनको शव प्रहरीलाई देखाएर अनुसन्धानमा सघाएको नाटक गरे । जब प्रहरीले उनको शंकास्पद गतिविधिमाथि निगरानी गऱ्यो, त्यसपछि खातुनको हत्या उनैले गरेको खुल्यो ।

घटनाको अनुसन्धानमा संलग्न जिल्ला प्रहरी कार्यालय महोत्तरीका तत्कालीन प्रमुख एसपी कृष्ण पंगेनीले भने, 'मृतकको श्रीमान् विदेशमा छन् । अभियुक्त गँजडी हुन् । उसले ती महिलालाई पटक-पटक जिस्क्याउने गर्थ्यो । घटनाको दिन महिला खेतबाट घर एक्लै फर्कँदै थिइन् । अभियुक्तले देख्यो र समातेर बलात्करपछि हत्या गरेको देखिन्छ ।'

हत्यासँग सम्बन्धित यी तीनवटै घटना उदाहरण मात्रै हुन् । नेपाल प्रहरीको तथ्यांकअनुसार पछिल्लो ५५ महिनामा देशभर एक हजार एक सय ६ महिलाको हत्या गरिएको छन् । त्यसमध्ये एक सय ३४ बालिका छन् । यस अवधिमा सबैभन्दा धेरै मधेस प्रदेशमा दुई सय ४५, कोसीमा दुई सय २९, लुम्बिनीमा दुई सय नौ, बागमतीमा एक सय नौ, गण्डकीमा ९०, सुदूरपश्चिम ८७, उपत्यकामा ६९ र कर्णालीमा ६८ महिलाको हत्या भएको छ । मारिनुका कारण पहिल्याउँदै जाँदा अधिकांश घटना यौन र सोही विषयवरिपरि गएर टुंगिन्छ ।

प्रहरीको तथ्यांकअनुसार चालू आर्थिक वर्षको सात (साउनदेखि माघसम्म) महिनामा १० हजार नौ सय ८६ महिलाविरुद्धका अपराधका घटना भएका छन् । यसअनुसार दैनिक ५२ भन्दा धेरै घटना हुने गरेको देखिन्छ । आव ०७८/७९ मा २१ हजार चार सय ५१, आव ०७७/७८ मा १८ हजार नौ सय ५१, आव ०७६/७७ मा १५ हजार सात सय ५६ र ०७५/७६ मा १९ हजार तीन सय चार घटना भएको प्रहरीको तथ्यांक छ ।

नेपाल प्रहरीका केन्द्रीय सहप्रवक्ता एसएसपी दीपेन्द्र जिसीले महिला मारिनुका अनेक कारणमध्ये एउटा यौन रहेको बताए । 'तथ्यांक हेर्दा पछिल्ला दिन धेरै महिला मारिएका छन् । यसका पछि अनेक कारण छन् । जसमध्ये एउटा यौन हो । महिला बलात्कृत हुन्छिन् । अपियभुक्तले घटनालाई छोप्न खोज्छ । यही कारण पनि हत्या भएका छन् । प्रहरीले गरेका अनुसन्धानबाट यी घटना पुष्टि भएको देखिन्छ,' उनले भने ।

६७ महिनामा महिलाविरुद्ध १,०१,६९२ अपराधका घटना

०७४/७५	१५,२३४
०७५/७६	१९,३०४
०७६/७७	१५,७५६
०७७/७८	१८,९५१
०७८/७९	२१,४५१
०७९/८० माघसम्म	१०,९८६

■ कुन प्रदेशमा कति ?

कोसी	१०,०८८
मधेस	२५,२३४
बागमती	१०,३९४
गण्डकी	८,५८५
लुम्बिनी	१६,२५९
कर्णाली	६,२०७
सुदूरपश्चिम	७,१२९
उपत्यका	१७,७९६

महिला मारिनुमा पुरुषवादी सामाजिक चेत र शक्तिलाई कारण ठान्छिन् समाजशास्त्री नीति अर्याल खनाल । बलात्कार पनि पुरुषवादी सामाजिक चेतकै उपज भएको हुँदा महिला हत्यामा यो कारणका रूपमा आउने उनको तर्क छ । 'महिलाको हत्या कुन कारण भएको हो, त्यसको स्पेसिफिक अध्ययन त भएको छैन । यद्यपि, समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा कहीँ न कतै पुरुषवादी सामाजिक चेत र शक्ति योसँग जोडिएर आउँछ । बलात्कारका पछाडि कारण यही छ । त्यसो हुँदा महिला हत्याको पछि यौन पनि कारणका रूपमा जोडिएर आउन सक्छ,' उनले भनिन् ।

प्रहरीका अनुसार बढ्दो बेरोजगार, सामाजिक सञ्जालको अन्धाधुन्ध प्रयोग, मादक तथा नसालु पदार्थ सेवन, पारिवारिक कलह, सम्पत्ति, दाइजो, वैदेशिक रोजगारीलगायत कारण पनि महिला हत्यासँग जोडिने विषय हुन् । 'महिला मारिनुका पछाडि यौनसँगै अन्य कारण पनि देखिन्छन् । जस्तो समाजमा बेरोजगारी बढ्दो छ । सामाजिक सञ्जालको अन्धाधुन्ध प्रयोग बढेका छन् । मादक पदार्थ सेवन उत्तिकै छन् । दाइजो तथा सम्पत्ति प्राप्तिका कारण पारिवारिक कलह बढेका छन् । जसले मानिसमा तनाव पैदा गराइदिएको छ । महिला मारिनुमा यी पनि कारण रहेको देखिन्छ,' प्रहरीका सहप्रवक्ता एसएसपी जिसीले भने ।

समाजशास्त्री डा. अर्यालले महिलाविरुद्धका अधिकांश अपराध परिवारभित्रैकै सदस्यबाट भएको अध्ययनबाट देखिने बताइन् । यौनजन्य अधिकांश अपराध पनि चिनजानमा रहेका वा परिवारभित्रकै सदस्यबाट हुने र त्यसलाई लुकाउने क्रममा महिलाको हत्या हुन सक्ने उनको भनाइ छ । 'अपराधपछि उनीहरू त्यस्ता घटना दबाउन चाहन्छन् । यही क्रममा महिलामाथि हिंसा मात्रै होइन, हत्या नै हुने गर्छन् । यस्तै कारणले महिला हत्याका घटना बढेको हुन सक्छ,' उनले भनिन् ।

दाइजो दलनमा नेहा

कक्षा ११ मा पढ्दै थिइन् महोत्तरीकी नेहा चौधरी, जतिवेला उनको भेट डा. सुधीर चौधरीसँग भयो । सामाजिक सञ्जालबाट उनीहरू थप नजिकिए । प्रेम बसेपछि धुमधामसँग विवाह भयो । ५१ लाख नगदसहित नेहाका परिवारले २० तोला सुन दाइजोमा दियो । तर, सुधीरका परिवारले त्यति दाइजोमा चित्त बुझाएन । खटपट चुलियो । सुधीरले नेहामाथि घरेलु हिंसा गर्न थाले । हिंसा चुलिँदै गएपछि नेहा जाहेरी दिन महोत्तरी प्रहरी कार्यालय पुगिन् । प्रहरीले सुधीरलाई पक्राउ गऱ्यो र सम्झाइ-बुझाइ धरौटीमा छाडिदियो ।

फेरि पनि नेहामाथिको यातना रोकिएन । झन् बढ्दै गयो । हुँदाहुँदा सुधीरले नेहालाई कुटपिट गरी घरबाटै निकालिदिए । यसका विरुद्ध नेहाले जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता गरेकी छिन् । सोही उजुरी बोकेर उनी महोत्तरी रामगोपालपुर नगरपालिका पुगिन् । न्यायिक समितिमा जाहेरी दर्ता गर्न खोजिन् । कार्यालय प्रमुख नभएको भन्दै नगरपालिकाले उनको जाहेरी मंगलबार दर्ता गरेको छैन । यता, ग्रान्डी अस्पतालमा कार्यरत डा. सुधीरलाई अस्पतालले कारबाहीस्वरूप सेवाबाट बर्खास्त गरेको छ । दाइजो विवादमा मुछिएपछि सुधीरलाई अस्पतालले सेवाबाट बर्खास्त गरेको हो ।

उपराष्ट्रपति...

पृष्ठ १ बाट क्रमशः

दलहरूले 'वा फरक समुदाय'मा टेकेर उपराष्ट्रपतिमा पनि पुरुष नै उम्मेदवार बनाउने तयारी गरेका छन् । २५ फागुनमा राष्ट्रपति चुनाव सकिएपछि उपराष्ट्रपतिका लागि २७ गते मनोनयन हुँदै छ । आठदलीय गठबन्धनमा उपराष्ट्रपति पद भागबन्डामा पाएको जसपाले प्रमुख सचेतक रामसहाय यादवलाई उम्मेदवार बनाउने तयारी गरेको छ । यादवलाई उपराष्ट्रपति बनाएर रिक्त हुने बारा २ बाट चुनाव लड्ने र संसद् छिर्ने दाउ अध्यक्ष उपेन्द्र यादवको छ । विपक्षी एमालेले भने उपराष्ट्रपति पुरुष वा महिला कसलाई उठाउने भन्ने तय गरिसकेको छैन ।

दलहरूले 'वा फरक समुदाय' भन्ने संवैधानिक शब्दमा टेकेर उपराष्ट्रपति पनि पुरुष नै बनाउनेतिर अग्रसर भइरहँदा निर्वाचन आयोगले फरक लिंग र समुदायको हुनुपर्ने तर्क अघि सारेको छ । राष्ट्रपतिमा पुरुष लिंग निश्चित भएकाले उपराष्ट्रपतिको उम्मेदवार योग्यतामा राष्ट्रपतिभन्दा फरक लिंगका साथै समुदाय पनि फरक हुनुपर्ने मापदण्ड आयोगले बनाएको छ । उपराष्ट्रपतिमा महिला उम्मेदवार हुनुपर्ने र त्यो पनि राष्ट्रपतिमा निर्वाचित समुदायभन्दा फरक हुनुपर्ने मापदण्डमा आयोगले २६ फागुनमा औपचारिक निर्णय गर्दै छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले राष्ट्रपति पुरुष निर्वाचित भए उपराष्ट्रपति महिला हुनुपर्ने आयोगको बुझाइ रहेको बताए । 'संविधानको व्यवस्थालाई राष्ट्रपति एउटा लिंग वा समुदायको छ भने उपराष्ट्रपति अर्को लिंग वा समुदायको हुनुपर्छ भनेर बुझ्नुपर्छ । उम्मेदवारी हुने वेलामा आयोगले उपराष्ट्रपति महिला हुने गरी मापदण्ड तोक्छ । तदनुसार उम्मेदवारी हुन्छ । चित्त बुझेन भने यसमा सर्वोच्च अदालतबाट व्याख्या होला । हाम्रो बुझाइ राष्ट्रपति र उपराष्ट्रपति फरक लिंग र फरक सम्प्रदायको हुनुपर्छ,' उनले भने ।

०७२ मा संविधान बनेपछिको चुनाव र ०७४ को चुनावमा फरक लिंग र समुदायको उम्मेदवारी भएको उल्लेख गर्दै थपलियाले भने, 'संविधानले लिंग वा समुदाय भनेर महिला नभए पनि हुन्छ भन्ने परिकल्पना गरेको भए त त्यतिवेलै व्याख्या हुन्थ्यो । त्यसैले फरक लिंग वा समुदाय भनेको राष्ट्रपतिमा पुरुष उम्मेदवार भएकाले उपराष्ट्रपतिमा महिला मात्रै हुन्छ । समुदायको हकमा जसले राष्ट्रपतिमा जित्छ, त्यसको आधारमा तय गर्छौं ।' संविधानको भावना नै लैंगिक समानता, समावेशी सहभागिता भएकाले संविधानको अक्षर र भावनाको कदर हुने गरी आयोग अघि बढेको थपलियाको भनाइ छ ।

प्रतिपक्षी दल एमालेले पनि संविधानको भावनाअनुसार उपराष्ट्रपतिमा महिला उम्मेदवार उठाउने बताएको छ । 'लैंगिक समानतासहितको सहभागितामा एमाले विश्वास गर्छ । यो संविधानको स्पिरिट पनि यही हो । संविधानको भावनाअनुरूप नै एमालेले उम्मेदवारी अघि सार्छ,' पार्टीको निर्वाचन विभाग उपप्रमुख नीरज आचार्यले भने ।

गठबन्धनको भागबन्डाअनुसार उपराष्ट्रपति पदमा उम्मेदवारी दिने तयारीमा रहेको जसपाले संविधानले पुरुष पनि उम्मेदवार बन्ने ठाउँ दिएको जिकिर गरेको छ । 'सभामुख-उपसभामुखजस्तो अनिवार्य गरेको छैन । वा भनेको महिला बनाए पनि हुन्छ । फरक समुदायको पुरुष पनि बन्न सक्छ,' दलका नेता रामसहाय यादवले भने, 'यद्यपि, उम्मेदवारीबारे हामी कुनै टुंगोमा पुगिसकेका छैनौं ।' सांसद प्रदीप यादवले संविधानभन्दा माथि आयोग नभएकाले महिला नै हुनुपर्छ भन्ने मापदण्ड स्वीकार्य नहुने बताए । 'संविधानले फरक लिंग वा समुदाय भनेर क्लियर गरेको छ । संविधानभन्दा माथि आयोग छैन । संविधान मिचेर निर्णय हुन्छ भने अदालतबाहेक अरू विकल्प छैन । यो विकल्पमा हामी पार्टीभित्र छलफल गरेर अघि बढ्छौं,' उनले भने ।

महिला सशक्तीकरणको मुद्दा उठाउँदै आएकी एमाले सांसद विद्या भट्टराईले समानुपातिक समावेशी सहभागिताले नै महिला राष्ट्रपति र सभामुख पाएको उल्लेख गर्दै संविधानको भावना लैंगिक रूपमा समान सहभागिता भएको बताइन् । 'राज्यको निर्णायक पदहरूमा दुवै लिंगलाई समान हिसाबले अघि बढाउनुपर्छ । संविधानको मर्म यही हो । लैंगिक हिसाबले सशक्त नभईकन समाजलाई विभेदमुक्त गर्न सक्दैनौं,' उनले भनिन्, 'अहिले उपराष्ट्रपति महिला नबनाउने हो भने प्राप्त गरेको महत्त्वपूर्ण कुराहरू गुम्दै जान्छन् ।' समान सहभागितासहितको समावेशी लोकतन्त्रलाई प्रहार गर्ने गरी व्यवहारहरू प्रकट हुन नहुने उनको भनाइ छ ।

संविधानविद् पनि विभाजित

संविधान र कानुनले पुरुष पनि बन्न सक्ने गरी खेल्न ठाउँ दिएका वेला संविधानविद् संविधानको अक्षर र भावनालाई लिएर विभाजित देखिएका छन् ।

संविधानले फरक लिंग वा समुदायको हुने भनेको छ भने राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन ऐनको दफा १६(५) ले उपराष्ट्रपति पदका लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिंग वा समुदायको हो सोभन्दा फरक लिंग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्ने भनेको छ ।

केही संविधानविद्ले संविधानको भावना लैंगिक समानता र समावेशी सहभागिता भएकाले यो हिसाबमा बुझ्नुपर्ने तर्क गरेका छन् । केहीले संविधानमै वा भनेकाले महिला बाध्यकारी नहुने जिकिर गरेका छन् ।

संवैधानिक कानुनका व्याख्याता डा. विपिन अधिकारीले लिंग र समुदाय फरक हुनुपर्ने संविधानको भावना भएको बताए । संविधानको धारा ३८ (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता गराउने भनेको उल्लेख गर्दै अधिकारीले राष्ट्रपतिमा पुरुष उम्मेदवार हुँदा उपराष्ट्रपतिमा महिलाको प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए । 'फरक लिंग र समुदाय हुनुपर्ने उद्देश्यले लेखिएको हो । होइन भने यो लेख्नु जरुरी नै थिएन । एउटा मात्र हुने भनेको भए संविधानको मापदण्ड नै पूरा हुँदैन । दुईवटा नै भनिएको हो,' उनको तर्क छ । निर्वाचन आयोगको दृष्टिकोण गलत नभएको भन्दै उनले यसको छिनोफानो अदालतबाटै हुने बताए । संविधानमा दर्जनौं ठाउँमा समावेशिताको कुरा रहेको र भावना स्पष्ट रहेको भन्दै त्यसमा खेलेर एउटा मात्रै हो भनेर व्याख्या गर्न नहुने उनको भनाइ छ ।

विज्ञका रूपमा संविधान निर्माणमा संलग्न संविधानविद् डा. चन्द्रकान्त ज्ञवालीले राष्ट्रपति-उपराष्ट्रपतिमा महिला बाध्यकारी नभएको जिकिर गरे । 'संविधान बनाउँदा यसमा धेरै छलफल चल्यो । सभामुख-उपसभामुखमा महिला अनिवार्य गरियो । तर, राष्ट्रपति-उपराष्ट्रपतिमा महिला वा फरक समुदायको हुन सक्ने परिकल्पना गरेर राखिएको हो,' उनले सम्झिए । संविधानको भावना लैंगिक समानता रहेको स्विकार्दै ज्ञवालीले समानुपातिक समावेशी सहभागिता पनि भनिएकाले महिला मात्र नभई संविधानले संरक्षित गरेको समुदायबाट पुरुष पनि प्रतिनिधित्व हुन सक्ने ठाउँ राखिएको जिकिर गरे ।

संविधानको धारा ४२ को राज्यका नीति निर्देशक सिद्धान्तले राज्यका हरेक तहमा समान लैंगिक सहभागिताको व्यवस्था गरेको उल्लेख गर्दै ज्ञवालीले राज्यका तहमा नभनेको जिकिर गरे । संविधानले समान सहभागिताको भावना बोके पनि राज्यका तहमा अनिवार्य गराउन संविधान संशोधनको आवश्यकता उनले औंल्याए । अहिलेकै संवैधानिक व्यवस्थाले राष्ट्रपति-उपराष्ट्रपति पदमा महिला हुनैपर्छ भन्ने आयोगको मापदण्ड त्रुटिपूर्ण रहेको र यसको विस्तृत व्याख्या सर्वोच्चबाट हुने बताए ।

नौ पूर्वसांसद...

पृष्ठ १ बाट क्रमशः



इस्तियाक राईले पनि ल्यापटप फिर्ता नगरेको संसद् सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभाले नयाँ नियमावलीमार्फत समिति गठन गर्ने तर्खर गरिरहँदा संसद् सचिवालयले नयाँ सभापति तथा सदस्यहरूलाई ल्यापटप उपलब्ध गराउनुपर्ने स्थिति छ । पूर्वसांसदबाट फिर्ता ल्याउन सचिवालयले पटकपटक ताकेता गरिरहेको छ । अझै पनि पूर्णरूपमा फिर्ता आइनसक्दा व्यवस्थापनमा सकस हुने चिन्ता पदाधिकारीहरूको छ ।

सचिवालयका एक पदाधिकारीले फिर्ता माग्दा पूर्वसांसदले विभिन्न बहानाबाजी गरिरहेको बताए । 'कानुन बनाउनेहरू नै पालना गर्दैनन् । सात दिनभित्र फिर्ता भइसक्नुपर्ने सुविधा फिर्ता गर्न सचिवालयलाई हम्मेहम्मे नै पर्छ । हामीले पटकपटक ताकेता गर्दा धेरैले फिर्ता गरेका छन् । अझै केहीबाट फिर्ता गराउन सकिएको छैन,' ती पदाधिकारीले भने । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले केही ल्यापटप फिर्ता आउन बाँकी रहेको बताए ।

'माननीयज्यूसँग सम्पर्कमा छौं । आजभोलिमै फिर्ता गर्छौं भन्नुभएको छ,' उनले भने ।

Dhurkot Rural Municipality
Office of the Rural Municipal Executive
Barbot, Gulmi
Lumbini, Province, Nepal

Invitation for Bids

First Date of publication: 2023-03-08

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

S. N	Contract Identification Number	Works of description	Bid Security amount Nrs	Estimated amount with VAT	Bid Security Validity Period	Bid document fee Nrs
1	ODRM-Gulmi-W-SQ-12-079/80	Construction Work of Ward no 1 Irrigation Infrastructure at Dhurkot Rural Municipality-01, Nayagau, Gulmi.	50,000.00	19,86,860.00	75 days	1,000

2. Date of purchasing, submission and opening of bid For ODRM-Gulmi-W-SQ-12-079/80 is:

Last date of submission of bid	Date of opening of bid	Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata)	Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata)
2023-03-23, 12:00 PM	2023-3-23, 13:00 PM	Sunrise Bank Ltd, Barbot Gulmi 0910501307703007	Sunrise Bank Ltd, Barbot Gulmi 0910501307701002

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917, 9843589271, 9867712399.

Chief Administrative Officer

■ चिकित्सा शिक्षाका १४ कार्यक्रम

७,६५९ सिटका लागि ३६,७३४ ले परीक्षा दिँदै, २४५ विदेशी विद्यार्थी

काठमाडौं/ चिकित्सा शिक्षाको स्नातक तहका कार्यक्रममा भर्नाका लागि ३६ हजार सात सय ३४ विद्यार्थीले एकीकृत परीक्षा दिँदै छन् । कुल विद्यार्थीमध्ये दुई सय ४५ विदेशी विद्यार्थी छन्, जसमा सबैभन्दा धेरै भारतका छन् ।

चिकित्सा शिक्षा आयोगले यस वर्ष १४ कार्यक्रमका लागि सात हजार ६ सय ५९ सिट कायम गरेको छ । आयोगका सदस्यसचिव डा. भोजराज शर्मा काफ्लेका अनुसार चिकित्सा शिक्षाका स्नातक तहमा १४ कार्यक्रममध्ये सबैभन्दा बढी १३ हजार ६ सय ८१ जनाले एमबिबिएस अध्ययनका लागि प्रवेश परीक्षा फारम भरेका छन् । आयोगले एमबिबिएसमा एक हजार आठ सय ९५ सिट निर्धारण गरेको छ ।

त्यसैगरी बिएस्सी नर्सिङमा ६ हजार दुई सय ७७, बिडिएसका लागि पाँच हजार ३१ जना प्रवेश परीक्षामा सहभागी हुँदै छन् । बिएस्सी नर्सिङमा एक हजार तीन सय ५०, बिएनएसमा एक हजार तीन सय १० सिट निर्धारण भएका छन् । आयोगले सबैभन्दा कम बी पर्फुजियन टेक्नोलोजीमा पाँच र बिएएसएलपीमा ६ सिट निर्धारण गरेको छ ।

एकीकृत परीक्षामा छिमेकी भारतदेखि संयुक्त राज्य अमेरिकासम्मका नागरिक सहभागी हुँदै छन् । सबैभन्दा धेरै एमबिबिएस अध्ययनका लागि विदेशबाट आएका छन् भने तीमध्ये भारतीय नागरिक धेरै छन् । भारतबाट दुई सय १०, श्रीलंकाबाट चार, माल्दिभ्सबाट तीन, म्यानमार र युएसएबाट एमबिबिएस अध्ययनका लागि एक-एकजना विद्यार्थी आएका छन् ।

एमबिबिएसबाहेकका विषयमा पनि विदेशबाट विद्यार्थी आएका छन् । बिएस्सी नर्सिङमा आठ, बिडिएसमा ६, बिएएमएसमा तीन, बिएनएसमा एक, बिएस्सी-एमएलटीमा चार, बिफार्ममा तीन र बिपिएचमा एकजना विदेशी विद्यार्थी आएका छन् ।

एकीकृत प्रवेश परीक्षामा अधिल्लो वर्षभन्दा धेरै विद्यार्थी सहभागी भएका छन् । अधिल्लो वर्ष झन्डै ३५ हजार स्नातक तकको एकीकृत परीक्षामा सहभागी भएकामा सबैभन्दा बढी एमबिबिएसमा आवेदन दिएका थिए । अहिले एकीकृत परीक्षा पाँच दिन तोकिएको छ भने १४ विषयमध्ये विद्यार्थीले चाहेका पाँच विषयमा परीक्षा दिन पाउने व्यवस्था छ ।

चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयन हुन थालेपछि चिकित्सा शिक्षा आयोगले एमबिबिएस, नर्सिङलगायत स्नातक तहका चिकित्सा शिक्षाका कार्यक्रमको भर्नाका लागि एकीकृत प्रवेश लिन सुरु गरेको हो ।


ऐनअनुसार चिकित्सा शिक्षाको अध्यापन हुने सार्वजनिक शैक्षिक संस्थामा ७५ प्रतिशत विद्यार्थीले छात्रवृत्ति पाउँदै छन् । अन्य निजी शैक्षिक संस्थाले नेपाली लगानी भएकाले १० र विदेशी लगानी भएका शैक्षिक संस्थाले २० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ ।

मोटरसाइकल हरायो

मिति २०७९/१०/२७ गते बिहान १:०० बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमि न.पा.-८ बोडे ब्रम्ह ननि टोलबाट बा.प्र. ०२-०३८ प ६५३८ नम्बरको रातो रंगको X Pulse 200 4V मोटरसाइकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

सबारी धनी: अटो प्वाईन्ट
च्यासिस नं.:MBLLDL068NGF03042
इन्जिन नं. : MC20AHNGF02714
सम्पर्क: 9818613577, 9861745317

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २००५/५/५
स्वर्गारोहण: वि.सं. २०७५/११/११

स्व. लालेचा नेपाली

हाम्रा समकक्षि तथा २० नं. वडाका जनप्रतिनिधि श्रीमती मंगल देवि नेपालीका ससुरा **श्री लालेचा नेपाली**को निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

चन्द्र लाल महर्जन
२० नं. वडा अध्यक्ष
तथा
सम्पूर्ण वडा परिवार

भिडियो प्रतियोगिता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९ माघ २४ गते)

नेपाल दूरसञ्चार प्राधिकरणबाट सुरक्षित इन्टरनेट दिवस (Safer Internet Day, 2023) मनाउने सन्दर्भमा "सुरक्षित इन्टरनेटको लागि हातेमालो" शिर्षकमा भिडियो प्रतियोगिता गर्न लागिएकोले इच्छुक १२ वर्ष देखि १८ वर्ष उमेर समूहका सातवटै प्रदेशका बालबालिका तथा किशोरकिशोरीहरुको सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ । भिडियो प्रतियोगितामा भाग लिन सहभागीहरुले निम्न विषयहरुमा ध्यान दिनुपर्ने छ ।

(१) प्रतियोगीले पठाउने भिडियोको अवधि अधिकतम २ मिनेटसम्मको मात्र हुनुपर्ने छ र भिडियो MP4 Format मा हुनुपर्ने छ ।

(२) विभिन्न प्रदेशका प्रतियोगीले आफ्नो प्रदेश अनुसार तल उल्लेखित इमेल ठेगानामा आफ्नो भिडियो पठाउनु पर्ने छ ।

प्रदेशको नाम	भिडियो पठाउने इमेल ठेगाना
कोशी प्रदेश	ntasidp1@gmail.com
मधेश प्रदेश	ntasidp2@gmail.com
बागमती प्रदेश	ntasidp3@gmail.com
गण्डकी प्रदेश	ntasidp4@gmail.com
लुम्बिनी प्रदेश	ntasidp5@gmail.com
कर्णाली प्रदेश	ntasidp6@gmail.com
सुदूरपश्चिम प्रदेश	ntasidp7@gmail.com

(३) माथि उल्लेखित प्रत्येक विषयमा प्राप्त भिडियोहरुलाई विशेषज्ञ समितिबाट मूल्यांकन गराई प्रत्येक प्रदेशबाट उत्कृष्ट तीन भिडियो छनौट गरिने छ र नगद पुरस्कार वितरण गरिने छ । सहभागी सबै बालबालिका तथा किशोरकिशोरीहरुलाई प्रमाणपत्रको व्यवस्था गरिएको छ ।

(४) भिडियो बनाउँदा व्यक्तिगत, सामूहिक (बढीमा ४ जना सम्मको समूहमा वा बाल क्लब/विद्यालय मार्फत्) बनाउन सकिने छ ।

(५) भिडियो नेपाली वा अंग्रेजी भाषामा बनाउनुपर्ने छ ।

(६) प्रतियोगीको पहिचानको लागि भिडियोमा प्रतियोगीको दृष्य वा फोटो समावेश भएको हुनुपर्ने छ ।

(७) भिडियो पहिले नै अन्त कतै प्रकाशन नभएको हुनुपर्ने छ ।

(८) भिडियो बनाउन विषयगत क्षेत्रभित्र रहेर आफ्नो रुची अनुसारको विषयमा कथा, कविता, गीत, नाटक, वक्तृत्वकला लगायतका रचनाहरुको माध्यमबाट आफ्नो सिर्जनशीलता प्रयोग गरी तयार गर्न सकिने छ ।

(९) भिडियो पठाउदा आफ्नो जन्म मिति खुल्ने परिचयपत्र र फोटोको डिजिटल प्रति समेत पठाउनु पर्ने छ ।

(१०) भिडियो बनाउँदा जाति, भाषा, लिङ्ग, भूगोल वा अन्य कुनै पनि आधारमा आक्षेप लाग्ने वा भेदभाव हुने विषयवस्तु समावेश गर्न पाइने छैन ।

(११) प्रतियोगीले आफ्नो भिडियो मिति २०७९ चैत्र २३ गते राति ११:५९ (6 April 2023, 23:59) भित्र माथि उल्लेखित इमेल ठेगानामा पठाइसक्नुपर्नेछ ।

(१२) प्रतियोगीले थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्न सक्ने छन् ।

नेपाल दूरसञ्चार प्राधिकरण
अनुगमन महाशाखा
जमल, कान्तिपथ, काठमाडौं
फोन : ५३५५४७४
फ्याक्स : ५३५५२५०
Website: www.nta.gov.np

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बुधबार २४ फागुन ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

अञ्जन र अरुणा वर्षका उत्कृष्ट खेलाडी

पल्सर स्पोर्टस् अवार्डमा पुरुषतर्फ फुटबलका अञ्जन विष्ट र महिलामा भलिबलकी अरुणा शाही वर्षका उत्कृष्ट खेलाडी

नयाँ पत्रिका

फुटबलका अञ्जन विष्ट र भलिबलकी अरुणा शाही बजाज पल्सर स्पोर्टस् अवार्ड २०७८ वर्षका उत्कृष्ट खेलाडी घोषित भएका छन् । अञ्जन पुरुष तथा अरुणा महिलातर्फका वर्ष उत्कृष्ट खेलाडी बनेका हुन् । यसपटकको अवार्डमा तीन विधामा फुटबलले बाजी मारेको छ । भलिबलले दुई विधामा उपाधि हात पाऱ्यो । उत्कृष्ट प्रशिक्षकमा नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वप्रमुख प्रशिक्षक अब्दुल्लाह अलमुताइरी बने । अञ्जन आफू उत्कृष्ट हुने क्रममा फुटबलकै किरण चेम्जोङ, क्रिकेटका दीपेन्द्रसिंह ऐरीसँगै कुशल भुर्तेल र ब्याडमिन्टनका प्रिन्स दाहाललाई पछि पार्न सफल भए । अञ्जनले प्रज्ञा भवनमा अवार्ड लिँदै विनाशकारी भूकम्पमा परी निधन भएका पत्रकार सुमन भोम्जनलाई स्मरण गरेका छन् ।

अञ्जनले विश्वकप २०२२ तथा एएफसी एसियन कप २०२३ को छनोटअन्तर्गत समूह बीमा चाइनिज ताइपेईविरुद्ध गोल गरेका थिए । उनले १३औँ साफ च्याम्पियनसिपमा श्रीलंका र बंगलादेशविरुद्ध गोल गरेका थिए । उनी राष्ट्रिय टोलीबाट सर्वाधिक गोलकर्ताको सूचीमा तेस्रो स्थानमा छन् । अञ्जनले राष्ट्रिय टोलीबाट ११ गोल गरेका छन् ।

यसैगरी, वर्ष महिला उत्कृष्ट खेलाडी हुने क्रममा अरुणाले क्रिकेटकी रुविना क्षेत्री, सीता रानामगर, पुष्पा भण्डारी र पुनम रावललाई पछि पारिन् । अरुणाको कप्तानीमा नेपालले लगातार दोस्रोपटक एभिसी एसियन सेन्टुल जोनको उपाधि हात पारेको थियो । नेपालले समूह चरणका पाँच खेल र फाइनलमा उज्वेकिस्तानलाई हराउँदै प्रतियोगितामा अपराजित रही उपाधि रक्षा गरेको थियो । अरुणा च्याम्पियनसिपमा उत्कृष्ट सेटर बनेकी थिइन् । छैटौँ एनभिए कपमा पनि उत्कृष्ट सेटर चुनिएकी अरुणाले ०७६ मा पिपल्स च्वाइसको अवार्ड हात पारेकी थिइन् ।

यसैगरी, वर्षको उत्कृष्ट युवा खेलाडीको उपाधि फुटबलका मनीष डाँगीले पाएका छन् । उनले बक्सिडका छिरिङ वाङ्दी शेर्पा, ब्याडमिन्टनकी रसिला महर्जन, भलिबलकी उषा भण्डारी र फुटबलकी प्रीति राईलाई पाखा लगाउँदै उपाधि हात पारेका हुन् । यसैगरी, पारा एथलेटिक्सको अवार्ड पलेसा गोवर्धन पारा एथ्लिट अवार्डबाट सम्मानित भइन् । उनले जापानमा सम्पन्न पारा ओलम्पिकमा कांस्य पदक प्रतिस्पर्धासम्मको यात्रा तय गरेकी थिइन् । सोही वर्ष उनले बहराइनमा सम्पन्न एसियन युथ पारा गेम्समा एक स्वर्ण जितेकी थिइन् । अन्तर्राष्ट्रिय एसियन खेल पत्रकार अवार्ड कतारका मोहम्मद हेजीले प्राप्त गरेका छन् ।



बजाज पल्सर स्पोर्टस् अवार्ड २०७८ का विजेता । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

ओलम्पियन रघुराज लाइफटाइम अचिभमेन्ट अवार्डबाट सम्मानित

लाइफटाइम अचिभमेन्ट अवार्डबाट ओलम्पियन रघुराज वन्त सम्मानित भएका छन् । २४ वर्षको उमेरमा मिस्टर काठमाडौं बनेका उनी राष्ट्रिय च्याम्पियन स्प्रिन्टर, नेपाल एमेच्योर एथलेटिक्स संघका अध्यक्ष, राष्ट्रिय खेलकुद परिषद्का कोषाध्यक्ष, नेपाल ओलम्पिक कमिटीका महासचिव भए । उनले खेलाडीका रूपमा ओलम्पिकसम्मको उच्चतम यात्रा तय गरेका थिए । एक प्रशिक्षकका रूपमा उत्कृष्ट खेलाडीहरू उत्पादन गरे । उनले फुटबल, रक क्लाइम्बिङ, हक्की, टेबल टेनिस र बक्सिङ खेले । उनको मन पर्ने खेल एथलेटिक्स हो । त्यसमा उनको विधा सय मिटर प्रिन्ट थियो । यस विधामा उनी लगातार सात वर्ष च्याम्पियन भएका थिए । खेल्दाखेल्दै जापान पढ्न गएका वन्तले स्पोर्टस् फिजियोलोजी पढेका थिए ।



वैकुण्ठ मानन्धरले पहिलो दक्षिण एसियाली खेलकुदमा पहिलो स्वर्ण जित्दा वन्त उनका मेन्टर थिए । उनकै प्रशिक्षणमा मानन्धरले लगातार दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जितेका थिए । पछिल्लो समयमा उनकै प्रशिक्षणमा सन्तोषी श्रेष्ठ महिलातर्फ उत्कृष्ट खेलाडी बनेकी छिन् । सन्तोषीले १३औँ सागमा पहिलो महिला एथलेटिक्स खेलाडीको कीर्तिमान रच्दै सागमा स्वर्ण जितिन् ।

भलिबलकी भण्डारीले जितिन् पिपल्स च्वाइस

अवार्डमा एक मात्र विधा भोटिङका आधारमा छिनोफानो हुन्छ । सर्वाधिक भोटिङ हात पार्ने खेलाडी नै पिपल्स च्वाइस अवार्डबाट सम्मानित हुन्छन् । यसपटक भलिबल खेलाडी उषा भण्डारीले सो विधामा बाजी मारेकी छिन् । भोटिङका आधारमा विजेता चयन गरिएको यस विधामा भण्डारीले सर्वाधिक ३८ प्रतिशत भोट पाइन् । उनले फुटबलका अञ्जनलाई पछि पारेकी थिइन् । यसैगरी, पिपल्स च्वाइज अवार्ड जित्दा भण्डारीले क्रिकेटका आसिफ शेख, टेनिसकी अभिलाषा विष्ट र पौडीकी डुवाना लामालाई हराइन् । मनोनयनमा परेका अञ्जन विष्ट ३१.१४ भोटिङ प्रतिशतका साथ दोस्रो स्थानमा रहे । क्रिकेटका शेखले १४.९९ प्रतिशत, अभिलाषा विष्टले ८.३२ प्रतिशत र डुवाना लामाले ७.५० प्रतिशत मत पाएका छन् । भण्डारीले १३औँ दक्षिण एसियाली खेलकुदमा डेब्यु गरेकी थिइन् । त्यसपछि उनले राष्ट्रिय टोलीमा पछाडि फर्केर हेर्नुपरेको छैन । १८ वर्षको उमेरमा उनी आफ्नो क्लब नेपाल पुलिसकी प्रमुख खेलाडी बनिसकेकी छिन् । पछिल्लो दुई वर्ष माल्दिभ्समा क्लब भलिबल प्रतियोगिता खेलेर भण्डारीले थप अनुभव बनाइसकेकी छिन् ।

तामाङलाई स्पेसल अवार्ड

अवार्ड २०७८ अन्तर्गत स्पेसल अवार्ड दानबहादुर तामाङ र मायादेवी मोक्तानलाई प्रदान गरिएको छ । ब्याडमिन्टनका नेपाल च्याम्पियन रत्नजित तामाङ, सरादेवी तामाङ र नङसलदेवी तामाङका बुबाआमा दानबहादुर र मायादेवीलाई स्पेसल अवार्ड प्रदान गरिएको हो । नेपाली ब्याडमिन्टनमा एकछत्र राज गर्न सफल तीनजना यी दिदीभाइलाई सफलता दिलाउनका लागि दानबहादुर र मायादेवी पर्दापछाडिबाट नायक बनेका थिए । भोजपुर बजारका दानबहादुरले आफैँले खेलमैदान बनाएर छोराछोरीलाई प्रशिक्षण मात्र दिलाएनन्, नेपालकै राष्ट्रिय ब्याडमिन्टन च्याम्पियन बनाए । तामाङले भोजपुरलाई नै ब्याडमिन्टन खेलाडी उत्पादन हुने ठाउँको रूपमा नै परिचित गराएका छन् ।

नवप्रवेशी भिडन्तमा चर्च ब्वाइज बलियो



नयाँ पत्रिका

चर्च ब्वाइज युनाइटेडले सहिद स्मारक ए डिभिजन लिगमा लगातार दोस्रो जित निकालेको छ । च्यासल मैदानमा मंगलबार भएको खेलमा चर्च ब्वाइजले अर्को नवप्रवेशी क्लब खुमलटारलाई ३-१ ले हरायो । दोस्रो जितपछि चर्च ब्वाइजले दुई खेलबाट ६ अंक जोडेर शीर्ष स्थानमा उक्लिएको छ ।

पहिलो खेलमा फ्रेन्ड्सलाई १-० ले हराएको खुमलटार दोस्रो खेलमा फिक्का रह्यो । खुमलटारको दुई खेलबाट तीन अंक छ । पहिलो खेलमा चर्च ब्वाइजले नेपाल पुलिसविरुद्ध २-१ को पुनरागमन जित निकालेको थियो । गत वर्ष सहिद स्मारक बी डिभिजन लिगमा चर्च ब्वाइज च्याम्पियन र खुमलटार उपविजेता हुँदै ए डिभिजन लिगमा बढुवा भएका थिए । चर्च ब्वाइजका प्रशिक्षक प्रदीप हुमागाईंले योजनाअनुसार खेल्दा जित प्राप्त भएको बताए । 'हामी योजनाअनुसार खेल्दा सफल भयौँ, खेलाडीले धेरै मिहिनेत गरे,' प्रदीपले भने, 'हामी यो जितका लागि योग्य थियौँ ।'

आशिषको दुई गोल

चर्च ब्वाइजको जितमा आशिष चौधरीले दुई गोल गरे । पहिलो र दोस्रो हाफमा आशिषले गोल गरे । खेलको ११औँ मिनेटमा आशिषले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए । खुमलटारका डिफेन्डर पदम भट्टराई र गोलरक्षक देव लिम्बूबीच तालमेल नमिलेको फाइदा उठाउँदै आशिषले टोलीलाई अग्रता दिलाए । एरिक विष्टले १८औँ मिनेटमा गोल गर्दा चर्च ब्वाइजले २-० को अग्रता लियो । खुमलटारका डिफेन्डरले गरेको गल्तीमा एरिकले सहजै डिबक्सबाट गोल गरे । खेलको ४०औँ मिनेटमा विदेशी खेलाडी मेसौके ओलोमोउले खुमलटारलाई २-१ को अवस्थामा ल्याए । मेसौकेको लिगमा दोस्रो गोल हो । पहिलो खेलमा फ्रेन्ड्सविरुद्ध मेसौकेले विजयी गोल गरेका थिए । चर्च ब्वाइजले ७१औँ मिनेटमा ३-१ को अग्रता बनायो । आशिषले व्यक्तिगत दोस्रो गोल गरे । पहिलो खेलमा एक विदेशी खेलाडी मैदान उतारेको चर्च ब्वाइजले दोस्रो खेलमा गोलरक्षक प्रिसो एनजान्गा र मिडफिल्डर अलुसु बेम्हापलाई मैदानमा उतारेको थियो ।

थ्री स्टार र फ्रेन्ड्स बराबरी

मंगलबार दुई ललितपुरे क्लबबीच रोमाञ्चक भिडन्त भयो । थ्री स्टार र फ्रेन्ड्स क्लब एकआपसमा प्रतिस्पर्धा गर्दा खेलको अन्तिम नतिजा ३-३ को बराबरी निस्कियो । खेलसँगै थ्रीस्टार र फ्रेन्ड्सले तालिकामा अंक खोलेका छन् । पहिलो खेलमा थ्री स्टार एफएफ फुटबल क्लबसँग २-० ले पराजित भएको थियो । फ्रेन्ड्स उद्घाटन खेलमा खुमलटारसँग १-० ले स्तब्ध भयो । एक अंक जोडेको फ्रेन्ड्स दर्शौँ र थ्री स्टार ११औँ स्थानमा छन् ।

विदेशी खेलाडीलाई मैदानमा उतारेका फ्रेन्ड्स र थ्री स्टारबीचको खेल निकै रोमाञ्चक बनेको थियो । थ्री स्टारका लागि मार्टिन कयोडे अजयी, योगेश गुरुङ र प्रदीप लम्सालले गोल गरे । कुशल फुँयाल, अख्तोरबेक उक्तामोभले गोल गर्दा थ्री स्टारका अनिल महर्जनले आत्मघाती गोल गरेका थिए ।

एसियन क्रस कन्ट्रीमा नेपाललाई दुई स्वर्ण

काठमाडौं/ १६औँ एसियाली क्रस कन्ट्रीमा नेपालले दुई स्वर्ण जितेको छ । नेपालले मंगलबार गोकर्ण गल्फ कोर्समा आयोजना भएको एसियाली क्रस कन्ट्रीमा थप चार रजत र एक कांस्य हात पारेको छ । नेपालले पुरुष सिनियरको व्यक्तिगत र टिम इभेन्टसमा स्वर्ण पदक जितेको हो । सिनियर पुरुष १० किलोमिटर दौडमा दीपक अधिकारीले स्वर्ण पदक जिते । यसैगरी, सिनियर महिला र जुनियर महिलामा नेपालले दुई-दुई रजत हात पारेको छ । जुनियर पुरुषतर्फको प्रतिस्पर्धामा नेपालले टिम इभेन्टमा कांस्य पदक जित्यो ।



नेपाल एथलेटिक्स संघले आयोजना गरेको प्रतियोगितामा नेपालले सहभागिता जनाएको आठमध्ये सात इभेन्टमा पदक हात पारेको हो । सिनियर पुरुषमा जापानका डाइची कामिनो दोस्रो भएका छन् । सिनियर पुरुष टिम इभेन्टमा नेपाललाई दीपक, मुकेश र दीपक सुहानले स्वर्ण पदक दिलाएका हुन् ।

यसैगरी, सिनियर महिलातर्फको १० किमि दौडमा नेपालका राजपुरा पछाईले रजत पदक हात पारे । टिम इभेन्टमा पनि नेपालले रजत पदक जित्यो । प्रतियोगिताको जुनियर पुरुष यू-२० को आठ किलोमिटर दौडमा नेपाली टोलीले कांस्य पदक जितेको छ ।

नेपालकी राममाया बुढाले महिला जुनियर ६ किलोमिटर दौडमा रजत पदक जितिन् । प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहालले गरेका थिए । प्रतियोगितामा ११ राष्ट्रका ६५ खेलाडीको सहभागिता रहेको थियो ।

खेल संक्षेप

रत्न समाज प्रिक्वार्टरफाइनलमा

कास्की/ रत्न समाज, शीतल ज्योति युवा क्लब, मिलन टोल, केआइसिबुन र एलजी एकता तेस्रो शीतल ज्योति कप सेभेन ए साइड फुटबल प्रतियोगिताको प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन् । विटीले डेभिज फल्स क्लबलाई २-१ ले हरायो । रत्नले आदर्श युथ क्लब भण्डारढिकलाई २-० ले पाखा लगायो । शीतल ज्योति एले एनएसजेएफ गण्डकीलाई टाइब्रेकरमा ३-१ ले पाखा लगायो । मिलन टोलले ढुँगेसाँघु एएफसीमाथि टाइब्रेकरमा ३-१ को जित निकाल्यो । केआइसिबुनले बारपाक एफसीलाई ४-० र अन्तिम खेलमा एलजीले वाकओभर पाउँदै सीधै प्रि-क्वार्टरफाइनल स्थान पक्का गरेका छन् ।

टेबलटेनिसमा रोनिशा पहिलो

काठमाडौं/ कान्तिपुर पिङपोङ भ्याली क्लब (केपिभिसी)की रोनिशा महर्जनले बृहत् खेलकुद महोत्सवअन्तर्गत ललितपुर जिल्लास्तरीय टेबलटेनिस प्रतियोगिताको महिला एकलमा मंगलबार स्वर्ण जितेकी छिन् । प्रतियोगिताको मंगलबार भएको फाइनलमा रोनिशाले अस्मिता स्कुलकी योङ्गी पौडेललाई ४-३ को सेटमा पराजित गरिन् । प्रतियोगिताको भेट्टान ६० वर्षमाथि पुरुष एकलमा केपिभिसीका जगदीश्वरप्रसाद जोशी पहिलो भए । उनले फाइनलमा एपिएफ क्लबका रोशन प्रधानलाई ३-० को सोझो सेटमा पराजित गरे । प्रतियोगितामा ११ स्पर्धामा एक सय ८० खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ ।

विश्वकप लिग-२ का खेलाडी घोषणा

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत अन्तिम त्रिकोणात्मक एकदिवसीय सिरिजका लागि नेपाली टोलीको घोषणा गरेको छ । ओपनर कुशल भुर्तेल टिममा फर्किएका छन् । सन्दीप जोरा वैकल्पिक खेलाडीमा परेका छन् । नेपाल, युएई र पपुवा न्युगिनीबीच नेपालमा २५ फागुनदेखि विश्वकप लिग-२ को अन्तिम सिरिज हुँदै छ । यो सिरिज नेपालका लागि दुई अर्थमा महत्त्वपूर्ण साबित हुनेछ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने सिरिजका चारमध्ये दुई खेल जिते नेपालको एकदिवसीय मान्यता जोगिनेछ । चारै खेलमा जित हात पारे नेपालले लिग-२ को शीर्ष तीनमा रहँदै १० देशबीच प्रतिस्पर्धा हुने विश्वकप छनोटमा प्रतिस्पर्धा गर्न पाउनेछ ।

नेपाली टोली

रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, प्रतिश जिसी, कुशल मल्ल, आरिफ शेख, सोमपाल कामी, गुल्सन झा, भीम सार्की, ललित राजवंशी

वैकल्पिक- सन्दीप जोरा, श्याम ढकाल, कमलसिंह ऐरी, अर्जुन साउद

यसअघि, नेपालले फागुन पहिलो साता घरेलु मैदानमा स्कटल्यान्ड र नामिबियाबीचको सिरिजको चारै खेलमा जित हात पारेको थियो । लिग-२ को शीर्ष तीन टिम विश्वकप छनोटमा पुग्नेछन् । पुछारका चार टिमले क्वालिफायर प्लेअफ खेल्नुपर्नेछ । विश्वकप लिग-२ मा च्याम्पियन बनेको स्कटल्यान्डले सबै ३६ खेलबाट ५० अंक बनाएको छ । दोस्रो स्थानको ओमानको ४४ अंक छ । स्कटल्यान्ड र ओमान विश्वकप छनोट पुगिसकेका छन् । तेस्रो स्थानको नामिबियाको ३६ खेलबाट ३९ अंक र चौथो स्थानको अमेरिकाको समान खेलबाट ३५ अंक छ । पाँचौँ स्थानमा उक्लिएको नेपालले ३२ खेलबाट ३२ अंक जोडेको छ । युएई ३२ खेलबाट ३१ अंक जोड्दै छैटौँ स्थानमा झरेको छ । पुछारको पिएनजीको ३२ खेलबाट ९ अंक छ ।

सन्दीपले तोडे ब्रेट लीको रेकर्ड

काठमाडौं/ नेपालका लेग स्पिनर सन्दीप लामिछानेले अस्ट्रेलियन बलर ब्रेट लीले एकदिवसीय क्रिकेटमा राखेको एउटा रेकर्ड तोडेका छन् । सन्दीपले लगातार २७ अन्तर्राष्ट्रिय एकदिवसीय खेलमा विकेट लिने कीर्तिमान आफ्नो नाममा लेखाएका छन् । यसअघि यो रेकर्ड लीको नाममा थियो । सन्दीपले दुबईमा मंगलबार भएको आइसिसी पुरुष विश्वकप लिग-२ सिरिजमा युएईविरुद्धको खेलमा विकेट लिँदै विश्वकीर्तिमान आफ्नो नाममा लेखाएका हुन् ।



युएईसँगको खेलमा सन्दीपले ४५औँ ओभरमा आफ्नो अन्तिम स्पेल फ्याँकेका थिए । उनले ओभरको अन्तिम बलमा विकेट लिँदै लगातार २७ खेलमा खेलाडी आउट पार्ने रेकर्ड बनाए । सो खेलमा उनले १० ओभरमा ५२ रन खर्चेका थिए । सन्दीपले सन् २०२० देखि लगातार २७ खेल खेलेका छन् । यी सबै खेलमा कम्तीमा पनि एक विकेट लिएका छन् । अस्ट्रेलियन पूर्वफास्ट बलर लीले सन् २००९ देखि २०११ को अवधिमा लगातार २६ खेलमा विकेट लिएका थिए ।

गत पुसमा पाटनको उच्च अदालतले २० लाख धरौटीमा रिहा भएका सन्दीपले विश्वकप लिग-२ मा लगातार आठ खेलमा विकेट हात पारेका छन् । उनले दुई साताअघि काठमाडौंमा भएको विश्वकप लिग-२ अन्तर्गत स्कटल्यान्ड र नामिबियाविरुद्धको खेलमा उत्कृष्ट प्रदर्शन गरेका थिए । त्यस खेलमा उनले सर्वाधिक १३ विकेट लिए । सर्वोच्च अदालतले उनलाई विदेश जान अनुमित दिएपछि सन्दीप युएईमा भएको सिरिजमा सहभागी भएका थिए । उनले युएईमा तीन खेल खेल्दै विकेट लिए ।

Kalinchok Rural Municipality
Office of the Rural Municipal Executive
Sunkhani, Dolakha
Bagmati Pradesh Nepal

Invitation for Bids

Date of publication : 2079/11/24 (08, March 2023)

1. ***Kalinchok Rural Municipality*** invites sealed bids or electronic bids from eligible bidders for the following project as stated in SN 1 under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of ***Kalinchok Rural Municipality, Office of the Rural Municipal Executive,Sunkhani, Dolakha*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

SN	Name of project	Contract no.	Estimated amount (exclusive VAT), NRs.	Bid Security Amount, NRs.	Bid purchase amount amount, NRs.
1	एक घर एक धारा खाने पानी आयोजना वडा न. ९	KRM/NCB/Works/ Dolakha/22/2079/080	63,46,096.820	1,91,000	3000.00

For further information: (website : kalinchowkmun.gov.np

Chief Administrative Officer

काठमाडौं उपत्यका प्रसारण क्षमता सुदृढीकरण आयोजना फेज २ अन्तर्गतको थिमी-बालकुमारी १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

सार्वजनिक सूचना

(मिति: २०७९/११/२४)

बागमती प्रदेश, भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका तथा ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका र ललितपुर महानगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	नेपाल विद्युत प्राधिकरण, काठमाडौं, ईमेल : neamd@nea.org.np फोन नम्बर:- ०१-४१५३००७
प्रस्तावको व्यहोरा	प्रस्तावित थिमी-बालकुमारी १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका; ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका र ललितपुर महानगरपालिकामा प्रस्ताव गरिएको छ । करिब ७.०९ किलोमिटर लम्बाइको यो आयोजना निर्माणाधीन थिमी सबस्टेसनबाट आरम्भ भई प्रस्तावित बालकुमारी सबस्टेसनमा गएर टुङ्गिनेछ । यसका मुख्य अवयवहरुमा एउटा सबस्टेसन (बालकुमारी) र १३ वटा ज्वाइन्ट पिट हुनेछन् । सबस्टेसन, ज्वाइन्ट पिट, केबल ट्रेन्च निर्माण लागि करिब १.८ हेक्टर जग्गा आवश्यक पर्नेछ ।
प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका	भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिकाको वडा नम्बर १, २, ३, ४, ५ र ६; ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिकाको वडा नम्बर २, ३ र ५, ललितपुर जिल्ला, ललितपुर महानगरपालिकाको वडा नं. ९ ।

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

प्रस्तावकको नाम र ठेगाना	**नेपाल विद्युत प्राधिकरण** **आयोजना व्यवस्थापन निर्देशनालय** **काठमाडौं उपत्यका प्रसारण क्षमता सुदृढीकरण आयोजना फेज २** **थिमी-बालकुमारी १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना** खरीपाटी, भक्तपुर फोन नं.: +९७७-१-६६१५४५७, इमेल: kvtcrp2.nea@gmail.com
	नेपाल विद्युत प्राधिकरण **ईन्जिनियरिङ्ग सेवा निर्देशनालय** **वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाडौं** फोन नं.: ०१-४४३५८००, ०१-४४२६७७२, ईमेल env.social@nea.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com